World Vision

## वर्ल्ड भिजन

वर्ल्ड भिजन बालबालिका, तिनका परिवार र समुदायहरूलाई गरीबी र अन्यायबाट मुक्त हुन सघाउन प्रतिबद्ध एक इसाई राहत, विकास र पैरवी संस्था हो । इसाई मान्यताहरूबाट प्रेरित भएर हामी संसारका सबैभन्दा बढी जोखिममा रहेका मानिसहरूसँग मिलेर काम गर्न प्रतिबद्ध छौं । वर्ल्ड भिजनले धर्म, जातजाति, सम्प्रदाय वा लिङ्गको भेदभाव नगरी सबैको सेवा गर्दछ ।

कोरियाली युद्धबाट पीडित टुहुराहरूको आवश्यकतालाई सम्बोधन गर्न वर्ल्ड भिजन कोरियामा सन् १९५० मा स्थापना भएको हो । अहिले यो संस्था एशिया लगायत संसारका झण्डै सय देशमा बिस्तार भइसकेको छ ।

## वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले नेपालमा पहिलो पटक सन् १९८२ मा स्थानीय लक्षित समूहहरूलाई अस्पताल निर्माण गर्न र स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अनुदान सहयोग गरेर विकास सम्बन्धी कामको शुरुवात गरेको हो । सन् १९८८ को भूकम्पलाई लक्षित गरी वर्ल्ड भिजनले भूकम्प पीडितलाई सहायता उपलब्ध गराउन गैरसरकारी संस्थाहरूलाई सहयोग गऱ्यो । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले औपचारिक रूपमा सन् २००१ मा समाज कल्याण परिषद्सँग साधारण र आयोजना सम्बन्धी सम्झौता गरी दीर्घकालीन विकास कार्यको शुरुवात गऱ्यो । विगत ९ (नौ) वर्षमा सामुदायिक विकासका निम्ति सहायता गरेका छौं र हामी हाल भक्तपुर, रुपन्देही, काठमाडौं, कास्की, कैलाली, लमजुङ, ललितपुर, मोरङ, डोटी, उदयपुर र सुनसरी सहित १२ वटा जिल्लामा कार्यशील छौं ।


## आभार:-

- **प्रकाशन:**
  वर्ल्ड भिजन इन्टरनेशनल नेपाल
- **अनुवाद:**
  रमेश घिमिरे rameshghimi@yahoo.com
- **संकलन तथा सम्पादन:**
  रोहित प्रधान, rohit_pradhan@wvi.org
- **तस्वीरहरू तथा लेआउट:**
  प्रतिज्ञा रेचल खालिङ, pratigya_khaling@wvi.org
- **संरचना सहयोग:**
  दिपेश पल ठाकुर, deepesh_paul_thakur@wvi.org
- **छपाई:**
  सिग्मा जनरल अफसेट प्रेस
  साँचल, सानेपा, ललितपुर
  फोन: ५५५४०२९


INEE

# आपतकालीन अवस्था, जकडिएका संकट र प्रारम्भिक पुन:निर्माण चरणमा प्रत्याभूति हुनुपर्ने शिक्षाको न्यूनतम मापदण्ड



आपतकालीन अवस्थाका लागि अन्तरनिकाय शैक्षिक संजाल (आईएनईई) मानवीय तथा विकास अवधारणा अन्तर्गत संयुक्त रुपमा क्रियाशील रहेको आपतकालीन अवस्था र द्वन्द्वत्तर पुनःनिर्माण समयमा शिक्षाको अधिकार सुनिश्चित गर्न १४०० व्यक्ति तथा सँस्थागत सदस्यहरु रहेको एक विश्वव्यापी संजाल हो । आईएनईई (INEE) को कार्यकारिणि समूहले यस संजालका लागि समग्र नेतृत्व र निर्देशन प्रदान गर्दछ, वर्तमान कार्यकारिणी समूहमा केयर, क्रिश्चियन बालबालिका कोष, अन्तर्राष्ट्रिय उद्धार समिति, सेभ द चिल्ड्रेन एलाएन्स, नर्बेजियन शरणार्थी परिषद्, युनेस्को, यु.एन.एच.सी.आर., युनिसेफ र विश्व बैंक छन् ।

न्यूनतम मापदण्डका लागि आईएनईई कार्यसमूहले आपतकालीन अवस्थामा, जकडिएका संकटमा र प्रारम्भिक पुनःनिर्माण चरणमा प्रत्याभूति हुनुपर्ने शिक्षाको न्यूनतम मापदण्डको विश्वव्यापी कार्यान्वयनमा सहजीकरणको कार्य गर्दछ । न्यूनतम मापदण्डका लागि आईएनईईको कार्यसमूह (सन् २००५-२००८) मा आपतकालीन अवस्था र छिटो पुनःनिर्माणका लागि विशेषज्ञता हासिल गरेका २० वटा शैक्षिक संस्थाहरु रहेका छन्; तिनीहरु शैक्षिक विकास एकेडेमी, बेफारी (BEFARe), केयर भारत, केयर अमेरिका, क्याथोलिक राहत सेवा, शरणार्थी शिक्षाका लागि फाउण्डेशन कोष, फन्डकेशियन डोस मुन्डोस (Fundacion Dos Mundos), जिटिजेड, अन्तर्राष्ट्रिय राहत समिति, फ्रान्सको शिक्षा मन्त्रालय, नर्वेजियन चर्च एड, नर्वेजियन शरणार्थी परिषद्, सेभ द चिल्ड्रेन अमेरिका, युनेस्को, यु.एन.एच.सी.आर., युनिसेफ, यु.एस.ए.आइ.डी. र विश्व बैंक छन् ।

२२ वटाभन्दा बढी विभिन्न संघसंस्था तथा निकायहरुद्वारा आईएनईईलाई यसको स्थापनाकालदेखि नै उपलब्ध गराइएको सहयोगका लागि आभार व्यक्त गर्दछ । यसको पूर्ण विवरणका लागि कृपया आईएनईईको वेबसाईट www.ineesite.org हेर्नु होला ।

आपतकालीन अवस्थाका लागि शिक्षा तथा पुनःनिर्माणका सन्दर्भमा गरिने वकालत, सहयोग तथा कार्यान्वयनका लागि इच्छुक व्यक्ति तथा संघसस्थाका लागि आईएनईई खुला छ । इच्छुकले सदस्यता दर्ताका लागि आईएनईईको वेबसाईट www.ineesite.org उपयोग गर्नुहोला । सदस्यताका लागि कुनै शुल्क वा सदस्यता वापत कुनै दायित्व व्यहोर्नु पर्दैन ।

थप जानकारीका लागि, आईएनईईमा सम्पर्कका लागि ईमेलहरुः :
आईएनईई संजाल संयोजक, coordinator@ineesite.org
आईएनईई न्यूनतम मापदण्डका लागि सम्पर्क विन्दु: minimumstandards@ineesite.org

आईएनईई (INEE)©२००४
पुनःमुद्रितः INEE©२००६

ISBN 1-58030-034-0

प्रतिलिपिका सम्पूर्ण अधिकार सुरक्षित गरिएको छ । यो सामाग्री प्रतिलिपि अधिकार संरक्षित छ तर शैक्षिक उद्देश्यका लागि कुनै पनि माध्यमबाट पुनःमुद्रित गर्न सकिनेछ । उपर्युक्त सबै प्रयोगका लागि औपचारिक अनुमति आवश्यक छ तर सामान्यतया त्यस्तो अनुमति तुरुन्तै प्रदान गरिनेछ । अन्य उद्देश्यका लागि प्रतिलिपि निकाल्न वा कुनै प्रकाशनका लागि पुनः प्रयोग गर्न वा अनुवाद गर्न वा अनुवाद स्वीकार्न प्रतिलिपि अधिकार संरक्षकबाट पूर्व लिखित स्वीकृति लिनु अनिवार्य हुनेछ ।

## पाठक बृन्द,



वकालत, विकास र मानवीयता, आपतकाल र घटनाहरु वर्ल्ड भिजन इन्टरनेशनल नेपाल (डब्लुभीआईएन) का प्राथमिकताप्राप्त क्षेत्रहरु हुन्। जसमध्ये वकालतले जनतालाई खास परिस्थिति प्रति सजग र सचेत बनाउनमा महत्वपूर्ण भूमिका खेल्दछ।

डब्लुभिआईएनले विगतमा कयौं आकस्मिक संकटहरुमा आफ्ना साझेदार संगठनहरुका साथ कार्य गर्नुका साथै अनुभव समेत सँगालेको छ। एउटा ताजा उदाहरणको रुपमा सुनसरी बाढी राहत कार्यक्रम (२००८) लाई लिन सकिन्छ। आपतकाल र संकटको समयमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सक्रिय सहभागिता जनाई कार्यक्रम एवं आर्थिक दुवै हिसाबले योगदान पुऱ्याएको थियो।

आपतकालीन अवस्थाका लागि अन्तर्राष्ट्रिय अन्तर-निकाय शैक्षिक संजालले आपतकालीन अवस्था, जकडिएका संकट र प्रारम्भिक पुनःनिर्माण चरणमा प्रत्याभूति हुनुपर्ने शिक्षाको न्यूनतम मापदण्ड नामक एउटा हातेपुस्तिका प्रकाशित गरेको छ (सन् २००४ मा प्रकाशित, सन् २००८ मा पुनर्मुद्रित)। विपद सम्मुख देश नेपालले विगतमा कैयौं विनाशकारी घटनाहरुको सामना गरेको छ र भविष्यमा यस्ताखाले संकटहरु अझ बढ्नुका साथै काठमाण्डौ उपत्यकामा भुकम्प समेत आउनसक्ने सम्भावना छ।

आपतकालीन अवस्था, जकडिएका संकट र प्रारम्भिक पुनःनिर्माण चरणमा र खासगरी आपतकालमा शैक्षिक क्रियाकलापहरु संचालन गर्नमा यो हातेपुस्तिका एउटा राम्रो सन्दर्भ सामाग्री हुने विश्वास डब्लुभीआईएनले लिएको छ। जकडिएका संकटका समयमा कसरी सावधानी अपनाउन सकिन्छ भन्ने कुरालाई वकालत गर्न, मानिसहरुलाई सावधानी अपनाउन तथा संकटका समयमा आवश्यक न्युनतम मापदण्ड अनुरुप गरिनु पर्ने पूर्वतयारी पूरा गर्न समेत यसले मद्दत पुऱ्याउँछ। प्रस्तुत हातेपुस्तिकाले संगठनहरुमा कार्यरत कर्मचारीहरुलाई संकटकालीन अवस्थामा गरिनु पर्ने कार्यहरु पूरा गर्न आवश्यक क्षमता विकास गर्नमा पनि राम्रो सहयोग पुऱ्याउँछ। यस हातेपुस्तिकाको महत्वलाई दृष्टिगत गरेरै डब्लुभीआईएनले नेपाली समुदाय, शिक्षाकर्मीहरु, नीतिनिर्माताहरु, आपतकाल र संकटको समयमा कार्य गर्ने उद्धारकर्मीहरुलाई लक्षित गरी उनीहरुको अध्ययन, पहूँच र सरल कार्यान्वयनका लागि यसलाई नेपाली भाषामा अनुवाद गर्ने प्रयास गरेको हो।

नेपाली समुदाय, सरकारी अधिकारी एवं विकास साझेदारहरुलाई आपतकालीन संकटको सामना गर्न आवश्यक क्षमता आफुमा रहेको सुनिश्चित गर्नमा नेपाली भाषामा अनुवादित यस हातेपुस्तिकाले वास्तवमै सहयोग गर्ने छ भन्ने कुरामा हामी विश्वस्त छौं। म आईएनईईको विश्वव्यापी समितिको कडा परिश्रमका लागि र यस हातेपुस्तकलाई नेपाली भाषामा अनुवाद गर्न डब्लुभीआईएनलाई स्वीकृति प्रदान गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु। मेरा कर्मचारीजनहरुले यस अनुवादलाई यस अवस्थामा ल्याउन गर्नु भएको कार्य तथा पुऱ्याउनु भएको योगदानका लागि समेत हार्दिक आभार प्रकट गर्दछु।

सफल अध्ययनको शुभकामना सहित,

माइकल फ्रयान्क
राष्ट्रिय निर्देशक
वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

# बिषय सुची


परिचय १

आपतकालीन अवस्थामा शिक्षाका लागि न्यूनतम मापदण्ड १

१. सबै वर्गका लागि साझा न्यूनतम मापदण्डहरु ९

समुदायको सहभागिता (सहभागिता र स्रोतहरु) १२

विश्लेषण (लेखाजोखा, प्रतिकार्य, अनुगमन र मूल्यांकन) १९

परिशिष्ट १: विश्लेषण ढाँचा २९

परिशिष्ट २: आपतकालीन अवस्थाका लागि योजना तर्जुमा: घटना विश्लेषणका लागि सूची ३१

परिशिष्ट ३: सूचना संकलन र आवश्यकताहरु लेखाजोखा प्रश्नावली ३५

२. पहुँच र अध्ययनको वातावरण ४१

परिशिष्ट १: मनोबैज्ञानिक सूची ५२

परिशिष्ट २: विद्यालय खाना कार्यक्रम सूची ५४

३. अध्ययन र अध्यापन ५७

४. शिक्षकहरु र अन्य शिक्षाकर्मीहरु ६९

परिशिष्ट १: आचार संहिता ७७

५. शिक्षा नीति र समन्वय ७९

अनुसूचीहरु ८८

अनुसूची १: शब्दावली ८८

अनुसूची २: सन्दर्भग्रन्थ र स्रोत सामाग्री ९२

अनुसूची ३: आभार १०१

पृष्ठपोषण फाराम १०६

६. वर्ल्ड भिजन इन्टरनेशनल नेपालका आपतकालीन मानवीय उद्धार १०७

७. सफलताका कथाहरु १०८


लेखाजोखा फारामहरु र सूचीहरुको थप सामाग्रीहरु र स्फेयर (SPHERE) मानवीय बडापत्र र स्फेयर मापदण्डको एमएसईई (MSEE) सम्बन्धित सन्दर्भ सामाग्री तथा यू.एन.एच.सी.आर.को शिक्षासम्बन्धी स्थानीय मार्गदर्शनका लागि कृपया http://www.ineesite.org/standards/msee.asp र/वा MSEE सिडिरोम हेर्नुहोला, जुन आईएनईईको वेबसाईटमा उपलब्ध छ ।

# परिचय :
# आपतकालीन अवस्था, जकडिएका संकट र प्रारम्भिक पुन:निर्माण चरणमा प्रत्याभूति हुनुपर्ने शिक्षाको न्यूनतम मापदण्ड

सबै व्यक्ति, बालबालिका, युवा तथा वयस्कहरुको आपतकालीन अवस्थामा शिक्षाको अधिकार रहेको तथ्यलाई आत्मसात गरी आपतकालीन अवस्था, जकडिएका संकट र प्रारम्भिक पुन:निर्माण चरणमा प्रत्याभूति हुनुपर्ने शिक्षाको न्यूनतम मापदण्ड एउटा हातेपुस्तिकाको रुपमा मात्र नभै प्रतिवद्धताको उदघोषण समेत हो जसको विकास व्यापक सहकार्यको प्रक्रिया मार्फत भएको छ । यसले स्फेयर आयोजनाका निम्न मूल विश्वाशहरु प्रतिध्वनित गरेको छ: कुनैपनि संकट वा द्वन्द्वका कारण सृजना हुने मानवीय पीडालाई अन्त गर्न सबै संभाव्य उपायहरु अपनाउने र विपद्बाट प्रभावित समुदायका लागि मर्यादासहित जीवनको अधिकारलाई सुनिश्चित गर्ने ।

## सारांश विवरण

सबै व्यक्तिहरुलाई शिक्षाको अधिकार प्राप्त छ। यो अधिकार धेरै प्रकृतिका अन्तर्राष्ट्रिय सन्धि र लिखतहरुमा उल्लेखित छ, जस्तै: मानव अधिकारको विश्वब्यापि घोषणापत्र, (सन् १९४८) - शरणार्थीहरुको अवस्थासम्बन्धी सन्धि (सन् १९५१) - जेनेभा सन्धि (चौंथो) को युद्धको समयमा निहत्था व्यक्तिको संरक्षणसम्बन्धी प्रावधान - आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि (सन् १९६६), बाल अधिकारसम्बन्धी महासन्धि (सन् १९८९) - र विश्व शिक्षा फोरमको डकार कार्यसंरचना (सन् २०००) ले प्रवर्द्धित सबैका लागि शिक्षाको अवधारणा, आदि ।

शिक्षा एक अधिकार मात्र होइन कि यसले आपतकालीन अवस्था, जकडिएका संकट र छिटो पुन:निर्माणजस्ता समयमा भौतिक, मनोबैज्ञानिक र ज्ञानमूलक संरक्षण प्रदान गर्दछ जुन जीवन बचाउने र जीवन दीगो बनाउने दुवै विषयसँग सम्बन्धित छ । शिक्षाले अध्ययनको सुरक्षित स्थान उपलब्ध गराई जीवन दीगो

बनाउनुका साथसाथै प्रभावित व्यक्तिहरुको पहिचान गर्ने क्षमता र सहयोग समेत उपलब्ध गराउँदछ (विशेष गरी बालबालिका तथा बयस्कहरुको) । संकटको समयमा शिक्षाले स्थिरता, जीवनको सामान्यवस्था, संगठन तथा भविष्यको आशामूखी भावनाहरु उजागर गराई द्वन्द्व तथा विपद्हरुको मनोवैज्ञानिक प्रभाव अल्पिकरण गराउँदछ र भविष्यको आर्थिक स्थिरताका लागि संरचनात्मक आधार तयार पार्दछ । शिक्षाले विभिन्न शोषण तथा विघ्नबाधा विरुद्ध विभिन्न माध्यमद्वारा संरक्षण गरी जीवन पनि बचाउँदछ, साथै थप उदाहरणमा अपहरण, सशस्त्र समूहमा बच्चाहरुको भर्ति तथा यौनजन्य तथा लिंगजन्य हिंसाविरुद्धको संरक्षण पनि प्रदान गर्दछ । अन्तमा, शिक्षाले संकटको समयमा कसरी बाँच्ने भनी सुरक्षित जीवनसम्बन्धी जस्तै विष्फोटक पर्दाथहरुबाट सुरक्षा, एचआईभी एड्सबाट बचावट, द्वन्द्व निवारण र शान्ति निर्माणसम्बन्धी जानकारीहरु प्रदान गरी ज्ञान तथा शीप प्रदान गर्दछ ।

## आपतकालीन अवस्थामा शिक्षा

हालैका वर्षहरुमा आपतकालीन समयमा औपचारिक तथा अनौपचारिक शिक्षाको कार्यक्रमहरु आवश्यक छन् भनी चेतनाहरुको बढोत्तरी भएको छ । लाखौं लाख बालबालिका, युवा तथा वयस्कहरु शैक्षिक निकायहरु तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मानवीय संस्थाहरुका प्रयासहरुबाट लाभान्वित भईरहेका छन् । शिक्षा क्षेत्रलाई विशेष जोड दिए अनुरुप, दुई महत्वपूर्ण मुद्दाहरु अगााडि आएका छन्:

१. कसैले पनि आपतकालीन समयमा शिक्षाको अधिकारलाई हनन नगर्ने मान्यता र त्यस्तो शिक्षा मानवीय बहसको मुल प्रवाहभन्दा बाहिर रहन नसक्ने तर मानवीय प्रतिकार्यको एक प्राथमिकता रहने, र
२. संकटको अवस्थामा शिक्षाको लागि न्यूनतम स्तरको पहुँच, गुणस्तर र उत्तरदायित्व सुनिश्चित गर्न एक व्यापक आधारसहितको ईच्छा र प्रतिवद्धता ।

यसैका लागि आपतकालीन समयमा शिक्षाको लागि विश्वब्यापी न्यूनतम मापदण्ड विकास गर्न सहजीकरण हेतु सन् २००३ मा एउटा कार्यसमूह स्थापना गरिएको थियो । यो प्रयास आईएनईई(INEE) भित्र शुरुआत गरिएको थियो जुन संयुक्त राष्ट्रसंघीय निकायहरु, गैरसरकारी संस्थाहरु, दाताहरु, व्यवसायकर्मीहरु, अनुसन्धानकर्ताहरु तथा प्रभावित समुदायका व्यक्तिहरु समावेश रहेको खुला संजाल हो, जसले संयुक्त रुपमा क्रियाशील भई आपतकालीन तथा द्वन्द्वोत्तर पुनःनिर्माणका समयमा शिक्षाको अधिकारलाई सुनिश्चित गर्दछ । यस संजाल असल अभ्यासहरु, पद्धति तथा अनुसन्धानहरुको संकलन र प्रचार गर्नका लागि जिम्मेवार छ, साथै आपतकालीन अवस्थाद्वारा पीडित समुदायको शिक्षाको अधिकारलाई वकालतको माध्यमद्वारा प्रवर्द्धन गर्न र यसका सदस्यहरु र साभ्रेदारहरुबीच नियमित रुपमा सूचनाहरु आदानप्रदान गर्न क्रियाशील छ । आईएनईई(INEE) ले स्रोतसाधनमा रहेका कमीकमजोरी पनि पहिचान गर्दछ र यस्ता स्रोतसाधनको आईएनईई सदस्य संस्थाहरुद्वारा गठित विशेष समूहद्वारा अभिवृद्धि गर्न प्रोत्साहन गर्दछ ।

यस हातेपुस्तिकामा प्रस्तुत विश्वव्यापी मापदण्डहरु आपतकालीन समयमा शिक्षाका न्यूनतम मापदण्डहरु विकास गर्न व्यापक तथा सल्लाहकारी प्रक्रियाबाट आएका परिणामहरु हुन् । न्यूनतम मापदण्डको लागि आईएनईईको कार्यसमूहले सहजीकरण गरी सन् २००३ पश्चात व्यापक आधारसहितको सरोकारवालाहरुको कार्यबाट मापदण्ड, सूचक तथा मागर्दशर्नहरु विकास गरी आपतकालीन समयदेखि प्रारम्भिक पुन:निर्माणको चरणसम्म प्रत्याभूति गराइने शिक्षाको न्यूनतम पहुँच र सम्बद्ध व्यवस्थाहरुलाई उल्लेख गरेको छ । यसको विकासका मुख्य प्रक्रियागत पक्षहरुमा राष्ट्रिय, उपक्षेत्रीय तथा क्षेत्रीय परामर्शहरु आईएनईईको लिस्ट सर्भ (List-Serve) बाट प्राप्त अनलाईन सल्लाह समकक्षी पुनरावलोकन प्रक्रियाहरु रहेका थिए । प्रत्येक चरणमा संकलित जानकारीहरु अर्को चरणको प्रक्रियाको लागि सूचना दिन प्रयोग गरिएको थियो ।

५० राष्ट्रका २,२५० जना व्यक्तिहरुले यस न्यूनतम मापदण्ड विकासका लागि योगदान गर्नुभएको छ । सन् २००४ को जनवरीदेखि मे महिनाको बीचमा न्यूनतम मापदण्डका लागि आईएनईई कार्यसमूहले अफ्रिका, एशिया, ल्याटिन अमेरिका र मध्यपूर्व तथा यूरोप गरी चारवटा क्षेत्रीयस्तरमा सल्लाह लिने काम गर्‍यो । यस क्षेत्रीय सम्मेलनमा १३१ प्रतिनिधिहरु समावेश थिए जसमा प्रभावित समुदाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरु, सरकारी तथा संयुक्त राष्ट्रसंघीय संस्थाका ५१ देशको प्रतिनिधित्व रहेको यियो । क्षेत्रीय सम्मेलन हुनुअघि प्रतिनिधिहरु तथा आईएनईईका सदस्यहरुबाट ११० वटाभन्दा बढी स्थानीय, राष्ट्रिय तथा उपक्षेत्रीय परामर्श ४७ वटा देशहरुमा सम्पन्न गरियो, जसबाट विभिन्न सल्लाह सुझाव र सूचनाहरु गै.स.सं., सरकारी तथा यू.एन.का प्रतिनिधिहरु, दाताहरु, शिक्षाविदहरु र प्रभावित समुदायका १,९०० प्रतिनिधिहरु लगायत विधार्थी, शिक्षक तथा अन्य शिक्षाकर्मीहरु मार्फत संकलन गरियो । क्षेत्रीय परामर्शका प्रतिनिधिहरुले मापदण्ड, संकेतहरु तथा मार्गदर्शन विकास गर्न राष्ट्रिय तथा स्थानीयस्तरमा सल्लाह लिने काम गर्नुका साथसाथै क्षेत्रीय न्यूनतम मापदण्ड विकासका लागि १०० भन्दा बढी आईएनईईको लिस्ट सर्भ (List-Serve) मा प्राप्त जानकारीहरु प्रयोग गरियो । समकक्षी पुनरावलोकन प्रक्रिया सन् २००४ को गृष्मयाममा सम्पन्न गरियो जसमा ४० जना विज्ञहरु समावेश रहेका थिए जसले क्षेत्रीय मापदण्डहरुको विश्लेषण र परिमार्जन गरी विश्वव्यापी मापदण्डको स्वरुप दिएका हुन् ।

यसरी विकसित भएका न्यूनतम मापदण्डहरुको आधार बाल अधिकारसम्बन्धी महासन्धि, सबैका लागि शिक्षासम्बन्धी डकार कार्यसंरचना, यु.एन. सहस्राब्दी विकास लक्ष्यहरु र स्फेयर आयोजनाका मानवीय बडापत्र हुन् । बाल अधिकारसम्बन्धी महासन्धि, सहस्राब्दी विकास लक्ष्य र सबैका लागि शिक्षा अभियानले कुनै पनि आपतकालीन अवस्थाबाट प्रभावितहरुका लागि समेत गुणस्तरीय शिक्षाको अधिकारको उदघोषण गरेको छ । यस हातेपुस्तिका शिक्षाको पँहुच तथा शिक्षाको अधिकारको न्यूनतम स्तरमा परिपूर्तिको लागि गरिने प्रयासहरुमा एक साधन हुनेछ ।

स्फेयर आयोजनाको विपद् प्रतिकार्यको लागि मानवीय बडापत्र र न्यूनतम मापदण्ड, जुन सन् १९९७ मा मानवीय गै.स.सं.हरु, रेडक्रस, रेड क्रिसकेन्ट आन्दोलनहरुद्वारा जारी गरिएको हो, जसले विपद्बाट प्रभावित जनताहरुले मानवीय सहायताबाट अपेक्षा गर्नसक्ने अधिकारलाई उल्लेख गरेको छ । स्फेयर हातेपुस्तिकामा मुख्य क्षेत्रहरु खानेपानी तथा सरसफाई, खाद्य सुरक्षा, पोषण तथा खाद्य सहयोग, क्याम्प व्यवस्थापन, स्वास्थ्य सेवा मानवीय बडापत्र तथा न्यूनतम मापदण्डमा समाहित गरेको छ । यसले शिक्षा सेवाको क्षेत्रलाई सम्बोधन गरेको छैन ।

यो मानवीय बडापत्र अन्तर्राष्ट्रिय मानवीय कानून, अन्तर्राष्ट्रिय मानव अधिकार कानून, शरणार्थी कानून तथा अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रिसकेन्ट अभियानको आचारसंहिता र विपद्को राहतकालागि गै.स.सं.हरुका सिद्धान्त तथा व्यवस्थाहरुमा आधारित रहेको छ। बडापत्रले मानवीय सहायता कार्य गर्नका लागि आधारभूत सिद्धान्तहरुको वर्णन गर्दछ र सकंटबाट प्रभावित समुदायको अधिकार संरक्षण र सहायता प्राप्तिको विषयलाई थप जोड दिएको छ । साथै यसमा विपद् प्रभावित जनताको मयार्दापूर्ण जीवनको अधिकारलाई पनि दृढतापूर्वक स्वीकारिएको छ । यो बडापत्रमा राज्य पक्ष तथा विद्रोही पक्षले सहायता तथा संरक्षणको अधिकार प्रत्याभूति गर्नुपर्ने कानूनी दायित्वहरुलाई औल्याइएको छ। जब सम्बद्ध पक्षहरु दायित्व निर्वाह गर्न असमर्थ र/वा असक्षम हुन पुग्दछन्, तब तिनीहरु मानवीय संरक्षण तथा सहायताका लागि मानवीय संस्थाहरुलाई अनुमति दिन बाध्य हुन्छन् (www.sphereproject.org).

## आईएनईई न्यूनतम मापदण्ड प्रयोग गर्ने समय

आपतकालीन अवस्था, जकडिएका संकट र प्रारम्भिक पुन:निर्माण चरणमा प्रत्याभूति हुनुपर्ने शिक्षाको न्यूनतम मापदण्ड आपतकालीन प्रतिकार्यमा प्रयोग गर्न बनाइएको हो, र यो आपतकालीन पूर्वतयारी र मानवीय वकालतका लागि समेत उपयोगी हुन सक्तछ। यिनीहरु प्राकृतिक विपद्हरु र सशस्त्र द्वन्द्वहरु जस्ता बृहत प्रकृतिका अवस्थामा लागू हुन सक्तछन् । यस हातेपुस्तिकामा प्रयुक्त आपतकालीन शब्द दुई विस्तृत अर्थमा लिइएको छः प्राकृतिक विपदहरु तथा जटील आपतकालीन अवस्थाहरु, जसको व्याख्या तल दिइएको छ ।

- प्राकृतिक विपद्हरु भन्नाले सामुद्रिक आँधी, टाइफुन, भूकम्प, खडेरी र बाढी लगायतका विपद्हरु बुझिन्छ । केही प्राकृतिक विपद्हरु जस्तै भूकम्प कुनै चेतावनीबिना आउने र छेउछाउका स्थानमा बसोबास गर्नेलाई गम्भिर प्रभाव पार्दछ । अन्यमा जस्तै खडेरी विस्तारै विकसित हुन सक्तछ तर समान रुपमा विनाशकारी प्रभाव पार्दछन् ।
- जटील आपतकालीन अवस्था भन्नाले मानवसिर्जित हुन्छन् र धेरैजसो द्वन्द्व वा सामाजिक अशान्तिबाट सिर्जित हुन्छन्, जुन प्राकृतिक विपद्बाट घनिभूत हुन सक्तछन् । त्यस्तो अवस्थामा जनताको जीवन,

सुरक्षा, समृद्धि र मर्यादाहरु धेरै संकटपूर्ण कारणहरु जस्तै प्राकृतिक वा मानवसिर्जित विपद् र सशस्त्र द्वन्द्वबाट खतरामा पर्न सर्दछन् ।

यस हातेपुस्तिकामा रहेका विषयवस्तुहरु आज्ञात्मक प्रकृतिका होइनन् । विभिन्न तहका (परिवार तह र समुदाय, स्थानीय अधिकारीहरु, मन्त्रालयका पदाधिकारीहरु, दाता संस्थाहरु, कार्यान्वयनकर्ताहरु आदि) साझेदारहरुद्वारा यो न्यूनतम मापदण्डहरु विकास गरिएको र विश्वमा देखिएको आपतकालीन र छिटो पुन:निर्माणको वातावरणमा विकसित भएको हो । आपतकालीन अवस्थामा कसरी राष्ट्रिय सरकार, अन्य अधिकारी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु आपतकालीन स्थितिमा प्रतिकार्य (Response) गर्दा शिक्षाका कार्यक्रमहरु स्थापित गर्ने भनी यस मापदण्डले मार्गदर्शन उपलब्ध गराउँदछ । प्रभावित जनताद्वारा निर्धारण गरिएका तत्कालीन शिक्षाको आवश्यकता बमोजिम स्थानीय समुदायहरु, सरकारहरु, अन्य अधिकारीहरु तथा मानवीय सहायताकर्मीहरुले प्रयोग गर्न सकुन् भनी यो मापदण्ड तयार पारिएको हो ।

## समयसीमा

यस न्यूनतम मापदण्डमा उल्लेखित समयसीमाको प्रयोग अधिकांशत: परिस्थितिमा भरपर्दछ । यिनीहरु बृहत प्रकृतिका आपतकालीन परिस्थितिमा लागू हुन सक्तछन् जुन पूर्व प्रतिकार्यदेखि छिटो पुन:निर्माणको चरणसम्म हुन सक्तछन् र वृहत लक्षित वर्गले प्रयोग गर्न सक्तछन् । यस हातेपुस्तिकामा प्रयुक्त सुचकहरु विश्वव्यापी रुपमा हरेक अवस्थामा लागू हुन सक्तैनन् न त हरेक संभाव्य प्रयोगकर्ताले प्रयोग गर्न सक्तछन् । उल्लेखित मापदण्ड वा सूचकहरुसम्बन्धी उपलब्धि हासिल गर्न हप्ता, महिना वा वर्षौं लाग्न सक्तछ । केही अवस्थामा न्यूनतम मापदण्ड र संकेतहरुको उपलब्धि बाह्य सहायताबिना पनि हाँसिल हुन सक्छन् भने केही अवस्थाहरुमा शिक्षासम्बद्ध पदाधिकारी वा निकायहरुसँगको संयुक्त प्रयास आवश्यक पनि हुन सक्छ । जब यि मापदण्ड वा सूचकहरु लागू गरिन्छन् त्यसबेला सबै सम्बद्ध साझेदारहरु कार्यान्वयन गर्न र परिणाम हाँसिल गर्न समयसीमामा सहमत हुनु जरुरी छ ।

## न्यूनतम मापदण्ड कसरी प्रयोग गर्ने ?

अन्तर्राष्ट्रिय संस्था तथा गै.स.सं. हरुले धेरै थरिका निर्देशिकाहरु र स्रोतसाधनहरु तयार पारेकाछन् जसले शिक्षाकर्मीहरुलाई आपतकालीन अवस्था तथा छिटो पुन:निर्माणका प्रयासमा अध्ययन तथा मनोसामाजिक क्रियाकलापका विभिन्न विविध पक्षहरुमा व्यवहारिक मार्गदर्शनहरु उपलब्ध गराइरहेका छन् । यिनै संस्थाहरुका साथसाथै शिक्षा मन्त्रालय र शिक्षा क्षेत्रका अन्य पदाधिकारीहरुले नीति तथा निर्देशनहरु विकास गरी गुणस्तरीय शिक्षाका कार्यक्रमहरु निर्माण गरी संचालन गर्दै आएका छन् । यो हातेपुस्तिकाले स्थानीय स्तरमा कार्यान्वयन गरिने रणनीतिहरु तथा कार्यक्रमहरु तयार गर्न र कार्यान्वयन गर्न विस्तृत विवरण उपलब्ध गराएको छैन । यद्यपि, यसले न्यूनतम मापदण्डका विषयवस्तुहरु, मुख्य

सूचकहरु तथा मार्गदर्शनहरु प्रस्तुत गरेको छ जसले शैक्षिक सन्दर्भमा मानवीय कार्यका लागि विकास गरिने शैक्षिक कार्यक्रम, तिनको कार्यान्वयन र निरन्तरताका साथसाथै सरकारी र समुदायको सहयोगको बारेमा समेत सूसुचित गर्दछ । न्यूनतम मापदण्डहरु पाँच प्रकारमा प्रस्तुत गरिएका छन् । तिनिहरु निम्न छन्ः

- **सबै वर्गका लागि न्यूनतम साझा मापदण्डहरू** : यो परिच्छेदमा समुदायको सहभागिताको आवश्यक क्षेत्रहरुमा प्रकाश पारिएको छ र यस हातेपुस्तिकामा उल्लेखित मापदण्डहरु कार्यान्वयन गर्दा स्थानीय स्रोतसाधन प्रयोग गर्नुपर्ने कुराका साथसाथै आपतकालीन अवस्थामा शैक्षिक प्रतिकार्यहरु प्राथमिक लेखाजोखामा आधारित हुनुपर्ने जुन उपयुक्त र निरन्तर अनुगमन एवं मूल्यांकन व्यवस्था पनि उल्लेखित छन् ;

- **अध्ययनको लागि पहुँच र उपयुक्त वातावरण** : यसमा अध्ययनका अवसरहरु तथा अन्तरक्षेत्रगत अन्तरसम्बन्धका लागि पहुँच अभिवद्धि गरी सहभागितामा जोड दिइएको छ । जस्तैः स्वास्थ्य, खानेपानी तथा सरसफाई, खाद्य सहयोग तथा पोषण र आवासका माध्यमबाट सुरक्षा, भौतिक, बौद्धिक विकास र मनोवैज्ञानिक समृद्धिको अभिवृद्धि गर्नेे

- **अध्ययन र अध्यापन** : यसमा प्रभावकारी अध्ययन र अध्यापन अभिवृद्धिका सुक्ष्म तत्वहरुको विषयमा प्रकाश पारिएको छ : १) पाठ्यक्रम २) तालिम ३) निर्देशन र ४) लेखाजोखा

- **शिक्षक र अन्य शिक्षाकर्मीहरू** : शिक्षा क्षेत्रको प्रशासन तथा व्यवस्थापनमामा कार्यरत मानव स्रोतको पक्षमा प्रकाश पारिएको छ जसमा भर्ना तथा छनौट, सेवा शर्तहरु र अनुगमन र सहयोगको विषयमा उल्लेखित छ ;

- **शिक्षा नीति र समन्वय** : नीति तर्जुमा र पारित गर्ने, योजना तथा कार्यान्वयन, अुनगमन र समन्वयका विषयमा प्रकाश पारिएको छ ।




## मापदण्डहरू र सूचकहरूका बीच फरक

न्यूनतम मापदण्डहरु प्रभावित जनताको मर्यादापूर्ण जीवनको अधिकारको सिद्धान्तमा आधारित रहेको छ । यिनी हरुले मानवीय सहायताको समयमा हाँसिल गर्नुपर्ने शिक्षाको न्यूनतम पहुँच र अन्य व्यवस्थाका विषयमा व्याख्या गरेको छ । तिनीहरु गुणात्मक प्रकृतिका छन् र विश्वव्यापि एवं कुनै पनि वातावरणमा कार्यान्वयन योग्य रहेका छन् । हरेक मापदण्डका मुख्य सूचकहरुले मापदण्डहरुको उपलब्धि हासिल भए नभएको संकेत गर्दछन् । तिनीहरुले मापन गर्ने उपकरणको रुपमा कार्य गर्नेछन् र कार्यक्रमको प्रभाव (वा परिणाम) हरुका साथसाथै प्रयुक्त प्रक्रिया (वा विधि) हरु संप्रेषण गर्नेछन् । यसमा संख्यात्मक वा गुणात्मक दुवै किसिमको विवरण रहन्छ । मुख्य सूचकहरु विनाको न्यूनतम मापदण्ड असल विवरणसहितको घोषणाबाहेक केही हुन नसक्ने हुन्छ जसलाई कार्यान्वयन गर्न गाऱ्हो हुन्छ । हरेक परिच्छेदमा रहेको मार्गदर्शनहरु निश्चित बुँदाहरुसँग सम्बन्धित रहेकोले विभिन्न समयमा प्रयोग गर्दा ध्यान दिनुपर्नेछ । तिनीहरुले प्राथमिकता प्राप्त मुद्दाहरुमा र व्यवहारिक समस्या समाधान गर्न सल्लाह प्रस्तावित गरेका छन् र विभिन्न द्विविधा, विवाद तथा विद्यमान ज्ञानमा रहेका कमीकमजोरी पनि वर्णन गरेका छन् । निश्चित मुख्य सूचकहरुसँग सम्बन्धित मार्गदर्शनहरु र त्यससँग सम्बद्ध विषयहरु संकेत गरिएको छ । मुख्य सूचकहरु सँधै सम्बद्ध मागदर्शनहरुसँग मिलाएर मात्र अध्ययन गर्नुपर्नेछ ।

## अन्तरसम्बन्धित मुद्दाहरू

यस न्यूनतम मापदण्ड विकासको क्रममा धेरै महत्वपूर्ण मुद्दाहरुलाई सम्बोधन गर्न ध्यान दिइएको छ । यिनीहरु मानव तथा बाल अधिकार, लैंगिक, जनताको सहभागिताको अधिकार, एचआईभी एड्स, अपांगता र संकटासन्नतासँग सम्बन्धित छन् । यी विषयवस्तुहरुलाई छुट्टै अनुच्छेदमा राख्ने होइन कि सम्बन्धित मापदण्डहरुमा नै समाहित गरिएका छन् ।

## कार्यक्षेत्र तथा सीमितता

विभिन्न अनुच्छेदहरुका मापदण्डहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत नभई एकअर्कामा अन्तरसम्बन्धित रहेका छन् । यद्यपि विश्वव्यापी मापदण्डहरु तर्जुमा गर्दा र तिनीहरुलाई व्यवहारमा लागू गर्ने क्षमताका सम्बन्धमा अपरिहार्य रुपमा तनावहरु रहेका छन् । हरेक परिस्थिति फरक छन् । त्यसै कारणले मापदण्ड तर्जुमाको विश्वव्यापी विकास प्रक्रियामा मानवीय सहायताकर्मी, शिक्षाविद्, सरकार, शैक्षिक पदाधिकारी, नागरिक समाज, प्रभावित समुदाय आदीको क्षेत्रीय, राष्ट्रिय र स्थानीय तहमा बृहत र व्यापक सहभागिता सुनिश्चित गरिएको थियो ।

केही उदाहरणहरुमा, स्थानीय तत्वहरुले न्यूनतम मापदण्डहरु आत्मसात गरेको हुनसक्छ तर मुख्य सूचकहरु हाँसिल गर्न नसकिने हुन्छ । जब यस्तो अवस्था देखापर्दछ, तब मापदण्ड र सूचककाबीच रहेको खाडलहरु हातेपुस्तिकामा उल्लेख गरिएका छन् र व्यवहारमा प्रयोग गर्दा देखापरेमा अवश्य व्याख्या गर्नुपर्नेछ र, खाडलहरु उत्पन्न हुनाका कारण र मापदण्ड लक्षमुखी बनाउनका लागि के परिवर्तन गर्नु उपयुक्त हुन्छ भन्ने कुरा पनि व्याख्या गर्नुपर्नेछ ।

आईएनईई न्यूनतम मापदण्डले शैक्षिक प्रतिकार्यका सबै समस्याहरु समाधान गर्दैन् यद्यपि यसले मानवीय सहायता संस्थाहरु, सरकारहरु र स्थानीय जनतालाई शैक्षिक सहायताको प्रभावकारिता र गुणस्तर अभिवृद्धि गर्न एउटा उपकरणको प्रस्ताव गरेको छ । तसर्थ विपद्बाट प्रभावित समुदायको जीवनमा सारभूत फरक ल्याउन सकियोस् ।

# १ सबै वर्गका लागि साझा न्यूनतम मापदण्डहरु

## परिचय

यो परिच्छेदमा छ वटा मुख्य मापदण्डका प्रक्रियाहरुको विषयमा व्याख्या गरिएको छ, जुन यस हातेपुस्तिकाका अन्य हरेक वर्गहरुका अभिन्न अंगका रुपमा रहेका छन् । यी मापदण्डहरु: १) समुदायको सहभागिता, २) स्थानीय स्रोतसाधन, ३) प्रारम्भिक लेखाजोखा, ४) प्रतिकार्य रणनीति, ५) अनुगमन र ६) मूल्यांकन हुन् । तिनीहरु दुईवटा उप-समूहगत शीर्षकमा प्रस्तुत गरिएका छन्, पहिलो समुदायको सहभागिता (सहभागिता र स्रोतसाधन) र दोस्रो विश्लेषण (लेखाजोखा, प्रतिकार्य, अनुगमन र मूल्यांकन) हो । यहाँ उल्लेखित मापदण्डहरु कार्यान्वयन गरी मानवीय सहायताकर्मीहरु र समुदायका सदस्यहरुले पहुँच र अध्ययनको वातावरण, अध्ययन र अध्यापन, शिक्षक र अन्य शिक्षाकर्मीहरु, शिक्षा नीति र समन्वयका क्षेत्रहरुका मापदण्डहरुलाई आत्मसात गर्नेछन् ।

## अन्तर्राष्ट्रिय कानूनी उपकरणहरूसँगको सम्बन्ध

प्रत्येकलाई मर्यादासहितको जीवनको अधिकार हुनेछ र तिनीहरुको शिक्षाको अधिकार सहितको मानव अधिकारको सम्मान गरिनेछ । अन्तर्राष्ट्रिय मानव अधिकार, मानवीय तथा शरणार्थीसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम मानवीय सहायताकर्मीहरुले मानव अधिकारसँग र सहभागिताको अधिकार, भेदभाव नहुने अधिकार र सूचनाको अधिकारसँग तादाम्यता कायम हुने गरी सहायता प्रदान गर्ने जिम्मेवारी हुनेछ । स्फेयर आयोजनाको मानवीय बडापत्र, अन्तर्राष्ट्रिय रेडक्रसको आचारसंहिता, रेडक्रिसकेन्ट आन्दोलन, मानवीय राहतका लागि गै.स.सं. र मानवीय सहायताका संस्थाहरुले आँफै सहायता खोज्नेलाई उत्तरदायी बनाउने जिम्मा लिनेछन् । साझा मापदण्डहरुले संस्थाहरु तथा व्यक्तिहरुले प्रदान गर्ने शैक्षिक सहायताका लागि जिम्मेवारीहरुको रेखांकन गरेको छ ।

## सबै वर्गका लागि साझा न्यूनतम मापदण्डहरूको महत्व

सम्बन्धित प्राविधिक खण्ड पढ्नु अघि समुदायको सहभागिता र विश्लेषणको यस खण्ड पढनु जरुरी र महत्वपूर्ण हुनेछ । यी खण्डहरुमा सबै न्यूनतम मापदण्डहरुका लागि मूलभूत पक्षहरुको समष्टि खाका कोरिएको हुनाले यो प्रासंगिक छ । आपतकालीन अवस्थाको सबै चरणहरुका लागि शिक्षासम्बन्धी तथ्यांकहरुको संकलन र विश्लेषण महत्वपूर्ण छ । योजनाहरु बनाउन र प्रत्यक्ष स्रोतसाधनहरु व्यवस्थित गर्न संकट शुरुहुँदाको समयमा नै स्रोतसाधन, आवश्यकता र अपूर्ण आवश्यकताहरु पहिचान गर्नै पर्दछ ।

आपतकालीन अवस्थामा संचालन गरिने प्रभावकारी शैक्षिक कार्यक्रमहरु परिस्थितिको स्पष्टताका आधारमा मात्र निर्धारण गरी विपद्-प्रभावित समुदायको आवश्यकता पूरा गर्ने खालको हुनुपर्दछ । प्रारम्भिक लेखाजोखाले आपत्कालीन घटनाको प्रकृति र यसले जनतालाई पारेको प्रभाव विश्लेषण गर्नुपर्दछ । प्रभावित समुदायको क्षमताहरु र स्थानीय स्रोतसाधनको उपलब्धता पहिचान गर्नुपर्नेछ र सोही समयमा तिनीहरुको आवश्यकता र संकटासन्नताको आँकलन गरी अत्यावश्यक सेवामा रहेका अपूर्णता पनि आँकलन गरिनेछ । कार्यक्रमहरुको प्रभावकारिता सुनिश्चित गर्न संचालन गरिने शैक्षिक लेखाजोखाका लागि संकटबाट प्रभावित समुदायको अनिवार्य सहभागिता मात्र होइन कि स्थानीय सरकार र शिक्षा तथा गैर-शिक्षामा संलग्न मानवीय सहायताकर्मीहरुलाई समेत सहभागी गराउनु पर्नेछ । लेखाजोखाले विभिन्न प्रकृतिका समुदायका लागि औपचारिक र अनौपचारिक दुवै शिक्षाका सम्बन्धमा विचार पुऱ्याउनै पर्दछ । शिक्षालाई अन्य क्षेत्रबाट अलग राखेर हेर्न सकिँदैन अर्थात अर्थशास्त्र, धार्मिक वा परम्रागत विश्वास, सामाजिक अभ्यास, राजनैतिक वा सुरक्षासम्बद्ध तत्वहरु, समान गर्ने संयन्त्र वा भविष्यका लागि अपेक्षित विकासबाट अलग्गै राख्न सकिदैन् । संकटका कारण र प्रभावहरुको विश्लेषण कार्य जटील छ । यदी समस्या सही तवरले पहिचान भएन र बुझिएन भने उपयुक्त तवरले प्रतिकार्य गर्न कठिनाई हुन्छ ।

प्रतिकार्य धेरै तत्वहरुमा निर्भर गर्दछ, जस्तै सहायताकर्मीहरुको क्षमता, विशेषज्ञाताको क्षेत्र(हरु), आर्थिक सीमितता, स्थान र अवस्थाको ज्ञान, र कर्मचारी तथा सिकारुका लागि सुरक्षा जोखिम । कसले, कहिले, के गर्ने भनी स्पष्ट जानकारी दिन यस हातेपुस्तिकामा प्रतिकार्यका मापदण्डहरु विस्तृत रुपमा तयार पारिएको छ । जब उपयुक्त प्रतिकार्य संयन्त्र निर्धारण गरिन्छ, लक्षित संयन्त्रहरु स्थापित गरिन्छ त्यसले नै सहायताकर्मीहरुलाई आवश्यकतानुरुप निष्पक्ष तथा विनाभेदभाव सहायता वितरण गर्न सहज हुन्छ ।

उद्देश्यनुरुप निरन्तर रुपमा प्रगति मापन गर्न सूचनाको संकलन र विश्लेषणका लागि प्रक्रियाको शुरुआतमै अनुगमन प्रणालीको स्थापना गनुपर्नेछ र जसबाट कार्यक्रमको सान्दर्भिकताहरु भावी परिवेशमा निरन्तर जाँचिने छ । प्रतिकार्यको समयमा वा सोको समाप्ति पश्चात मूल्यांकन कार्य कार्यक्रमको अवधि अनुसार बीचबीचमा निरन्तर रुपमा गर्नुपर्नेछ र कार्यक्रमको समग्र प्रभावकारिता तथा सिकिएका पाठहरु पहिचान गर्नुपर्नेछ जसबाट

भविष्यमा त्यस्तै प्रकृतिका कार्यक्रमहरुमा सुधार हुनसक्नेछ । सम्बन्धित साझेदारहरु तथा सिक्ने व्यक्तिहरुलाई मूल्यांकन प्रक्रियामा सक्रिय रुपमा सहभागी गराउनुपर्नेछ । मूल्यांकन तथा अनुगमनका प्रक्रियाहरु, विषयवस्तुहरु र परिणामहरु यसमा संलग्न भएकाको सुरक्षामा संझौता नगरी पारदर्शी हुनेछन् र लाभान्वित समुदाय तथा अन्य सरोकारवालाहरुलाई व्यापकरुपमा वितरण गरिनेछ । केही अवस्थाहरुमा सूचनाहरु राजनीतिक वा सामाजिक साँस्कृतिक कारणले संवेदनशील हुन्छन्, तसर्थ संग्रहित तथ्यांक वा जानकारीहरु तजविजीपूर्ण तवरले उपयोग गर्नैपर्दछ ।

आपतकालीन अवस्थाका प्रभावकारी शैक्षिक कार्यक्रमहरु संकट प्रभावित समुदायको बारेमा बृहत जानकारीमा र कार्यक्रमको तयारी चरणमा नै तिनीहरुको सक्रिय सहभागितामा आधारित हुन्छ । समुदायको सहभागिता शब्दले प्रक्रिया र क्रियाकलापहरु दुबैलाई जनाउँदछ जसले प्रभावित समुदायको सदस्यहरुको आवाज सुनाउन अनुमति दिन्छ, निर्णय निर्माण प्रक्रियाका अभिन्न अंगको रुपमा संलग्न गराउन सशक्त पार्दछ र शैक्षिक मुद्दाहरुमा प्रत्यक्ष निर्णय गर्न सबल पार्दछ । धेरै तह र मात्रामा सहभागिता हुनसक्तछ (प्रतिकात्मक सहभागिता, सल्लाहकारी र पूर्ण सहभागिता) । यसमा पूर्ण सहभागिताको प्राप्ति आपतकालीन परिस्थितमा धेरैजसो गाऱ्हो हुन्छ जहाँ सल्लाह दिनु आपतकालीन अवस्थाको शिक्षाका लागि लक्षित हुन्छ र पूर्ण सहभागिता नै उद्देश्य रहन्छ ।

अनुभवहरुले देखाएअनुसार प्रतीक सहभागिता एउटा बिर्सिएको अवसर हो र दीगो एवं गुणस्तरीय कार्यक्रम व्यवस्थाका लागि यो अप्रभावकारी छ । संकटासन्न समूहका सदस्य र संकटबाट प्रभावित समुदायका सदस्यको लेखाजोखा, योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन र प्रतिकार्यको अनुगमनमा सहभागितालाई अभिवृद्धि गर्नुपर्दछ जसले विपद् प्रतिकार्यको उपयुक्तता, प्रभावकारिता र गुणस्तरीयता सुनिश्चित गर्न सकोस । समुदायको सक्रिय सहभागिताले समुदायमा आधारित शिक्षाका मुद्दाहरु र रणनीतिहहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्न सहज पार्दछ । अतिरिक्त रुपमा समुदायको सहभागिताले स्थानीय स्रोतसाधनको पहिचान गरी समुदायभित्र परिचालन गर्न रणनीतिक उद्देश्य पूर्ति गर्नुका साथसथै शैक्षिक कार्यक्रमका लागि सहमति र सहयोगको निर्माण समेत गर्दछ । समुदायिक सहभागिताले यथार्थ र दीगो सशक्तिकरण एवं क्षमता विकासलाई समावेश गर्नै पर्दछ, र स्थानीय तहका प्रयासहरुलाई समेत मजबुत बनाउनै पर्दछ ।

ज्ञान तथा सूचनाको प्रतिकार्यमा संलग्न सबैकाबीच व्यवस्थित आदानप्रदान हुनु अत्यावश्यक रहेको छ जसले समस्याको साझा बुझाई र निकायकाबीच प्रभावकारी समन्वय स्थापित गर्दछ । तथ्यांक संकलन एवं विश्लेषण गर्ने विशिष्टिकृत प्रणालीको प्रवर्द्धन गरिनेछ । यसबाट सूचनाहरु सबल रुपमा अभिलेखीकरण, आदानप्रदान र वितरण हुनेछ ।

**न्यूनतम मापदण्डहरू** : यिनीहरुको गुणात्मक प्रकृतिको हुनेछन् र शैक्षिक प्रतिकार्यका व्यवस्थाहरुको न्यूनतम उपलब्धिको स्तर निर्धारित हुनेछन् ।

**मुख्य सूचकहरू** : यिनीहरु संकेतहरु हुन् जसले मापदण्डहरु पुरा भए वा नभएको देखाउँदछन् । यिनीहरुले कार्यक्रम र यसमा प्रयोग गरिएका प्रक्रिया वा विधिहरुले पारेका प्रभाव वा परिणामहरुको मापन र संचार गर्ने उपाय देखाउँछ । यी सुचकहरु संख्यात्मक वा गुणात्मक हुन सक्तछन् ।

**मार्गदर्शन** : यसमा विभिन्न अवस्थाहरुमा कहिले मापदण्ड र सुचकहरु प्रयोग गर्ने, व्यवहारिक समस्या समाधनार्थ उपायहरु र प्राथमिकता प्राप्त मुद्दाहरुका विषयमा सल्लाहजस्ता ध्यान दिनुपर्ने खास बुँदाहरु समावेश रहेका छन् । तिनीहरुमा जटील मापदण्ड वा सूचक सम्बद्ध जटील मुद्दाहरु र द्विविधा, विवादहरु वा वर्तमान ज्ञानका अपूर्ण पक्षहरुको व्याख्या समावेश छ । अनुसूची २ मा छानिएका सन्दर्भ ग्रन्थहरु उल्लेखित छन्, जसले सामान्य विषयहरु र खास प्राविधिक विषयका सूचनाका स्रोतहरु प्रष्ट्याएका छन् ।



## समुदायको सहभागितासम्बन्धी मापदण्ड १ः सहभागिता

आपतकालबाट प्रभावित समुदायका सदस्यहरु सक्रियतापूर्वक शिक्षाका कार्यक्रमहरुको आँकलन, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सहभागी हुने ।

**मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)**

- शिक्षाका क्रियाकलापको प्राथमिकीकरण एवं योजना तयार गर्न आपतकालबाट प्रभावित समुदायबाट चुनिएका प्रतिनिधिहरु सहभागी रहेका र शिक्षाका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चित रहेको । (मार्गदर्शन टिप्पणी १-५ हेर्नुहोला)
- बालबालिका र युवाहरु पनि शैक्षिक क्रियाकलापहरु विकास र कार्यान्वयनमा सहभागी भएको । (मार्गदर्शन टिप्पणी ६ हेर्नुहोला)
- सामुदायिक शिक्षा समितिले शैक्षिक क्रियाकलापहरु तथा तिनको बजेटको सामाजिक परीक्षणको लागि सार्वजनिक बैठकहरु गरेको (मार्गदर्शन टिप्पणी ७ हेर्नुहोला)
- बालबालिका तथा युवाहरुसहित समुदायका सदस्यहरुको लागि शैक्षिक क्रियाकलापहरु व्यवस्थापन गर्न तालिम तथा क्षमता विकासका अवसरहरु उपलब्ध रहेको (मार्गदर्शन टिप्पणी ८ हेर्नुहोला)

### मार्गदर्शन टिप्पणीहरु

१. शिक्षाका कार्यक्रमहरुमा समुदायको प्रतिनिधित्वः सबै न्यूनतम मापदण्डहरुमा उल्लेखित सामुदायिक शिक्षा समितिले समुदायको शिक्षाको आवश्यकता निर्धारण र सम्बोधन गर्न स्थापित समितिलाई जनाउँछ जसमा अभिभावक र/वा अभिभावक शिक्षकको संघ, स्थानीय निकायहरु, नागरिक समाजको संस्थाहरु, सामुदायिक संस्थाहरु र युवा तथा महिलाका समूह, शिक्षक र सिक्ने व्यक्तिहरु वा अन्य सम्बद्धका प्रतिनिधिहरु (जहाँ उपयुक्त हुन्छ) रहन्छन् । सामुदायिक शिक्षा समितिका उपसमितिहरु हुन सक्नेछ जसका सदस्यहरु यसको संरचनामा पनि प्रतिनिधित्व गर्नेछन् । केही उदाहरणहरुमा सामुदायिक शिक्षा समितिहरु एउटा शिक्षा कार्यक्रमका लागि जिम्मेवार रहनेछन् भने कुनै क्षेत्रमा भने केही शिक्षाका कार्यक्रमहरु रहनेछन् ।

अध्ययनको वातावरण विकास एवं व्यवस्थापन गर्नको लागि परिवार, समुदाय तथा विद्यालयको सम्बन्धहरु आपतकालीन अवस्थामा मातापिता वा अभिभावकहरुका माध्यमबाट सबल बनाइनेछ । परिवार, समुदाय र विद्यालयको सम्बन्धहरुको संरचनाहरु सहभागितामूलक प्रक्रियाबाट विकास गरिनेछ । यो प्रक्रिया सामुदायिक शिक्षा समितिहरु, अभिभावक, शिक्षक संघ आदिका साथसाथै

स्थानीय परिस्थिति र समस्याहरु (बच्चाको नेतृत्वमा रहेको घर) सँग सामना गर्न विशेष उपायहरुमा पनि अपनाइनेछ । समुदायमा आधारित प्रक्रियाले संरचनाहरु (यदि पहिले नै स्थापित भएका छैनन् भने) निर्माण गर्न मद्दत गर्नेछन् र स्थानीय संस्कृति तथा शैक्षिक मान्यताहरुलाई पालना गर्ने वर्तमान संरचनाहरु सबल बनाउनेछ र स्थानीय जुध्ने संयन्त्र (संकटसँग) पनि परिष्कृत हुनुपर्नेछ ।

२. सामुदायिक शिक्षा समितिहरुः यसको प्रतिनिधित्व समावेशी हुनुपर्दछ, सहभागिता हुनुपर्ने समूह र संस्थाहरुमा स्थानीय गै.स.सं.हरु, धार्मिक संस्थाहरु, परम्परागत नेताहरु, विशेष शैक्षिक आवश्यकता भएका समूहहरु, सीमान्तिकृत समूहहरु, महिला तथा बालिकाहरु, जातीय समूह एवं विभिन्न उमेरसमूहहरु र अन्य पर्दछन् । प्रतिनिधिहरु प्रजातान्त्रिक पद्धतिबाट चुनिनु पर्दछ । पुनःनिर्माणको चरणमा सामुदायिक शिक्षा समूह बैधानिक रुपमा मान्यता प्राप्त हुनुपर्दछ र औपचारिक संस्थाको रुपमा कार्य गर्न कानूनी रुपमा दर्ता गर्नुपर्दछ । जहाँ उही कार्य जिम्मेवारीकासाथ पहिले नै स्थापित सामुदायिक शिक्षा समितिहरु क्रियाशील रहेका छन्, त्यस्तो समितिहरुलाई अपनाई समानान्तर संस्थाहरु बनाउनु हुँदैन ।

सामुदायिक शिक्षा समितिहरु समावेशी र सन्तुलित हुनुपर्दछ एवं प्रभावित समुदायको विविधिता झल्किने गरी लैंगिक, उमेर, जातीय, धार्मिक र सामाजिक संरचनाहरुका अलावा अन्य पक्षसमेत समावेश गराउनु पर्दछ । महिला तथा बालिकाहरुलाई सहयोग गर्न महत्वपूर्ण भए अनुरुप सामुदायिक शिक्षा समितिहरुमा तिनीहरुलाई विकासको समान साझेदार बनाई समता सुनिश्चित र अभिवृद्धि गरिनु पर्दछ ।

३. भूमिका तथा जिम्मेवारीहरुः सामुदायिक शिक्षा समितिका सदस्यहरुको भूमिका तथा जिम्मेवारीहरु स्पष्ट परिभाषित हुनुपर्दछ र समुदायलाई हरबखत उपलब्ध गराउनु पर्नेछ । यसमा अन्य कुराका अतिरिक्त देहाय कुराहरु समावेश हुनसक्तछन् :

- विभिन्न चासोहरुका मुद्दासम्बन्धमा नियमित बैठक र निर्णयहरु गर्ने,
- बैठकको निर्णयहरु, समुदायको आर्थिक र जिन्सि सहयोग विवरण पुस्तिकामा उल्लेख गर्ने,
- साँस्कृतिक रुपले उपयुक्त पद्धतिहरु उपलब्ध गराउने (जस्तैः लचकपूर्ण विद्यालय सारिणी, समदायको सन्दर्भ झल्काउने शैक्षिक कार्यक्रमका पाठ्यक्रम र समदुायका सदस्यहरुको सहभागिता, आदि), र
- समुदायसँग संचार गर्ने, शिक्षाका कार्यक्रम र/वा राष्ट्रिय तथा स्थानीय अधिकारीहरु मार्फत समुदायका सदस्यहरुकाबीच असल सम्बन्ध विकास

४. शैक्षिक प्रतिकार्यहरु तयार गर्दा समुदायको सहभागिताः सबै सरकारी तथा गैर सरकारी निकायहरु शिक्षाका प्रतिकार्यहरु तयार पार्दा सहमत हुनुपर्नेछ र समुदायको सहभागिता सुनिश्चित गर्न

कार्यविधिहरु निर्माण गर्नुपर्नेछ। यी कार्यविधिहरु प्रथम दिनदेखि नै तत्कालीन प्रतिकार्यको एक अभिन्न अंग हुनेछ र यसमा सहभागितामूलक विधिहरुको उपयोग देहायको कुरा छिटो स्थापना गर्ने कुरा समाहित हुनुपर्नेछः

- विभिन्न उप-समूहहरु (बालबालिका, युवा तथा प्रौढहरु) को तत्कालीन शैक्षिक आवश्यकताहरु,
- उपलब्ध मानवीय क्षमता र समय, साथै आर्थिक ता भौतिक स्रोतसाधनहरु,
- विभिन्न उप-समूहहरुका साथै भाषिक समूहहरुबीचको शक्तिको गतिशीलता,
- सुरक्षाको सीमितता,
- शिक्षाका व्यवस्थाहरुका लागि सुरक्षित स्थानहरु, र
- जीवन बचाउने सम्बद्ध शैक्षिक सूचनाहरु आपतकालीन राहतका सम्पूर्ण पक्षहरुमा एकीकृत गर्ने रणनीतिहरु ।

(विश्लेषण मापदण्ड २, मार्गदर्शन टिप्पणी ५ पृष्ठ २४ तथा शिक्षासम्बन्धी नीति तथा समन्वयसम्बन्धी मापदण्ड २ पृष्ठ २४ पनि हेर्नुहोला ) ।

५. स्थानीय शिक्षा कार्ययोजनाः समुदाय र सामुदायिक शिक्षा समितिले प्राथमिकता निर्धारण गर्न सक्तछ र शैक्षिक क्रियाकलापहरु तल्लोतहको साधारण मानिसको सहभागितामूलक प्रक्रियाद्वारा योजना निर्माण प्रक्रियाको निर्धारण गरी विशेष गरी संकटासन्न समूह र संकटबाट प्रभावित जनताको आवश्यकताहरु, चासो र मूल्यहरुलाई योजनामा प्रतिविम्वित गरिनुपर्दछ। यस योजना प्रक्रियाको परिणाम समुदायमा आधारिक शिक्षा कार्ययोजना हो । यस योजनाले औपचारिक तथा अनौपचारिक शिक्षा सेवा तथा कार्यक्रमहरुको गुणस्तर बढाउन एउटा खाका प्रदान गर्दछ । शिक्षा कार्ययोजनाले धेरै उद्देश्यहरु बोकेको हुन्छ, जुन निम्नबमोजिम छन् तर यसमा मात्र सीमित छैनन्:

- विभिन्न क्रियाकलापहरु, सूचक तथा लक्षहरुको माध्यमबाट अध्ययनको संभावित वातावरण यस्तो प्रकारको हुनुपर्दछ भनी सहकर्मीहरुकाबीच एक साझा दृष्टिकोण विकास गर्ने ।
- सहकर्मीहरुकाबीच अध्ययनको वातावरणको लागि आवश्यक पर्ने सुविधाहरुको सुधारका लागि प्राथमिकताहरु निर्धारण गर्न सहमति र साझा प्रतिवद्धता निर्माण गर्ने ।
- योजनामा निर्धारित लक्ष्यहरु हाँसिल गर्न कार्ययोजनामा स्पष्ट रुपमा विभिन्न सरोकारवालाहरुका कार्य र जिम्मेवारीहरु तोकिएको समयावधि भित्र पूरा हुने गरी उल्लेख गर्ने ।

स्थानीय शिक्षा कार्ययोजनाहरुमा सबै साझेदारहरु लगायत सहायता प्रदान गर्ने निकायहरु, सामुदायिक शिक्षा समितिहरु तथा अन्य शिक्षा कार्यक्रम संचालकहरुका बीच सहक्रियात्मक भूमिकाहरु निर्धारण हुनुपर्दछ । समुदायको व्यापक सहभागितालाई दीगो बनाउन संलग्नताको सँस्कृति निर्माण गरी

मद्दत गर्न र समुदायले निरन्तर अनुगमन तथा लेखाजोखा गर्ने कार्य सुनिश्चितताका लागि कार्ययोजनाहरुमा आचारसंहिता समावेश हुनुपर्दछ । यसमा अन्य विभिन्न क्षेत्रहरु जस्तैः योजना निर्माण, बालबालिकाको संरक्षण, बालिका, महिला तथा संकटासन्न समूहका व्यक्तिहरुको सहभागिता, प्रवर्द्धन अध्ययन तथा अध्यापनका क्रियाकलापहरुको कार्यान्वयन, अनुगमन, स्रोत परिचालन, कर्मचारी भर्ना तथा तालिम, पूर्वाधार विकास र मर्मतसंभार, सम्बद्ध बाह्यसंस्थाबीच समन्वय तथा स्वास्थ्य, सरसफाई, खानेपानी एवं पोषणका उपयुक्त स्थानमा एकीकृत गर्ने उपयुक्त व्यवस्था पर्दछन् । सबै समुदायका सदस्यहरुलाई सूचनाको पहुँच रहेको छ भन्ने कुरा महत्वपूर्ण हुनेछ जसले तिनीहरुलाई सामुदायिक शिक्षा समितिलाई शैक्षिक कार्यक्रमहरु कसरी प्रभावकारी तवरले व्यवस्थापन गर्ने भनी सल्लाह दिन सक्तछन् (शिक्षक तथा अन्य शिक्षाकर्मीहरुसम्बन्धी मापदण्ड २ पृष्ठ ७३ र शिक्षा नीति र समन्वयसम्बन्धी मापदण्ड २ पृष्ठ ८४ पनि हेर्नुहोला)

६. शैक्षिक क्रियाकलापहरुमा बालबालिकाको सहभागिताः बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धीको धारा १२ ले युवावस्थाको जिम्मेवारी निमित्त तयारी हुन बालबालिकालाई तिनीहरुको आफ्नै जीवनलाई प्रभावित पार्ने विषयमा भनाई राख्ने अधिकार प्रदान गरेको छ । यो धारा आपतकालीन अवस्थाका साथै जकडिएका संकट र प्रारम्भिक पुनःनिर्माणकालमा पनि लागू हुन्छ ।

विद्यार्थीहरु/शिकारुहरु, विशेष गरी युवा र वयस्कहरुलाई तिनीहरुलाई प्रदान गरिने शिक्षाको प्रणालीगत व्यवस्थाको विकास र व्यवस्थापनमा सहभागी गराइनुपर्दछ । बालबालिकाहरुलाई विभिन्न अभ्यासहरुमा अनिवार्य रुपमा प्रशिक्षित गर्नैपर्दछ जसले तिनीहरु आफैलाई र अन्य बालबालिकालाई समुदायभित्र सुरक्षित राख्न सक्तछन् । तालिमले तिनीहरु रचनात्मक रुपमा सहभागि हुन सकुन् र सकारात्मक परिवर्तनको शुरुआत गर्न सकुन् भनी जोड दिनुपर्दछ, जस्तैः विद्यालयका क्रियाकलापहरु सुधार्न सल्लाह दिने वा अध्ययनको वातावरणभित्र रहेका शोषणहरुको विषयमा जानकारी दिने वा बचावट गर्ने (पहुँच तथा सिकाइको वातावरण मापदण्ड २ पृष्ठ ४८ र शिक्षक तथा अन्य शिक्षाकर्मीकासम्बन्धी मापदण्ड ३ पृष्ठ ७५ पनि हेर्नुहोला) । आपतकालमा आइपर्ने कार्यहरु (जस्तैः बालबालिका तथा युवाहरुका लागि मनोरन्जनात्मक क्रियाकलाप) गर्न युवा समुदाय विशेष गरी विद्यालय नजानेलाई सहभागी गराउन सकिन्छ जुन समुदायका लागि महत्वपूर्ण रहेका हुन्छन् । यसले नकारात्मक प्रभावहरु जस्तै अपराध, सशस्त्र समूह आदिको विरुद्धमा तिनीहरुलाई सकारात्मक विकल्पहरु प्रदान गर्दछ ।

७. सामाजिक परीक्षणहरु शैक्षिक कार्यक्रमको समुदायमा आधारित मूल्यांकन हुन् । ती परीक्षणहरु मानवीय, आर्थिक तथा भौतिक स्रोतहरुको आपूर्ति, अझै के आवश्यक छ भनी पहिचान गर्न र यथार्थमा के उपलब्ध छ भनी आँकलन गर्न संचालन गरिन्छ र यसले अन्य पक्षहरुका साथै कार्यक्रमको प्रभावकारिताको पनि अनुगमन गर्दछ ।

सामाजिक परीक्षणहरु संकटको शुरुमै वा मध्य चरणमै संचालन गर्न सँधै संभव नहुन सक्तछ। यद्यपि जब संकट स्थीर अवस्थामा रहन्छ (जस्तै लामो समयका जकडिएका संकट वा छिटो पुन:निर्माणको चरण) त्यस्तो समयमा सामाजिक परीक्षणले समुदायहरुका लागि आफ्नै शिक्षाका कार्यक्रमहरु अझ प्रभावकारी रुपले अनुगमन गर्ने क्षमता विकास गर्ने अवसर उपलब्ध गराउँदछ (विश्लेषण मापदण्ड ४ पृष्ठ २६ पनि हेर्नुहोला)।

८. क्षमता विकासः प्रर्याप्त र उपयुक्त तालिम वा सल्लाह बिना समुदायका सदस्यहरुले शैक्षिक क्रियाकलापहरु आफ्नो प्राविधिक क्षमताबाट व्यवस्थापन गर्छन् वा स्वामित्व ग्रहण गर्छन् भनी अपेक्षा गर्नु सही हुँदैन। तालिम कार्यक्रमहरुले समुदायको क्षमता एवं तालिमका आवश्यकताहरु पहिचान गर्ने र तिनीहरुलाई सम्बोधन गर्ने तरिका पनि आँकलन गर्नुपर्दछ। सामुदायिक शिक्षा समितिको क्षमता विकासको अतिरिक्त, उपलब्ध हुने सहयोगको गुणस्तर तथा दीगोपनाका लागि शिक्षाका कार्यक्रमहरुले समदायका सदस्यहरुलाई शैक्षिक क्रियाकलापका कार्यमा सहभागी गराउने र तालिम दिनु पर्दछ।

## समुदायको सहभागितासम्बन्धी मापदण्ड २ः स्रोत

स्थानीय समुदायका स्रोतहरु पहिचान, परिचालन र प्रयोग गरी शिक्षाका कार्यक्रमहरु र अन्य अध्ययनका अवसरहरु कार्यान्वयन गर्ने।

### मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- समुदायहरु, शिक्षाकर्मीहरु र सिकारुहरुले समुदायभित्र रहेका शिक्षाका स्रोतहरु पहिचान गर्ने (मार्गदर्शन टिप्पणी १ हेर्नुहोला)।
- समदायमा रहेका स्रोतहरु शिक्षाको पहुँच, संरक्षण र गुणस्तरीय शिक्षाका कार्यक्रमहरु निमित्त परिचालन गर्ने (मार्गदर्शन टिप्पणी २-३ हेर्नुहोला)।
- साझेदारहरुले समुदायहरुको क्षमतालाई मान्यता दिने र सहयोग उपलब्ध गराउनेछन्, साथै शिक्षाका कार्यक्रमहरु तयारी गर्दा स्थानीय सीपहरु र क्षमताको अभवृद्धिमूलक उपयोग गर्ने (मार्गदर्शन टिप्पणी ४-५ हेर्नुहोला)।

## मार्गदर्शन टिप्पणीहरु

१. सामुदायिक स्रोतहरु भन्नाले समाजमा रहेका मानवीय, बौद्धिक, आर्थिक वा भौतिक स्रोतहरुलाई जनाउँदछ । स्रोत परिचालनलाई अध्ययनको वातावरण सुदृढीकरण गर्न आबद्ध गर्नुपर्नेछ । यसमा भौतिक वातावरण (जस्तैः विद्यालयको निर्माण, मर्मतसम्भारमा भौतिक र श्रमको योगदान) र बौद्धिक एवं भावनात्मक वातावरण (जस्तै शिक्षक वा सहजकर्ताका लागि मनोसामाजिक सहयोग वा संरक्षणका मुद्दाहरुलाई सम्बोधन) पर्न सक्तछन् । पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि निमित्त अभिलेखहरु राखिनेछ (पहुँच तथा अध्ययनको वातावरणसम्बन्धी मापदण्ड २-३ पृष्ठ ४८-५० पनि हेर्नुहोला) ।

२. **पहुँच र सुरक्षाको अभिवृद्धि :** समुदायका सदस्यहरुलाई संकटासन्न समुहभित्रका बालबालिकालाई मद्दत गर्न समय र स्रोत प्रदान गर्न परिचालन गरिनेछ, जसबाट विद्यालयमा भर्ना भई नियमित पठनपाठन हुनेछ, जस्तै महिला वा युवा समूहको प्रयासद्वारा गरीव परिवारका बालबालिकाका लागि उपयुक्त लुगाहरु दिने वा बच्चाले नेतृत्व गरेको परिवारलाई खाद्यान्न दिने । महिलाले बालिकाहरुको विद्यालयमा उपस्थितिको लागि कक्षा सहयोगी, निरुत्साहित गतिविधिका विरुद्ध सुरक्षा प्रदान गरेर एवं समुदायका सदस्यहरुले आवश्यक पर्ने बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने र घर फर्काउने कार्य गरेर सहयोग पुऱ्याउन सक्तछन् (पहुँच तथा अध्ययनको वातावरणसम्बन्धी मापदण्ड २-३ पृष्ठ ४८-५० पनि हेर्नुहोला) ।

३. **दीगोपना निर्माण :** समुदायहरुलाई लामो समयका लागि अध्ययनको वातावरण व्यवस्थापन गर्न, स्रोत परिचालन र व्यवस्थापन गर्न तथा दीगोपना (सेवाहरुको मर्मतसंभार, संकटासन्न विद्यार्थीहरुको सहभागिता सुनिश्चित गर्न विशेष उपायहरु अपनाउन) का लागि तालिम सहित भूमिका र जिम्मेवारीहरु दिनुपर्नेछ ।

४. **समुदायको योगदानलाई मान्यता :** दाताहरुलाई दिइने प्रतिवेदनमा समुदायका योगदानहरुको संख्यात्मक र गुणात्मक सूचनाहरु समाविष्ट रहेको हुनुपर्दछ । सशक्त समुदायको योगदानहरु सूचकमूलक प्रतिवद्धताको रुपमा उजागर हुन सक्नेछन् र कार्यक्रमहरुको दीगोपना प्राप्ति हुनुपर्दछ ।

५. **स्थानीय क्षमता :** संकटको समयमा हस्तक्षेप वा कार्यान्वयन गर्दा सहभागिताले जनताको मर्यादा र आशाको भावलाई सुदृढ बनाउनु पर्दछ । कार्यक्रमहरु तयार पार्दा स्थानीय क्षमताको आधार दरिलो हुने र जनताको आँफ्नै जुध्नसक्ने रणनीतिहरुलाई नजरअन्दाज नगर्ने हुनुपर्दछ ।

## विश्लेषण

**मापदण्ड १**

**प्रारम्भिक लेखाजोखा**

एकीकृत र सहभागितामूलक प्रक्रियाद्वारा आपतकालीन अवस्थाको शैक्षिक लेखाजोखा गर्ने

**मापदण्ड २**

**प्रतिकार्य रणनीति**

शैक्षिक प्रतिकार्यका लागि समस्याको स्पष्ट विवरण सहितको कार्यगत रणनीतिहरु उल्लेखित एक ढाँचा विकास गर्ने ।

**मापदण्ड ३**

**अनुगमन**

सबै साझेदारहरुले शैक्षिक प्रतिकार्यका क्रियाकलापहरु तथा प्रभावित समुदायका विकसित हुँदै आएका आवश्यकताहरु नियमित रुपमा अनुगमन गर्ने ।

**मापदण्ड ४**

**मूल्यांकन**

अभ्यासहरु परिमार्जन गर्नका लागि शैक्षिक प्रतिकार्यको व्यवस्थित एवं निष्पक्ष मूल्यांकन गर्ने र उत्तरदायित्व अभिवृद्धि गर्ने

**परिशिष्ट १**
लेखाजोखा ढाँचा

**परिशिष्ट २**
आपतकालमा योजना : अवस्था विश्लेषण सूची

**परिशिष्ट ३**
सूचना संकलन एवं आवश्यकता पहिचान फाराम

**अनुसूची २ :**
सन्दर्भ सामाग्री तथा स्रोत सामाग्री विश्लेषण खण्ड

## विश्लेषणसम्बन्धी मापदण्ड १: प्रारम्भिक लेखाजोखा

एकीकृत र सहभागितामूलक प्रक्रियाद्वारा आपतकालीन अवस्थाको शैक्षिक लेखाजोखा गर्ने ।

### मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- शान्ति सुरक्षा र सुरक्षित अवस्थाको विचार गरेर एक प्रारम्भिक द्रुत शैक्षिक लेखाजाखा जतिसक्दो चाँडो सम्पन्न गर्ने (मार्गदर्शन टिप्पणी १-३ पनि हेर्नुहोला) ।
- तथ्यांकको आवश्यकताहरु पहिचान गरी संकलन गर्न एवं सूचकहरुको विकास, व्याख्या र परिमार्जन गर्न तथा सूचना व्यवस्थापन र प्रचारप्रसार गर्न मुख्य साझेदारहरु सहभागी हुनेछन् । (मार्गदर्शन टिप्पणी ४-५ पनि हेर्नुहोला) ।
- आपतकालीन प्रभावित क्षेत्रहरुको लागि विभिन्न तह र प्रकारका शिक्षाका के कस्ता आवश्यकताहरु छन् तथा स्रोतहरु सम्बन्धी एक पूर्ण लेखाजोखा कार्य मुख्य सरोकारबालाहरुको सहभागिता सम्पन्न गर्नुपर्दछ र नियमित रुपमा अद्यावधिक गर्नुपर्दछ (मार्गदर्शन टिप्पणी ४ पनि हेर्नुहोला) ।
- शिक्षा अन्तर विषयगत लेखाजोखाको एक अंग हो जसले प्रभावित जनताका लागि आवश्यक पर्ने सेवासुविधाहरु निर्धारण गर्न राजनीतिक, सामाजिक, आर्थिक र सुरक्षाको वातावरण जनसांख्यिक वितरण तथा उपलब्ध स्रोत सम्बन्धी सूचना संकलन गर्दछ । (मार्गदर्शन टिप्पणी ६ पनि हेर्नुहोला) ।
- लेखाजोखाले विद्यार्थीहरुको संरक्षणमा देखिएका वर्तमान वा संभावित चुनौतिहरुको विश्लेषण गर्दछ । यस्तो विश्लेषण गर्दा चुनौतिहरु, संकटासन्नता र क्षमताहरुसम्बन्धी चुनौतिहरुको व्यवस्थित जोखिम लेखाजोखा माध्यमको प्रयोग गर्नुपर्दछ (मार्गदर्शन टिप्पणी ७ पनि हेर्नुहोला) ।
- आपतकालीन अवस्था आउनुभन्दा अगाडि र आपतकालीन समयमा अध्ययन तथा शिक्षाका स्थानीय क्षमताहरु, स्रोतहरु तथा रणनीतिहरु पहिचान गरिनेछ ।
- लेखाजोखाबाट शिक्षाको उद्देश्यहरु र उपयुक्ततासम्बन्धी स्थानीय मनोभावहरु र प्राथमिकता प्राप्त शैक्षिक आवश्यकता तथा क्रियाकलापहरु पहिचान हुनेछ ।
- लेखाजोखाको परिणामहरु तथा शिक्षाका तथ्यांकहरु भण्डारण गर्ने पद्धति विकास गरी आदानप्रदानको व्यवस्था मिलाउने  (मार्गदर्शन टिप्पणी ८ पनि हेर्नुहोला) ।

## मार्गदर्शन टिप्पणीहरु

१. लेखाजोखा गर्ने समयमा लेखाजोखा गर्ने टोली र प्रभावित समुदायको सुरक्षा र सुरक्षित अवस्थालाई ध्यान दिनुपर्दछ । जहाँ पहुँचको समस्या छ, त्यस्तो समयमा वैकल्पिक रणनीतिहरु खोजी गरी द्वितीय स्रोतहरु जस्तै स्थानीय नेतृत्व र समुदायको संजाल प्रयोग गर्नुपर्दछ । जँहा खुला पहुँचको संभावना छ, त्यहाँ प्रारम्भिक स्तरमै लेखाजोखा गर्न विस्तृत तथ्यांक र सूचना संकलन व्यवस्थाको उपल्लो स्तरको प्रयास हुनुपर्दछ । लेखाजोखा अनुगमन तथा मूल्यांकन तथ्यांक, कार्यक्रमको उपलब्धि तथा सीमितताको अध्ययन तथा सूचना र अपुर्ण आवश्यकताहरुका आधारमा नियमित (कम्तीमा त्रैमासिक रुपमा) अद्यावधिक हुनुपर्दछ ।

२. तथ्यांक संकलन तथा लेखाजोखा योजनाबद्ध रुपमा हुनुपर्दछ र यो कार्य शैक्षिक आवश्यकता, क्षमता, स्रोत र अपूर्णताहरु यकिन गर्न संचालन गरिनेछ । सबै प्रकृतिका शिक्षा र स्थानहरु समेटने गरी समग्र लेखाजोखा कार्य यथासंभव छिटोभन्दा छिटो सम्पन्न गरिनु पर्दछ तर यसले तत्कालै गर्नुपर्ने कार्यका लागि आंशिक लेखाजोखा गर्न शीघ्र तयारीमा ढीलाई गर्नुहुँदैन । विभिन्न शिक्षा प्रदायकहरुको स्थलगत भ्रमणलाई समन्वय गर्नुपर्नेछ र यथासंभव आपतकालीन प्रतिकार्यमा संलग्न कर्मचारीहरुले पुऱ्याइरहेको सेवाको ध्यान भंग नहुने गरी गर्नुपर्नेछ ।

गुणात्मक तथा संख्यात्मक लेखाजोखाका उपकरणहरु अन्तर्राष्ट्रिय मापदण्डहरुसँग, सबैका लागि शिक्षा र अधिकारमा अधिकार मार्गदर्शनमा तादाम्यता कायम गर्ने खालको हुनुपर्दछ । यसले विश्वव्यापी प्रयासहरुलाई स्थानीय समुदायसँग जोडन मद्दत गर्दछ र स्थानीय स्तर देखि विश्वव्यापी ढाँचाहरु र सुचकहरुका कडीहरुको प्रवर्द्धन गर्दछ । अन्तरनिकाय तहमा परियोजनाहरुको समन्वयमा सहजीकरण गर्न र सूचना वितरणकर्ताको माग घटाउन राज्यगत रुपमा तथ्यांक संकलन फारामहरु स्तरीयकरण गर्नुपर्नेछ । यी फारामहरुमा स्थानीय उत्तरदाता वा समुदायले महत्वपूर्ण ठानेका अतिरिक्त सूचनाहरु थप गर्नको लागिसमेत खाली ठाउँ उपलब्ध हुनुपर्नेछ ।

मानवीय प्रतिकार्यमा कुनै पनि प्रकारको तथ्यांक संकलन गर्न नैतिक मान्यताहरु अपरिहार्य छन् । कुनै पनि उद्देश्यका लागि संकलित गरिने सुचना वा अनुगमन, लेखाजोखा वा सर्भेक्षणहरुले जनतालाई जोखिममा पार्न सक्तछ किनकि संकलित सूचनाको संवेदनशील प्रकृति मात्र होइन कि प्रक्रियामा संलग्न भएको आधारमा समेत जनता लक्षित हुन सक्तछ वा जोखिममा पर्न सक्तछन् । मर्यादाका आधारभूत सिद्धान्तहरु, कुनै हानी नगर्ने र भेदभावरहित जस्ता मान्यताहरु सँधै हृदयमा राख्नु अनिवार्य छ र सूचनादाताहरुको अधिकारको विषयमा तिनीहरुलाई जानकारी गराउने र संरक्षण गर्ने जिम्मेवारी पनि संकलकहरुको रहेको छ । संरक्षण एक प्राथमिकता: मानवीय सहायताका लागि तथ्यांक संकलनमा संरक्षणलाई आत्मसात गर्ने मार्गदर्शन पुस्तिकासँग आवद्ध अनुसूची २ पृष्ठ ९२ मा दिइएका विश्लेषणका स्रोतसामाग्रीहरु हेर्नुहोला ।

३. विश्लेषणको विधिहरुः पूर्वाग्रह घटाउनका लागि बहुपक्षीय स्रोतहरुबाट प्राप्त सूचनाहरु विश्लेषण गरी निचोड निकाल्नु अघि त्रिपक्षीय कोणबाट हेर्नुपर्दछ । त्रिपक्षीय कोण तथ्यांक संकलन र विश्लेषणमा रहेका द्विअर्थी वा खप्टिएका सूचनाहरु मापनगर्ने एक मिश्रित विधिका साथसाथै गुणस्तरीय सूचनाको विकास एवं सुनिश्चितता हाँसिल गर्नको लागि विभिन्न धारणागत पाटाहरु समाविष्ट पक्ष पनि हो । बाह्य मनोभाव वा प्राथमिकताहरुमा मात्र आधारित हुने प्रकृतको मानवीय प्रतिकार्यलाई परित्याग गर्न स्थानीय मनोभावहरु समेत विश्लेषणमा समावेश हुन्छन् ।

४. सरोकारवालाहरुमा प्रभावित समुदायका समूह(हरु) मध्येबाट जतिसक्दो धेरै व्यक्तिहरु समावेश गर्नुपर्दछ । तथ्यांक एवं सूचना संकलन, विश्लेषण, सूचना व्यवस्थापन तथा वितरणमा सरोकार वालाहरुको सहभागिता प्रारम्भिक लेखाजोखाको समयमा परिस्थितिगत कारणबाट सीमित हुनसक्तछ, तर पछिल्ला समयमा लेखाजोखा, अनुगमन तथा मूल्यांकनमा अभिवृद्धि गर्नुपर्दछ ।

५. लेखाजोखाको परिणामहरु जतिसक्दो चाँडो उपलब्ध गराउनु पर्दछ ताकि क्रियाकलापहरु योजनाबद्ध हुन सक्छन् । संकट पूर्वको तथ्यांक र संकट पश्चातको लेखाजोखाहरु जसले शैक्षिक आवश्यकताहरु र स्रोतहरु (जस्तैः अधिकारीहरु, गै.स.सं.हरु, मानवीय समुदाय भित्रका विशिष्टिकृत संस्थाहरु र स्थानीय समुदायबाट) तयारी हालतमा सबै क्रियाशील साझेदारहरुलाई उपलब्ध गराउनु पर्नेछ । यो विशेष गरी आपतकालीन अवस्थामा स्थलगत पहुँच नभएका क्रियाशील साझेदारहरुको लागि उपयोगी हुन्छ ।

६. सामान्य आपतकालीन लेखाजोखाहरु गर्दा आपतकालीन समूहमा शैक्षिक तथा बाल संरक्षणका आवश्यकता तथा स्रोतहरुसम्बन्धी तथ्यांक संकलन एक शिक्षाविद् वा बाल संरक्षण विज्ञ समावेश गराउनुपर्दछ। विभिन्न निकायहरुले यि क्रियाकलापहरु संचालन गर्दा साधनस्रोतहरु, कर्मचारी व्यवस्था र सांगठनिक क्षमताको प्रतिवद्धता जनाउनु पर्दछ ।

७. जोखिम विश्लेषणः विभिन्न परिस्थितले बालबालिका तथा युवाको स्वास्थ्य तथा सुरक्षामा पार्नसक्ने प्रभावहरुको सबै पक्षहरुमा विचार पुर्‍याउनु महत्वपूर्ण हुनेछ, जहाँ शिक्षाले संरक्षणात्मक र/वा जोखिममूलक प्रभावहरु सिर्जना गर्नसक्तछ। लेखाजोखामा जोखिमको सूची वा जोखिमको खाका पनि समावेश गर्नुपर्दछ, जसमा निम्न विवरणहरु समावेश गर्नुपर्दछः विभिन्न उमेर समूह र संकाटसन्न समुहका वातावरणीय तथा प्राकृतिक प्रकोपहरुसँग जोडिएका जोखिमपूर्ण तत्वहरु, जमिनमा रहेका विष्फोटक तथा नपडिएका विष्फोटक पदार्थहरु, भवन र पूर्वाधारहरुको सुरक्षा, बाल संरक्षण र सुरक्षा, शारीरिक तथा मानसिक स्वास्थ्यका चुनौतिहरु, शिक्षकहरुको योग्यतासम्बन्धी समस्याहरु, विद्यार्थी भर्नासंख्या तथा पाठयक्रम, र अन्य सम्वद्ध सूचनाहरु (नमुनाका लागि जोखिम खाकाको एमएसईई सिडिरोम (MSEE CD-ROM) हेर्नुहोला) ।

लेखाजोखा कार्यले प्राकृतिक वा अन्य प्रकृतिको प्रतिकूल प्रभावहरु रोकथाम, अल्पिकरण एवं आपतकालीन समयका कार्यहरु (पूर्वतयारी, प्रतिकार्य, पुन:निर्माण र पुन:स्थापना) का लागि आवश्यक पर्ने जोखिम व्यवस्थापन रणनीतिहरु उल्लेख गर्नुपर्दछ । यसका लागि केही परिस्थितिहरुमा आपतकालीन अवस्थाबाट जोगिन वा प्रतिकार्य गर्न हरेक शैक्षिक संस्थाहरुमा विद्यालय र शिक्षालय भैपरी तथा सुरक्षा योजना हुनु आवश्यक छ । आवश्यक परेमा प्रत्येक शैक्षिक केन्द्रले सम्भाव्य जोखिम स्पष्ट देखिने र संकटासन्नलाई प्रभाव पार्ने तत्वहरु प्रकाश पारिएको एक जोखिम नक्सा तयार गर्नुपर्नेछ ।

८. लेखाजोखाको परिणामहरु आदानप्रदान: यसलाई स्थानीय र राष्ट्रिय तहमा सम्बद्ध निकायहरु द्वारा समन्वय हुनुपर्नेछ । यदी समन्वय गर्नका लागि दक्ष पदाधिकारीहरु वा निकायहरु उपलब्ध छैनन् भने संयुक्त राष्ट्रसंघीय मानवीय मामिलाको कार्यालय (UNOCHA) लाई समन्वय एवं सूचनाहरु आदानप्रदान गर्ने संयन्त्रको लागि नेतृत्व प्रस्ताव गर्नुपर्नेछ । लेखाजोखाको परिणामहरुको आदानप्रदान गर्दा तथ्यांकीय ढाँचाको सटीक परिचय र सबै सरोकारवालाहरुले तथ्यांकको परिणाम उपयोग गर्न सक्ने प्रकृतिको हुनुपर्दछ (शिक्षा नीति र समन्वयसम्बन्धी मापदण्ड ३ पृष्ठ ८६ पनि हेर्नुहोला) ।

## विश्लेषण मापदण्ड २: प्रतिकार्य रणनीति

शैक्षिक प्रतिकार्यका लागि समस्याको स्पष्ट विवरण सहितको कार्यगत रणनीतिहरु उल्लेखित एक ढाँचा विकास गर्ने ।

### मुख्य सूचकहरू (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- आधारभूत तथ्यांकहरु कार्यक्रमको शुरुआतमै व्यवस्थित रुपमा संकलित गरिनेछ ।
- आपतकालीन शैक्षिक प्रतिकार्यका रणनीतिहरुले समग्र तथ्यांकहरुको स्पष्ट विवरण प्रतिविम्बित गर्नेछ (मार्गदर्शन टिप्पणी १-२ हेर्नुहोला) ।
- शैक्षिक प्रतिकार्यले बालबालिका, युवा तथा समग्र समुदायमा पार्ने प्रभावहरुको अनुगमन गर्न वैधानिक बेञ्चमार्क (Benchmark) तथा सूचकहरु पहिचान गरिनेछ ।
- प्रारम्भिक लेखाजोखाका क्रममा संकलित सूचनाहरु नयाँ तथ्यांकहरुद्वारा अद्यावधिक गरिनेछ जसले चालू कार्यक्रमको विकाससम्बन्धमा सूचित गर्दछ । (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला) ।
- शैक्षिक प्रतिकार्य रणनीतिहरुले संकटासन्न रहेका व्यक्ति वा विशेष शैक्षिक आवश्यकताहरु भएका, बालबालिका र युवाहरुको सुरक्षा र समृद्धिलाई प्राथमिकता दिनेछ ।
- समावेशी र गुणस्तरीय शिक्षाका लागि शैक्षिक प्रतिकार्य रणनीतिहरुले संकट प्रभावित जनताका आवश्यकताहरु उन्नत तवरले पूर्ति गर्नेछ (मार्गदर्शन टिप्पणी ४-६ हेर्नुहोला) ।

## मार्गदर्शन टिप्पणीहरु

१. प्रतिकार्यका प्रस्तावहरुले यसमा उल्लेखित न्यूनतम मापदण्डहरु पुरा गर्न अत्यावश्यक क्रियाकलापका लागि रकम अनुमान र प्रर्याप्त आर्थिक स्रोतको व्यवस्था सुनिश्चित गर्नुपर्नेछ । प्रस्तावहरुमा कस्तो शैक्षिक क्रियाकलाप कुन स्थानमा संचालन हुन लागेको हो, पहिचान भएका आवश्यकताहरुका लागि विभिन्न तह र प्रकारका शिक्षाहरुले कति हदसम्म समेट्ने हो सोको आँकलन र बाँकी आवश्यकताहरु पूरा गर्नका लागि अन्य संगठनहरु प्रतिबद्ध रहेको कुरा समेत ईगिंत गर्नुपर्नेछ यदि शिक्षाको वास्तविक माग पहिले देखिएको भन्दा धेरै मात्रामा भएमा सो पूरा गर्नको लागि लचकताको यथासंभव जतिसक्दो धेरै हुनैपर्दछ । विभिन्न तह र प्रकृतिका आपतकालीन शैक्षिक खर्चहरु निर्धारण गर्दा संस्थाहरुका बीच दीगोपना र एकरुपता अभिवृद्धि हुने प्रयासहरु गरिनेछ । (जस्तै तलव सुविधा, साधनहरुमा, आदि)

२. तथ्यांक संलकन तथा विश्लेषणका लागि क्षमता विकास: आधारभूत तथ्यांक संकलन, विश्लेषण र अनुगमन एवं मूल्यांकन कार्य सम्पन्न गर्न प्रस्तावहरुमा खासमा राष्ट्रिय कर्मचारीको क्षमता विकास पक्ष समावेश हुनैपर्दछ । यो विषयलाई प्रस्ताव प्रक्रियामा धेरैजसो पूर्णरुपले ध्यान दिईदैन ।

३. रणनीतिहरु अद्यावधिक गर्ने: आपतकालीन र छिटो पुन:निर्माणको समयमा प्रतिकार्यका प्रस्तावहरु कम्तीमा त्रैमासिक रुपमा पुनरावलोकन र अद्यावधिक गरिनेछ । त्यसमा हालसम्म प्राप्त भएका उपलब्धिहरु, आपतकालीन अवस्थामा आएको परिवर्तनहरु र पुरा नभएका आवश्यकताहरुको ताजा आँकलनहरु प्रस्तुत गर्नुपर्नेछ । आवश्यकतानुसार यसको लक्ष भने गुणस्तर र ओगटने क्षेत्रको उन्नतशील सुधारका साथसाथै दीर्घकालीन दीगोपनासँग सम्बन्धित हुनुपर्दछ ।

४. दाताहरुको प्रतिकार्य: दाताहरुले नियमित रुपमा आपतकालीन प्रतिकार्यले ओगटेको क्षेत्र र गुणस्तर दुवैको नियमित समीक्षा गर्नुपर्नेछ जसमा सकंटासन्न समुदायका विद्यार्थी वा प्रशिक्षार्थीहरुको भर्ना तथा नियमितता समेत पर्दछन् । तिनिहरुले विभिन्न आपतकाल प्रभावित क्षेत्रहरुमा शैक्षिक अवसरहरुको पहुँचको प्रत्याभुति सुनिश्चित गर्नुपर्नेछ । शरणार्थी वा आन्तरिक रुपमा विस्थापित जनसंख्याले न्यूनतम मापदण्ड बमोजिम शिक्षा पाउन सकुन् भनी कोष (रकम) हरु प्रदान गर्नुपर्नेछ (पहुँच तथा अध्ययनके वातावरणसम्बन्धी मापदण्ड १, मार्गदर्शन टिप्पणी ८ पनि हेर्नुहोला) ।

५. राष्ट्रिय कार्यक्रमहरुको सुदृढीकरण: विशेष गरी विस्थापित नभएका जनताका लागि पुन:निर्माण चरणमा आपतकालीन शैक्षिक प्रतिकार्य गर्दा एकरुपता हुने गरी र राष्ट्रिय तथा स्थानीय शिक्षाका योजना, प्रशासन, व्यवस्थापन तथा शिक्षकको सेवाकालीन तालिम तथा सहयोगका क्षेत्रका राष्ट्रिय शैक्षिक कार्यक्रमहरु सुदृढ हुनेगरी योजना बनाउनु पर्नेछ ।

६. संस्थागत कार्यादेशका सीमितताहरुबाट मुक्ति: सीमित कार्यादेश भएका (जस्तै बालबालिकाका लागि मात्र कार्यादेश भएका, वा शरणार्थी र तिनीहरुको सफल फीर्तिका लागि मात्र) सहायतामूलक

संस्थााहरुले सरकारी वा बृहत कार्यादेश भएका संस्थाहरुसँग अभिन्न अंगको रुपमा संयुक्त रुपले शैक्षिक प्रतिकार्य गर्नुपर्नेछ जसबाट सबै शैक्षिक आवश्यकताहरु पूरा हुन सकुन् । प्रत्येक प्रभावित क्षेत्रका शैक्षिक रणनीतिहरुले बच्चाहरुको शैशवकालीन विकासका आवश्यकताहरुका साथसाथै युवाहरुको माध्यमिक, उच्च एवं प्राविधिक शिक्षाको आवश्यकता, शिक्षकहरुको सेवाकालीन तालिम र उपयुक्त वैकल्पिक शिक्षाको पनि व्यवस्था गर्नुपर्नेछ । शैक्षिक विकासका रणनीतिहरुले जुन क्षेत्रका शरणार्थीहरुले सेवा प्राप्त गरिरहेका छन्, तिनीहरुले लामो समयावधिको सहायता कार्यक्रमहरु विकास गर्नुपर्नेछ, जसमा मानवीय संस्थाहरुले गर्ने सहयोग तोकिएको समय सहितको हुनसक्तछ (जस्तैः शरणार्थीहरुको प्रारम्भिक पुन:एकीकरण र स्वदेश फीर्तिमा सहयोग) ।

## विश्लेषण मापदण्ड ३ : अनुगमन

सम्बद्ध सबै सरोकारवालाहरुले शैक्षिक प्रतिकार्यका क्रियाकलापहरु तथा प्रभावित समुदायका विकसित हुँदै आएका आवश्यकताहरु नियमित रुपमा अनुगमन गर्ने ।

**मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)**

- आपतकालीन अवस्थाहरुको निरन्तर अनुगमन गर्ने पद्धति र प्रक्रियागत हस्तक्षेपहरु स्थापित छन् र कार्यान्वयन भैरहेको हुनेछ (मार्गदर्शन टिप्पणी १-२ हेर्नुहोला) ।
- सबै प्रभावित समुदायहरुको महिला, पुरुष, बालबालिका तथा युवासँग नियमित परामर्श लिइएको र अनुगमन क्रियाकलापहरुमा सहभागी गराइएको हुनेछ (मार्गदर्शन टिप्पणी २ हेर्नुहोला) ।
- शिक्षाका तथ्यांकहरु व्यवस्थित र नियमित रुपमा संकलन, आधारभूत तहको सूचनाबाट शुरु गरिएको र तत्पश्चात हुने परिवर्तन तथा प्रवृत्तिहरु अनुगमन भइरहेको हुनेछ (मार्गदर्शन टिप्पणी ३-४ हेर्नुहोला) ।
- तथ्यांकहरु भरपर्दो र विश्लेषणहरु प्रमाणितयोग्य एवं विश्वसनीय छन् भनी सुनिश्चित गर्न कर्मचारीहरुलाई तथ्यांक संकलनको विधिहरु बारेमा प्रशिक्षित गर्ने (मार्गदर्शन टिप्पणी ५ हेर्नुहोला) ।
- पूर्वनिर्धारित नियमित अन्तरालमा शिक्षाका सूचनाहरु विश्लेषण भएको र साझेदारहरुबीच आदानप्रदान भएको हुनेछ  (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला) ।
- नयाँ प्रवृत्तिहरु प्रतिबिम्बित गर्न र सूसूचित निर्णय निर्माण प्रक्रियालाई अनुमित दिन पृष्ठपोषणका आधारमा अनुगमनका पद्धति तथा तथ्याक भण्डारणहरु नियमित रुपमा अद्यावधिक गर्ने ।
- परिवर्तनहरु, नयाँ प्रवृत्तिहरु, आवश्यकताहरु तथा स्रोतहरु पहिचान गर्ने सूचनाहरु शिक्षा कार्यक्रमका व्यवस्थापकहरुलाई नियमित रुपमा उपलब्ध गराउने ।
- आवश्यक भएमा अनुगमनका नतिजा बमोजिम कार्यक्रमहरुमा समायोजन गर्ने ।

## मार्गदर्शन टिप्पणीहरु

१. अनुगमन : जनताका परिवर्तित शैक्षिक आवश्यकताहरुका साथसाथै जवाफदेहीमूलक र समस्यासँग सम्बन्धित जारी कार्यक्रमहरुले कुन कुन हदसम्म ती आवश्यकताहरु पुरा गरिरहेका छन् र सुधारका संभावनाहरुको जानकारी लिने विषयमा अनुगमनले व्यक्त गर्नुपर्नेछ । सबै तथ्यांकहरु एकै रफ्तारमा संकलन गर्नु आवश्यक हुने छैन् । तसर्थ तथ्यांक संकलन योजनामा आवश्यकतामा आधारित भई कति पटकसम्म कुन प्रकृतिका तथ्यांकहरु संकलन गर्ने भनी निर्णयहरु समावेश हुन्छ, र तथ्यांक संकलन र प्रशोधनका लागि खपत हुने स्रोतसाधनको मात्रा समेत उल्लेख हुन्छ । माग तथा समस्याहरु सुचकहरु (जस्तैः भर्ना संख्या, विद्यालय छोडनेको संख्या, विद्यालय आउनु अघि खाना खाए नखाएको, कितावहरुको संख्या, शिक्षण सामाग्री तथा पाठयसामाग्रीको उपलब्धता आदि) का माध्यमबाट तत्काल जानकारी दिई धेरै प्रकृतिका सूचनाहरु नमुनाको रुपमा विद्यालयहरु र शिक्षाका अन्य कार्यक्रमहरुबाट संकलन गर्न सकिन्छ । विद्यालय छोडने बालबालिकाको संख्या र पुनः भर्ना हुन नचाहनुको कारण वा रुजु हाजिर नहुनुको कारणहरु पनि सानो नमुनाको रुपमा छानिएको स्थानको घरपरिवारसँगबाट लिनुका साथसाथै समुदायका समूहसँग बैठक गरी अनुगमन गर्न सकिन्छ ।

२. अनुगमनमा जनताको संलग्नता : प्रभावित जनताका सबै समूहहरुबाट साँस्कृतिक रुपले स्वीकार्य तवरमा सूचना संकलन गर्न सक्ने ब्यक्तिलाई समावेश गराउनु पर्दछ, विशेष गरी लैगिंक र भाषिक दक्षता राख्नेलाई । स्थानीय साँस्कृतिक अभ्यास अनुरुप महिला वा अल्पसंख्यक समुदायको समूहसँग छुट्टै परामर्श गर्नुपर्ने पनि हुन सक्छ जसका लागि समाजबाट स्वीकार्य व्यक्ति छान्नुपर्दछ ।

३. शिक्षा व्यवस्थापन सूचना प्रणाली : आपतकालीन अवस्थामा पनि अवरुद्ध भएको हुनसक्तछ । आधारभूत तथ्यांक संकलन र सामन्य प्रशोधन व्यवस्थालाई प्राथमिकताका साथ पुनःसंचालन व्यवस्था सरकारी निकायहरुलाई अन्तर निकाय समन्वय र सहयोग मार्फत मिलाउनु पर्दछ । उपलब्ध सूचनाहरुको संकलन, व्यवस्थापन, व्याख्या, कार्यान्वयन, विकास वा आदानप्रदान गर्नका लागि स्थापित राष्ट्रिय शिक्षा व्यवस्थापन सूचना प्रणालीको पुनःस्थापना वा विकास गर्न क्षमता विकास र राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा स्रोतहरु आवश्यक हुनसक्तछ । आपतकालमा यो कार्य चाँडोभन्दा चाँडो शुरुआत गरिहाल्नु पर्दछ, जसको लक्ष्य छिटो पुनःनिर्माण चरणमा अनुगमन पद्धति कामयाव रहनु हुनेछ । शैक्षिक सूचना प्रणालीको एक जटीलतम पक्ष भनेको यससँग मिल्दो सफ्टवेयरको उपलब्धता हो । राष्ट्रिय र जिल्लातहका शिक्षाका कार्यालय वा शिक्षाका अन्य सह-क्षेत्रहरु (जस्तै राष्ट्रिय तालिम संस्थाहरु) मा पुरक सफ्टवेयर (Software) उपलब्ध हुन सक्तछ जसले मिल्दोजुल्दो तथ्यांक प्रणालीको जडान गरी सूचनाको आदानप्रदान गर्न सहज तुल्याउन सक्तछ ।

४. विद्यार्थीहरुको अनुगमन संभावना अनुसार पढाई छोडीसकेपछि वा पढाई सकिएपछि गर्नुपर्नेछ । अनुगमनले साक्षरता र सांख्यकीय दक्षता एवं साक्षरता पश्चात पाठयसामाग्रीको पहुँचलाई

समावेश गर्नुपर्दछ। प्राविधिक शिक्षाका लागि गरिने अनुगमनमा रोजगारीको अवसरहरुको उपलब्धता र पूर्व तालिम लिएकाहरुले गरेको प्राविधिक शीपको उपयोगहरु सम्बन्धी आँकडा अध्ययन वा कुनै कर्मचारीद्वारा खोजी गर्ने विधिको प्रयोग गर्नुपर्नेछ। कार्यक्रम समाप्ति पश्चातको अनुगमनले नयाँ कार्यक्रम तयार गर्न महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्दछ। (अध्ययन तथा अध्यापनका मापदण्डहरु ४ पृष्ठ ६८ पनि हेर्नुहोला)।

५. तथ्यांकको वैधानिकताः सबै विश्लेषणहरुले देहायको व्याख्या लिपिवद्ध गरेको हुनुपर्दछः १) सूचकको परिभाषा २) तथ्यांकको स्रोत ३) संकलन विधि ४) सूचना संकलक र ५) तथ्यांक विश्लेषण कार्यविधि। तथ्यांकको प्रशासन, संकलन वा विश्लेषण कार्यमा कुनै अनियमितता सृजना भएको भए त्यो पनि उल्लेख हुनुपर्दछ। सूचनादाताहरुले स्रोत अभिवृद्धि (जस्तै भर्नासख्या वा उपस्थितिको आँकडामा बढोत्तरी) निमित्त वा कुनै आरोपबाट बच्न तथ्यांकहरु बंगाएको हुन सक्छ। तथ्यांकको वैधानिकतालाई बढाउन कर्मचारीको तालिममा अघोषित अनुगमन भ्रमण हुने नीति पनि जानकारी गराउनु पर्नेछ।

## विश्लेषणसम्बन्धी मापदण्ड ४ः मूल्यांकन

उत्तरदायित्व अभिवृद्धि र अभ्यासहरु परिमार्जन गर्नका लागि शैक्षिक प्रतिकार्यको व्यवस्थित र निष्पक्ष मूल्यांकन गर्ने।

### मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- समग्र प्रतिकार्यका रणनीतिहरु, विशिष्ट शैक्षिक एवं बाल संरक्षणका उद्देश्यहरु तथा न्यूनतमन मापदण्डहरुको आधारमा कार्यान्वयनमा रहेका नीति, कार्यक्रम र परिणामहरुको मूल्यांकन उपयुक्त अन्तरालमा सम्पन्न गर्ने (मार्गदर्शन टिप्पणी १ हेर्नुहोला)।
- लागू गरिएका कार्यक्रमबाट परेको अनपेक्षित प्रभावका विषयमा सूचना खोज्ने।
- सबै सरोकारवालाहरु एवं प्रभाविता जनता तथा सबै क्षेत्रगत सहकर्मीहरुबाट सूचना संकलन पारदर्शी र निष्पक्ष तरिकाबाट गरिनेछ।
- मूल्यांकन क्रियाकलापमा सबै साझेदारहरुः सीमान्तिकृत समूहहरु, सामुदायिक शिक्षा समितिहरु, शिक्षाका राष्ट्रिय तथा स्थानीय पदाधिकारीहरु, शिक्षक तथा विद्यार्थीहरुलाई समाहित गरिनेछ।
- असल अभ्यासहरु तथा सिकिएका पाठहरु राष्ट्रिय, स्थानीय तथा मानवीय समुदायका बीच व्यापक रुपमा आदान प्रदान गरिनेछ र आपतकालीन अवस्थाको पछिल्लो चरणमा राष्ट्रिय तथा विश्वव्यापी शिक्षाका लक्ष्यहरुमा योग्दान पुर्‍याउन वकालत, कार्यक्रम तथा नीतिहरुमा उपयोग गरिनेछ (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला)।

## मार्गदर्शन टिप्पणीहरु

१. मूल्यांकनहरुले गुणात्मक तथा संख्यात्मक दुवै प्रकृतिका तथ्यांकहरु संकलन गरी एकीकृत स्वरुप प्रदान गर्नुपर्नेछ । । संख्यात्मक तथ्यांकले सन्दर्भ अनुसारको सूचना दिन र संकलित तथ्यांकीय सूचनाको व्याख्या गर्न मद्दत गर्दछ। गुणात्मक तथ्यांकहरु अन्तवार्ता, अवलोकन भ्रमण र लिखतहरुका माध्यमबाट संकलन गर्न सकिन्छस गुणात्मक तथ्यांक सर्भेक्षण तथा प्रश्नावलीका माध्यमबाट संकलन गर्न सकिन्छ, मूल्यांकनले मानवीय, भौतिक तथा आर्थिक लगानी, विद्यार्थीको पहुँच, निरन्तरता, समावेशी तथा संरक्षण, अध्ययन र अध्यापन प्रक्रियाहरु, अध्ययनको मान्यता र प्रमाणिकरण, भावी शिक्षा र रोजगारीका अवसरहरु र समुदायमा पर्ने प्रभावहरुसम्बन्धी पूर्ण लेखाजोखा प्रस्तुत गर्नुपर्नेछ ।

२. मूल्याङ्कनद्वारा क्षमता विकास : मूल्याङ्कन अवधारणाहरु लागू गराउन, मूल्याङ्कन ढाँचा र प्रक्रियाहरुको सहभागितात्मक आधारमा विकास गर्न र नतीजाको संयुक्त रुपमा समीक्षा एवं व्याख्या गर्न मूल्याङ्कन बजेटले सरोकारवालाहरुसँग कार्यशाला (गोष्ठी) गर्ने व्यवस्था समेत समावेश गर्नुपर्नेछ । यसले तिनिहरुलाई भविष्यमा “स्वामित्व” कालागि सैद्धान्तिक आधार विकास गर्न एवं सुझावहरुको कार्यान्वयनमा सहयोग गर्नसक्तछ । आयोजनाबाट लाभान्वित हुनेहरुले जस्तै शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुले आफूले भोगेका व्यवहारिक कठिनाइहरु र निश्चित सुझावहरुको परिणामस्वरुप सामना गर्नुपर्ने कठिनाइहरु समेत उल्लेख गर्न सक्तछन् ।

३. नतिजाहरु एवं सिकिएका पाठहरुको आदानप्रदान : सार्वजनिक क्षेत्रमा वितरण गर्न सकिने प्रकृतिका सूचनाहरु प्रतिवेदनको प्रथम खण्डमा समावेश गर्न मूल्याङ्कनकर्ताहरुलाई अनुरोध गर्नुपर्नेछ र गोप्य वा आन्तरिक प्रकृतिका नतिजाहरु ब्यापक रुपमा वितरण नहुने गरी दोस्रो खण्डमा प्रस्तुत गर्नुपर्नेछ ।

# सबै आधारहरुका लागि न्यूनतम साझा मापदण्डहरु : परिशिष्टहरु

## परिशिष्ट-१

<table>
<tr><td rowspan="8">क्षमता तथा संकटासन्नताहरुको विश्लेषणमा<br>(जस्तैं: लिंग र उमेरको विविधतासहितको लैंगिक) सहभागिता</td><td colspan="6">संरक्षण (शारिरीक, कानूनी र भौतिक)/मानव अधिकार/कानूको शासन</td><td rowspan="8">जनसांख्यिक (जम्मा जनसंख्या, खास संकटासन्न समूह, आश्रय दिने समुदायको जनसंख्या, विस्थापित, बेपत्ता र उमेर र लिंगको वितरण आदि)</td></tr>
<tr><td colspan="6">मृत्युदर</td></tr>
<tr><td colspan="3">रुग्णता (Morbidity)</td><td colspan="3">पोषण स्थिति</td></tr>
<tr><td>भाडाँमा पानी ओसार्ने ठाउँसम्म पहुँच</td><td>प्राथमिक स्वास्थ्य, पोषण तथा मनोसामाजिक सेवामा पहुँच</td><td>खाइने खाना</td><td>आश्रय स्थलको उपलब्धता पर्याप्तता</td><td>स्वस्थ व्यवहारहरु</td><td>सरसफाईको तह</td></tr>
<tr><td colspan="3">खाद्य सुरक्षा</td><td colspan="3">स्वास्थ्य, पोषण तथा मनोसामाजिक सेवामा पहुँचको कार्यसम्पादन</td></tr>
<tr><td colspan="2">घरपरिवारहरुको आर्थिक स्थिति तथा बजारको सन्दर्भ</td><td>शिक्षा</td><td colspan="2">सामाजिक तथा साँस्कृतिक अवस्था</td><td>असमानताहरु</td></tr>
<tr><td colspan="3">राष्ट्रिय सन्दर्भ<br>राजनीतिक, आर्थिक, सामाजिक, ऐतिहासिक, सरकारको क्षमता, पूर्वाधार, प्रणालीहरु, भूगोल, मौसम, प्राकृतिक प्रकोपहरु, अन्तर्राष्ट्रिय संस्थाहरु, आदि ।</td><td colspan="3">राष्ट्रिय बजारहरु<br>यसको संचालन (र त्यसबाट बाह्य सहायताका लागि माग घटाउने) वा अकार्यात्मक</td></tr>
</table>

कुनै निश्चित जनसंख्याको साझा आवश्यकताहरु बुझ्ने उद्देश्यको लागि छलफल र विश्लेषणको आधारको रुपमा लिन लेखाजोखाको ढाँचा प्रयोग गरिन्छ । यस विश्लेषणले प्रमाण र निर्णयलाई जोड्दछ । यो लेखाजोखाको ढाँचाले विभिन्न विविधताहरुलाई समेटदछ जुन आँफैमा आवश्यकताको रुपमा नभई चासोसम्बद्ध भनाईका मुद्धाहरु हुन् । विभिन्न आधारहरुबीचको कारण-कार्यसम्बन्धमा सल्लाह दिँदा यस ढाँचाले स्पष्टसँग यसमा सल्लाह दिँदैन र लेखाजोखा समूहका लागि सहयोग गर्न थप औजारहरु वृद्धि गर्नु आवश्यक छ । त्यस्तो औजारहरु विकास नहुन्जेलसम्म समूहले कारण-कार्यसम्बन्ध व्याख्या कसरी गर्ने भनी आँफै छान्न सक्तछ । यस ढाँचाले संकटमा प्राथमिकीकरण गरी मानवीय प्रतिकार्य योजना बनाउने लक्षको लागि सूचना आदानप्रदान गर्न एक समान र पारदर्शी चौतारी प्रदान गर्दछ । जबकि ढाँचाको प्रत्येक तहमा चासोहरुका श्रृंखलाहरु प्रतिविम्बित

भएका छन्, जसको अर्थ क्रमशः प्राथमिकताप्राप्त प्रतिकार्य भन्ने हुँदैन । ढाँचाले विभिन्न अवस्थाहरु अन्तरआश्रित रहेको कुरा प्रकाश पार्दछ र त्यसलाई त्यही रुपमा मात्र बुझ्नु पर्दछ । ढाँचाभित्रका प्रत्येक आधारहरु छुट्टाछुट्टै मूल्याङ्कन गर्नुपर्नेछ (जस्तैः शिक्षा) र एकीकृत लेखाजोखाको एक भागको रुपमा (जस्तैः शिक्षामा परिस्थितिले पारेको प्रभावले ढाँचाका अन्य आधारहरुमा पारेको प्रभाव) । संरक्षण/मानव अधिकार/कानूनको शासनहरु मुलभूत मुद्दाहरु हुन जुन छुट्टै र मूलप्रवाहीकरणका दृष्टिले सम्बोधन हुनु आवश्यक छ । लेखाजोखाको शुरुआत विन्दू भौगोलिक वा जनसांख्यिक समूह हुनुपर्छ ।

स्रोत : लेखाजोखाको ढाँचा अन्तरनिकाय स्थायी समितिलेको क्याप सह-कार्यसमूहले विकास गरेको हो र सन् २००४ जनवरी २५ मा दाताहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु, रेडक्रस र गै.स.सं.हरुको कार्यशालाले परिमार्जन गरेको हो ।

# परिशिष्ट-२ आपतकालीन अवस्थाका लागि योजना तर्जुमाः घटना विश्लेषणका लागि सूची

हामीले कार्यक्रमको योजना बनाउँदा र कार्यान्वयन गर्न विभिन्न कारणहरु, मुद्दाहरु र जनता एवं संस्थाहरुको विषयमा जानकारीहरु हासिल गरेको हुनुपर्दछ । जसका विवरणहरु देहाय बमोजिम छन्ः

**१. आधारभूत लेखाजोखा :**

- आधारभूत अध्ययनका लागि कुन तथ्यांकहरु आवश्यक छन् ?
- तपाईलाई योजना कार्यान्वयन गर्न कुन तथ्यांकहरु आवश्यक छन् र के उपलब्ध छन्, जस्तैः विद्यालयहरु रहेको ठाउँ (संख्या, स्थान), अपेक्षित विद्यार्थीको संख्या, शिक्षकहरुको संख्या आदि ?
- कार्यक्रम शुरु गर्नुभन्दा अघि नै तपाईले आधारभूत तथ्यांकहरु संकलन गर्ने अवसर उपलब्ध छ ?

**२. घटनाको प्रकृति :**

- घटनाको प्रकृति कस्तो छ (विस्तारै आएको वा अकस्मात) ?
- आपतकालीन अवस्थाबाट प्रभावित भएका समूहहरु (साँस्कृतिक, उमेर, लैगिंक आदि) वा कुनै खास संकटासन्न समूहहरु छन् ?

**३. घटनाको स्थिरता :**

- के घटना स्थिर छ (छोटो अवधि/मध्यम अवधि) वा अझै बढिरहेको छ ?
- के अनुमान गर्न सकिने अन्य संकटहरु अगाडि देखिन्छन् (नयाँ आपतकालीन वा हालको घटनामा महत्वपूर्ण परिवर्तन) ?
- कुनै तत्वहरु पहिचान गर्न सकिन्छ जसले अकस्मात वा सारभूत परिवर्तनको स्वरुपमा परिणत हुन सक्तछन् ?

**४. वर्तमान शिक्षा प्रणाली :**

शिक्षा प्रणाली व्यवस्थासम्बन्धी :

- वतर्मान शिक्षा प्रणाली संचालित छ ?
- लक्षित जनसंख्यामा एकभन्दा बढी संचालित प्रणाली छ ?
- वर्तमान आपतकालीन अवस्थाले उपलब्ध शिक्षा व्यवस्था (हरु) लाई कसरी प्रभावित पार्‍यो ?
- के भवनहरु तथा पूर्वाधारहरु क्षतिग्रस्त भएको वा कमी भएको अवस्था (भान्साघर, सरसफाईका सुविधाहरु, भण्डार आदि) छ ?
- वर्तमान अध्ययनको वातावरण कस्तो रहेको छ (स्थान, सामाग्रीहरु, कक्षा कोठाहरु, कर्मचारी आदि) ?

- विभिन्न क्षेत्रीय/जातीय/अन्य पृष्ठभूमिका बालबालिका वा केटा वा केटीको अवस्था समान छ ?
- के बालबालिकाहरु भर्ना भएका छन् र निरन्तर विद्यालय आईरहेका छन् ? यदी छैन भने किन ?
- के बालबालिकाहरु विद्यालय आउँदा भोकै हुन्छन् (जस्तैः खाजा नहुनु, विद्यालयसम्म पुग्न लामो दुरी, आम रुपमा कुपोषण)?
- के बालबालिकाहरु कुनै खास सुक्ष्म कुपोषणको कमीबाट ग्रसित छन् ? छन् भने त्यो कुन हो ?

○ **पाठयक्रम र शिक्षणसम्बन्धी :**

- के सबैका लागि समान प्रकृतिका पाठयक्रम छन् ?
- पढाउने भाषा (वा भाषाहरु) एउटै छन् ?
- शिक्षकहरु, शिक्षण सामाग्रीहरु र/वा अध्ययनका लागि आवश्यक सामाग्रीहरु उपलब्ध छन् ?
- शिक्षकका लागि तालिम र पुनः तालिम आवश्यक छ ?
- अनौपचारिक वा सीपमूलक तालिम कार्यक्रमहरु (पुराना (बाल) लडाकुहरु, विद्यालयबाट भागेका बालबालिका र/वा अन्य खास पिछडिएका समूहहरुका लागि) आवश्यक छन् ?

**५. मुख्य सरोकारवालाहरु :**

○ **मुख्य सरोकारवालाहरु पहिचान गर्ने**

- कसले के काम गरिरहेको छ ?
- के कामको लागि को जिम्मेवार छ ?
- कसले के योजना बनाईरहेको छ ?
- के कस्तो साधनस्रोतका लागि को जिम्मेवार छ ?
- कुन निर्णयहरुका लागि को जिम्मेवार छ ?
- अन्य अन्तर्राष्ट्रिय संगठनहरु
- गैर सरकारी संस्थाहरु (राष्ट्रिय तथा स्थानीय)

○ **सरकारी निकायहरु :**

- राष्ट्रिय तथा स्थानीय सरकारको वर्तमान अवस्था कस्तो (वैधानिक, अन्तरिम) रहेको छ ?
- शिक्षाको प्रशासन कसले गर्दछ ?

○ **विद्यालयहरु (शिक्षकहरु, प्रधानाध्यापकहरु, अभिभावक शिक्षक संगठनहरु)**

○ **समुदाय (नेताहरु, पाकाहरु, धार्मिक, महिला संगठनहरु, स्वास्थ्यकर्मीहरु, वा अन्य सामुदायिक समूहहरु)**

○ **परिवार :**

- समुदायको पूर्वकालदेखिको प्रमुख संरचना कस्तो रहेको छ ?
- के आपतकालीन अवस्थाले पारिवारिक संरचनालाई प्रभाव पारेको छ ?
- बालकालिकाको शिक्षामा सहभागिता (विशेष गरी बालिकाको हकमा) कसले निर्णय गर्दछ ?

## ६. उपलब्ध स्रोतहरु

- **शिक्षाको लागि (माथि उल्लेखित वर्तमान शिक्षा प्रणाली पनि हेर्नुहोला)**
  - अध्ययनका लागि सुरक्षित स्थानहरु उपलब्ध छन् ?
  - विद्यालयमा रहेका सुविधाहरु पूर्ण रुपमा संचालनका लागि उपलब्ध छन् ?
  - दैनिक रुपमा विद्यालय संचालन गर्नका लागि पर्याप्त मात्रामा शिक्षकहरु तथा अन्य कर्मचारीहरु छन् ?
- **खाद्य सहायतका लागि :**
  - खाद्य वितरण शुरु गर्न कत्तिको जरुरी छ ?
  - खाना तयार पार्न कति जना व्यक्ति उपलब्ध छन् ?
  - खाना तयार गर्नका लागि केकस्तो सुविधाहरु रहेका छन् (विद्यालयमा भान्साहरु, भण्डारण गृह, पकाउने र खाने भाँडाहरु, डाडुपन्यू, ईन्धन, पानी आदि) ?
  - यी सुविधाहरु कायम गर्न संभव छ ?
  - यातायाता/आपूति/भण्डारणको पूर्वाधार रहेको छ ?
  - कुन खानाका सामाग्रीहरु उपलब्ध गराउन सकिने अवस्थामा छ ? कहाँ र कति छिटो ती खानाहरु प्राप्त गर्न सकिने र खाना वितरण गर्ने केन्द्रसम्म पुऱ्याउन सकिन्छ ?
  - कुनै विद्यालय स्वास्थ्य कार्यक्रमहरु सचालन हुन लागेको वा पहिले नै उपलब्ध छन् कि ?
  - कुनै दाताले तत्काल कुनै प्रतिवद्धता जाहेर गरेको छ कि ?
  - कार्यान्वयनका लागि कुनै संभाव्य साझेदार उपलब्ध छ कि ?

## ७. वर्तमान र संभावित बाधाहरु

- **सुरक्षा**
  - अध्ययनका लागि सुरक्षित स्थानहरु उपलब्ध छन् ?
  - शिक्षण स्थानहरु बालबालिका, शिक्षकहरु तथा सहायताकर्मीहरुका लागि सुरक्षित पहुँच उपलब्ध छ ?
  - खाना तयार गर्न वा वितरण गर्नका लागि सुरक्षित स्थानहरु उपलब्ध छन् ?
  - खाद्यान्न ओसारपसार गर्न र वितरण गर्न सुरक्षित छ ?
  - खाद्य भण्डारण सुरक्षित तवरले रहेको छ ?
- **लैंगिक/जातीय बाधाहरु**
  - कुनै पनि लैगिंक समूहका खास बाधाहरु/मुद्दाहरु रहेका छन् कि ?
  - विभिन्न समूहहरु (जातीय, क्षेत्रीय) का खास बाधाहरु/मुद्दाहरु रहेका छन् कि ?
- **वैधानिकता**
  - कार्यक्रमहरु संचालन गर्नका लागि सरकारी साझेदार स्पष्ट रुपमा उपलब्ध छ ?

- शैक्षिक क्रियाकलापहरु तयार पार्न र सहयोग गर्न राजनैतिक⁄स्थानीय नेतृत्वबाट अधिकार प्राप्त छ ? यदी छैन् भने किन ?
- यि सहयोग विना अगाडि बढ्न जोखिम छ कि छैन ?
- यि सहयोग विना अगाडि बढ्दा न्यायपूर्ण हुन्छ ?
- साझेदारिता विकास गर्न सकिन्छ ?
- कार्यक्रमहरु सहयोग आकर्षण गर्न र⁄वा विकास गर्नका लागि तयार गर्न सकिन्छ ?

**स्रोत ग्रहण :** विश्व खाद्य कार्यक्रम, आपतकालीन अवस्थामा विद्यालय खानाको योजना-अवस्था विश्लेषण, योजना निर्माण, कार्यान्वयन, सन् २००४, http://www.wfp.org

# परिशिष्ट ३ः सूचना संकलन र आवश्यकताहरू लेखाजोखा प्रश्नावली

स्थान (हरु):..........................................................................................................................

आपतकालको प्रकृतिः..................................................................................................................

मुख्य समस्या (हरु):...................................................................................................................

केही विद्यालयहरु अझै संचालनमा छन् ?

| छन्/छैनन् ? | स्थान (हरु) | प्रभावित बालबालिकाहरुको उपस्थिति: केटी | केटा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**१. समस्या र/वा विस्तारीकरणको मुख्य कारण (हरु) :**

| | | | |
|---|---|---|---|
| विद्यालय भवनहरु क्षतिग्रस्त भएका | ☐ | यदि पारिश्रमिक नदिएमा शिक्षकले नपढाउने | |
| विद्यालय परिसरमा पानी असुरक्षित वा उपलब्ध नभएको | ☐ | यात्रा खतरायुक्त हुँदै गएको | ☐ |
| बालबालिकाहरु नअटेका/विद्यालयबाहिर रहेका | ☐ | शिक्षकहरु सेनामा भर्ना भएका | ☐ |
| इक्युपमेण्ट/साधनहरु अनुपलब्ध | ☐ | केही विद्यार्थीहरु गम्भिर मनोत्रासमा रहेका | ☐ |
| शैक्षिक सामाग्रीहरु खरिद गर्न परिवारहरु असमर्थ | ☐ | केही विद्यार्थीहरु अशक्त भएका | ☐ |
| शिक्षकहरुले छोडेका वा डराएका | ☐ | बालबालिकाहरु सेनामा भर्ना भएका | ☐ |
| शिक्षकको सट्टामा राख्न शिक्षित व्यक्तिहरुको अभाव | ☐ | | |

| २. बालबालिकाको जनसंख्या पहिचान | जम्मा | केटी | केटा |
|---|---|---|---|
| बालबालिकाको संख्या | .................. | .................. | ............... |
| ०-५ वर्ष उमेरका | ..................% | ..................% | ...............% |
| ६-१३ वर्ष उमेरका | ..................% | ..................% | ...............% |
| १४-१८ वर्ष उमेरका | ..................% | ..................% | ...............% |
| बासिन्दाहरु | ..................% | ..................% | ...............% |
| बाहिरबाट आएकाहरु | ..................% | ..................% | ...............% |

**३. आपतकालभन्दा अघिको अवस्थासँग तुलना**

| | जम्मा | केटी | केटा |
|---|---|---|---|
| बालबालिकाको संख्या | कम उही धेरै | कम उही धेरै | कम उही धेरै |
| ०-५ वर्ष उमेरका | कम उही धेरै | कम उही धेरै | कम उही धेरै |
| ६-१३ वर्ष उमेरका | कम उही धेरै | कम उही धेरै | कम उही धेरै |
| १४-१८ वर्ष उमेरका | कम उही धेरै | कम उही धेरै | कम उही धेरै |
| बासिन्दाहरु | कम उही धेरै | कम उही धेरै | कम उही धेरै |
| बाहिरबाट आएकाहरु | कम उही धेरै | कम उही धेरै | कम उही धेरै |

लैगिंक अवस्थामा देखिएको मुख्य फरकहरु व्याख्या गर्ने:

अन्य कुनै सम्बोधन गर्नुपर्ने प्रकृतिका देखिएका मुद्दाहरु जस्तै जातीय समूहहरुको उपस्थित छन् कि ? व्याख्या गर्नुहोस्

**४. बालबालिकाहरुको शिक्षाको स्तर कस्तो रहेको छ ?**

| | बालचरणको पूर्व शिक्षा | प्राथमिक शिक्षा | माध्यमिक तहका शिक्षा (पूर्व वयस्क अवस्थामा) |
|---|---|---|---|
| पूरा गरिसकेको विभिन्न उमेर समूहको प्रतिशत | ____________ | ____________ | ____________ |

**५. बालबालिकाको बोल्ने भाषा (हरु) कुन हुन् ?**

| | मातृ भाषा | बोल्न सक्ने ☑ | लेख्न सक्ने ☑ |
|---|---|---|---|
| स्थानीय भाषाहरु (नाम लेख्ने) | ____________ | | |
| | ____________ | | |
| | ____________ | | |
| अन्य (नाम लेख्ने) | ____________ | | |
| | ____________ | | |
| | ____________ | | |

६क. तपाईसँग समुदायिक भवनहरु (जस्तै: विद्यालयहरु, स्वास्थ्य केन्द्र, मन्दिर, चर्चहरु) देखिने क्षेत्रगत नक्सा उपलब्ध छ ?

६ख. यदि ६क.बमोजिमको नक्सा नभएमा, के तपाईले कुनै स्रोतबाट प्राप्त गर्न सक्नु हुन्छ ?

६ग. यदि ६ख. बमोजिमको छैन भने कसरी त्यस्तो सूचना प्राप्त गर्न सकिन्छ उल्लेख गर्नुहोस् ।

**७. कक्षाका लागि कुन ठाउँ उपयोग गर्न सकिन्छ ?**

| | सो स्थानमा पढाउन सकिने बालबालिकाहरुको संख्या |
|---|---|
| विद्यालय/कक्षा कोठाहरु | |
| पुन:स्थापना केन्द्र | |
| आश्रय स्थल | |
| बाहिरी खाली ठाँउ (रुखमुनि आदि) | |
| घर | |
| धार्मिक घरहरु | |
| क्लिनिक | |
| अन्य (उल्लेख गर्ने) | |

**८. तलका सेवा सुविधाहरु सहज रुपमा पहुँच योग्य छन् ?**

| | घटनास्थलमा☑ | अलि टाढा (मिटरमा)☑ | पहुँच नभएको☑ |
|---|---|---|---|
| पानीको स्रोत (उल्लेख गर्ने) | | | |
| शौचालयहरु | | | |
| नुहाउने ठाउँ | | | |
| शौचालय | | | |
| स्वास्थ्य सुविधाहरु | | | |
| असहायका लागि सेवासुविधाहरु | | | |
| विद्युत | | | |

**९. बालबालिकाहरुले कक्षा घरसम्म कति समय यात्रा गर्नुपर्दछ ?**

| | ०-२५ % | २६-५० % | ५१-७५ % | ७६-१००% |
|---|---|---|---|---|
| (मिटरमा) | | (बालबालिकाको समूहको %) | | |
| ५०० मिटर वा सोभन्दा कम | | | | |
| ५०० मिटरदेखि १००० मिटरसम्म | | | | |
| १००० मिटरभन्दा बढी (माइलमा) | | | | |
| आधादेखि १ माइलसम्म | | | | |
| १ माइलभन्दा बढी | | | | |

**१०. के घरपरिवारका बालबालिकाहरु घरको काम वा अन्य काममा संलग्न छन् ?**

| | केटी | केटा |
|---|---|---|
| % | | |
| घण्टा-प्रति दिन | | |
| विशेष गरी बिहान वा बेलुका | | |

**११. कति परिमाणमा (करिब) अध्ययन सामाग्री (विद्यार्थीका लागि) उपलब्ध वा आवश्यक छ ?**

| (प्रति बालबालिका) | उपलब्ध रहेको | आवश्यक |
|---|---|---|
| पाठयपुस्तकहरु | | |
| विषय १ | | |

| | | |
|---|---|---|
| विषय २ | | |
| विषय ३ | | |
| पाटी (हरु) | | |
| चक (हरु) | | |
| बल स्पोन्ज (हरु) | | |
| अभ्यास कापि (हरु) | | |
| कलम/पेन्सिल (हरु) | | |
| पेन्सिल इरेजर (हरु) | | |
| रंगीन पेन्सिल (हरु) | | |
| अन्य (उल्लेख गर्ने) | | |

**१२. कति परिमाणमा (करिब) अध्ययन सामाग्री (विद्यार्थीका लागि) उपलब्ध वा आवश्यक छ ?**

| (प्रति कक्षा) | उपलब्ध रहेको | आवश्यक |
|---|---|---|
| निर्देशिकाहरु | | |
| रेकर्ड पुस्तिकाहरु | | |
| कालोपाटी (हरु) | | |
| खरी (हरु) | | |
| भित्ते चार्ट/नक्साहरु | | |
| कलम/पेन्सिल (हरु) | | |
| मसलन्द | | |
| अन्य (उल्लेख गर्ने) | | |
| मनोरन्जनात्मक सामाग्रीहरु | | |

**१३. बालबालिकालाई पढाउन को उपलब्ध छ वा उपलब्ध हुन सक्छ ?**

| | संख्या | महिला (%) | पुरुष (%) |
|---|---|---|---|
| तालिम लिएका शिक्षकहरु | | | |
| आंशिक तालिम लिएका विशेषज्ञहरु | | | |
| अन्य क्षेत्रका विशेषज्ञहरु (जस्तै स्वास्थ्य क्षेत्रका) | | | |
| अन्य बालबालिका | | | |
| समुदायका सदस्यहरु | | | |
| गै.स.सं.का सदस्यहरु | | | |
| स्वयंसेवकहरु | | | |
| अन्य (उल्लेख गर्ने) | | | |

**१४. शिक्षकहरुलाई सहयोग गर्न कति वयस्क जनशक्तिहरु उपलब्ध छन् ?**

| | संख्या | महिला (%) | पुरुष (%) | शिक्षा वा योग्यताको तह |
|---|---|---|---|---|
| अर्ध विशेषज्ञहरु | | | | |
| अन्य क्षेत्रका विशेषज्ञहरु (जस्तै स्वास्थ्य क्षेत्रका) | | | | |

| | | | | |
|---|---|---|---|---|
| पुराना बालबालिका | | | | |
| समुदायका सदस्यहरु | | | | |
| गै.स.सं.का सदस्यहरु | | | | |
| स्वंयसेवकहरु | | | | |
| अन्य (उल्लेख गर्ने) | | | | |

**१५. के बालबालिका साथमा छन् ?**

| | बालबालिका समूहको % |
|---|---|
| उनीहरुको पुरै परिवारसँग | |
| आमावुवामध्ये कम्तीमा एकजनासँग | |
| अन्य पाका नजिकका नातेदारसँग | |
| परिवारका अन्य सदस्यहरुसँग | |
| स्वयंसेवकहरुसँग | |
| एक्लै | |

**१६. घरको मूली को छ ?**

| | बालबालिका समूहको % |
|---|---|
| आमा | |
| बुवा | |
| अन्य पाका सदस्य (उल्लेख गर्ने) | |
| अन्य बच्चा (ठूली दिदी) | |
| अन्य बच्चा (ठूलो दाजु) | |
| अन्य (उल्लेख गर्ने) | |

**१७. बालबालिकाको परिवारको आर्थिक पृष्ठभूमि (अवस्था) ?**

| | प्रतिशत |
|---|---|
| किसानहरु | |
| कालीगढहरु | |
| जनजातीहरु | |
| पशुपालक | |
| अन्य (उल्लेख गर्ने) | |

**१८. बालबालिकाका लागि कस्तो विशेष सन्देशहरु प्रसारित गर्न आवश्यक छ ?**

सरसरसफाई तथा स्वास्थ्य विषयका सन्देशहरु__________________________________

__________________________________________________________

स्वास्थ्य सन्देशहरु_______________________________________________

__________________________________________________________

विष्फोटक पदार्थहरु जस्ता कुनै सम्भावित खतरा बारेमा सन्देश ____________________
जीवन बाँच्ने सीपहरु (उल्लेख गर्ने) ____________________
अन्य (उल्लेख गर्ने) ____________________

**१९. प्रभावित समुदायहरुमा मुख्य रुपमा क्रियाशील संस्थाहरुको उपस्थिति (केहीको नाम संकेत गर्नुहोस्)**

| | | | | |
|---|---|---|---|---|
| सामुदायिक समितिहरु | सर्बव्यापि | साझा | कहिलेकाँही | अस्तित्वमा नरहेको |
| १ ____ | ☐ | ☐ | ☐ | ☐ |
| २ ____ | ☐ | ☐ | ☐ | ☐ |
| शिक्षा मन्त्रालयको साधनस्रोतहरु | सर्बव्यापि | साझा | कहिलेकाँही | अस्तित्वमा नरहेको |
| १ ____ | ☐ | ☐ | ☐ | ☐ |
| २ ____ | ☐ | ☐ | ☐ | ☐ |
| शिक्षकका लागि तालिम दिने संस्थाहरु | सर्बव्यापि | साझा | कहिलेकाँही | अस्तित्वमा नरहेको |
| १ ____ | ☐ | ☐ | ☐ | ☐ |
| २ ____ | ☐ | ☐ | ☐ | ☐ |
| शिक्षाका लागि सक्रिय स्थानीय गै.स.सं.हरु | सर्बव्यापि | साझा | कहिलेकाँही | अस्तित्वमा नरहेको |
| १ ____ | ☐ | ☐ | ☐ | ☐ |
| २ ____ | ☐ | ☐ | ☐ | ☐ |
| शिक्षाका लागि सक्रिय अन्तराष्ट्रिय गै.स.सं.हरु | सर्बव्यापि | साझा | कहिलेकाँही | अस्तित्वमा नरहेको |
| १ ____ | ☐ | ☐ | ☐ | ☐ |
| २ ____ | ☐ | ☐ | ☐ | ☐ |
| संयुक्त राष्ट्रसंघका निकायहरु | सर्बव्यापि | साझा | कहिलेकाँही | अस्तित्वमा नरहेको |
| १ ____ | ☐ | ☐ | ☐ | ☐ |
| २ ____ | ☐ | ☐ | ☐ | ☐ |
| अन्य (उल्लेख गर्ने) | सर्बव्यापि | साझा | कहिलेकाँही | अस्तित्वमा नरहेको |
| १ ____ | ☐ | ☐ | ☐ | ☐ |
| २ ____ | ☐ | ☐ | ☐ | ☐ |

**स्रोत : युनिसेफ**

# २ पहुँच र अध्ययनको वातावरण

## परिचय

संकटको समयमा महत्वपूर्ण अधिकार र स्रोतमा विशेष गरी शिक्षाको पहुँच धेरैजसो ज्यादै नै सीमित हुन्छ । यद्यपि शिक्षाले अतिरिक्त ज्ञान र सीप हासिल गराई सामान्य जीवनयापन सुचारु गर्न परिस्थितिसँग जुध्न प्रभावित समुदायलाई मद्दत गरी एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्तछ । त्यसै गरी धेरैजसो आपतकालीन परिस्थितिहरुमा शैक्षिक क्रियाकलापहरु संचालन गर्न धेरै जटीलताहरु देखा पर्दछन्, र खासगरी संकटासन्न समूहहरु प्रस्तावित शिक्षा प्राप्त गर्न असफल हुने खतरा रहन्छ । सरकार, समुदायहरु र मानवीय संस्थाहरुले सबै व्यक्तिहरुको सम्बद्ध, गुणस्तरीय शिक्षाको अवसर र अध्ययनको वातावरण सुरक्षित रहेको सुनिश्चित गर्नुपर्ने जिम्मेवारी हुनेछ, र विधार्थीहरुको दुवै संरक्षण तथा मानसिक, भावनात्मक एवं शारीरिक विकासको पनि प्रवर्द्धन गर्नुपर्नेछ ।

आपतकालीन अवस्थाका शिक्षाका कार्यक्रमहरुले विद्यार्थीहरुलाई भौतिक, सामाजिक तथा मानसिक संरक्षण प्रदान गर्न सक्तछ, विशेष गरी बालबालिका तथा युवा र शिक्षाकर्मीहरुलाई । यद्यपि, विधार्थीहरु विद्यालय आउँदा वा जाँदा र अध्ययनको वातावरण भित्र समेत भौतिक तथा मनोवैज्ञानिक खतराहरु धेरैजसो भोगिरहेका हुन्छन् । यी समस्याहरुले असमानुपातिक रुपमा बालिकाहरु तथा महिला शिक्षिकाहरुलाई प्रभाव पार्दछ । शिक्षाका सेवाहरु प्रदान गर्दा एउटा बाध्यकारी व्यवस्था भनेको विद्यार्थीहरु विद्यालय आउँदा वा जाँदा सुरक्षित रहेको सुनिश्चित गर्नु हो भने अध्ययनको वातावरण आँफैमा पनि अर्को महत्वपूर्ण पक्ष हो ।

औपचारिक तथा अनौपचारिक शिक्षाका अवसरहरु पनि बढोत्तरी हुने गरी उपलब्ध गराउनु पर्नेछ । यदि औपचारिक शिक्षा आपतकालीन स्थितिको तत्कालै सम्भव छैन भने मनोरन्जनात्मक क्रियाकलाप (खेलकुद खेल्ने), अनौपचारिक शिक्षाका क्रियाकलापहरु, ठूला बालबालिकाहरुका लागि समात्ने कार्यक्रमहरु, युवाहरुका

मुख्य अध्ययन सीप विकास र अद्यावधिक गर्नका लागि अवसरहरु र बैकल्पिक अनौपचारिक शिक्षा वा बालबालिका, युवा वा वयस्कहरु जसले आधारभूत शिक्षा शुरु गरेका छैनन् वा पुरा गरेका छैनन् तिनीहरुका लागि सीपका तालिमहरु जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्नेछ ।

केही समूहहरु वा व्यक्तिहरुलाई आपतकालीन परिस्थितिमा प्रदान गरिने शिक्षाको पहुँच पुऱ्याउन खास समस्याहरु रहेका हुन सक्तछन् । तरपनि भेदभावको कारणले गर्दा कसैले पनि शिक्षा र अध्ययनका अवसरहरुको पहुँचलाई नर्कान सक्दैनन् । शिक्षा प्रदायकहरुले असहाय, वयस्क बालिकाहरु, लडाकु समूहसँग सम्बद्ध बालबालिका, अपहरित बालबालिका, उमेर नपुगेका आमाहरु, आदि जस्ता विशेष आवश्यकता भएका संकटासन्न समूहहरुको खास आवश्यकताहरुको लेखाजोखा अनिवार्य रुपमा गर्नै पर्दछ जसले गर्दा तिनिहरु शिक्षाका अवसरहरुबाट लाभान्वित भएको सुनिश्चित हुन सकोस् । शैक्षिक हस्तक्षेपहरुले औपचारिक तथा अनौपचारिक शिक्षाका सेवाहरुमा मात्र ध्यान केन्द्रित नगरी, भेदभाव, विद्यालय शुल्क, भाषाका अवरोधहरु जस्ता निश्चित समूहलाई बाहेक गर्ने विभिन्न व्यवधानहरुलाई समेत सम्बोधन गर्नु पर्दछ । स्पष्ट रुपमा भन्दा शिक्षाका पहुँच नभएका वा जसले निरन्तर शिक्षा प्राप्त गर्न अवरोधहरु भोगिरहेका छन् त्यस्ता बालिका तथा महिलाका आवश्यकताहरु सम्बोधन गर्न अतिरिक्त अवसरहरु आवश्यक पर्दछन् - ती औपचारिक, अनौपचारिक वा प्राविधिक जुनसुकै क्षेत्रमा हुनसक्तछन् ।

### सबै वर्गका लागि साझा न्यूनतम मापदण्डहरूको सम्बन्ध

शैक्षिक प्रतिकार्य विकास वा कार्यान्वयन गर्ने प्रक्रिया यसको प्रभावकारिताको लागि मुख्य शर्त हो । यो खण्डको उपयोग सबैका लागि साझा न्यूनतम मापदण्डहरुसँग तादात्मयता हुने गरी गर्नुपर्नेछ, जसले समुदायको सहभागिता, स्थानीय साधनस्रोत, प्रारम्भिक लेखाजोखा, प्रतिकार्य, अनुगमन तथा मूल्यांकनलाई समावेश गरेको छ । खासरुपमा भन्दा विपद् प्रभावित जनताको संकटासन्न समूहहरु सहितको सहभागितालाई बढोत्तरी गरी यसको उपयुक्तता र गुणस्तरलाई सुनिश्चित गर्नै पर्दछ ।

न्यूनतम मापदण्डहरुः यिनिहरुको गुणात्मक प्रकृतिको हुनेछन् र शैक्षिक प्रतिकार्यका व्यवस्थाहरुको न्यूनतम उपलब्धिको स्तर निर्धारित हुनेछन् ।

मुख्य सूचकहरुः यिनीहरु सूचकहरु हुन जसले मापदण्डहरु पुरा भए वा नभएको देखाउँदछन् । यिनीहरुले कार्यक्रम र यसमा प्रयोग गरिएका प्रक्रिया वा विधिहरुले पारेका प्रभाव वा परिणामहरुको मापन र संचार गर्ने उपाय देखाउँछ । यि सूचकहरु संख्यात्मक वा गुणात्मक हुन सक्तछन् ।

मार्गदर्शनः यसमा विभिन्न अवस्थाहरुमा मापदण्ड र सूचकहरु प्रयोग गर्ने विधि, व्यवहारिक समस्या समाधानार्थ उपायहरु र प्राथमिकता प्राप्त मुद्दाहरुका विषयमा सल्लाह जस्ता ध्यान दिनुपर्ने भन्ने खास बुँदाहरु समावेश रहेका छन् । तिनीहरुमा जटिल मापदण्ड वा सूचक सम्बद्ध जटिल प्रश्नहरु र द्विविधा, विवादहरु वा वर्तमान ज्ञानका अपूर्ण पक्षहरुको व्याख्या समावेश छ । अनुसूची २ मा छानिएका सन्दर्भ ग्रन्थहरु उल्लेखित छन्, जसमा सामान्य विषयहरु र खास प्राविधिक विषयका सूचनाका स्रोतहरु प्रष्टयाइएका छन् ।

## पहुँच र अध्ययनको वातावरण

### मापदण्ड १

**समान पहुँच**

सबै व्यक्तिहरुलाई सम्बद्ध र गुणस्तरीय शिक्षाको अवसरहरुमा पहुँच हुनेछ ।

### मापदण्ड २

**संरक्षण तथा उन्नतशील जीवन**

अध्ययन सिकाइका वातावरणहरु सुरक्षित रहेको र विद्यार्थीहरुको मानसिक विकास तथा संरक्षणको भावना प्रवर्द्धन गर्नेछ ।

### मापदण्ड ३

**अनुगमन**

सबै साझेदारहरुले शैक्षिक प्रतिकार्यका क्रियाकलापहरु तथा प्रभावित समुदायका विकसित हुँदै आएका आवश्यकताहरु नियमित रुपमा अनुगमन गर्ने ।

### मापदण्ड ४

**सेवासुविधाहरु**

शिक्षाका सेवासुविधाहरु विद्यार्थीहरुको शारीरिक विकास विकास मैत्रीपूर्ण रहन्छ ।

**परिशिष्ट १**
मनोसामाजिक सूची

**परिशिष्ट २**
विद्यालय खाना सूची

**अनुसूची २ : पहुँच तथा अध्ययनको वातावरण खण्ड**

## पहुँच तथा अध्ययनको वातावरण १ : समान पहुँच

सबै व्यक्तिहरुलाई सम्बद्ध र गुणस्तरीय शिक्षाको अवसरहरुमा पहुँच हुनेछ

### मुख्य सूचकहरू (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- भेदभावको कारणले कुनै पनि व्यक्तिलाई शिक्षाको पहुँच र अध्ययनको अवसरबाट बञ्चित गरिने छैन (मार्गदर्शन टिप्पणी १(२ हेर्नुहोला)
- भर्ना हुनको लागि कुनै प्रमाणपत्र वा अन्य शर्तहरु बाधकको रुपमा रहने छैनन् । (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला) ।
- प्रभावित समुदायलाई आफ्नो आवश्यकता पूरा गर्नको लागि औपचारिक तथा अनौपचारिक शिक्षाका श्रृखंलाबद्ध अवसरहरु बढोत्तरी हुने गरी उपलब्ध गराउनु पर्दछ । (मार्गदर्शन टिप्पणी ४-५ हेर्नुहोला) ।
- तालिम तथा सचेतिकरणका माध्यमबाट समुदायका सदस्यहरुको अधिकार तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्न समुदायहरुको बढ्दो सहभागिता (मार्गदर्शन टिप्पणी ६-७ हेर्नुहोला) ।
- आपतकालीन अवस्थाका सबै चरणहरुमा र पहिलो चरणको पुन:निर्माणका लागि शिक्षाको निरन्तरता र गुणस्तरीयता सुनिश्चित गर्न पर्याप्त स्रोतहरु विभिन्न निकाय, दाताहरु, गै.स.सं.हरु, विकासका अन्य साझेदारहरु तथा समुदायहरुले उपलब्ध गराउने (मार्गदर्शन टिप्पणी ८ हेर्नुहोला) ।
- आपतकालीन अवस्थाका कारण अवरुद्ध भएको औपचारिक शिक्षा प्रणालीमा विद्यार्थीहरु जतिसक्दो चाँडो सुरक्षाका साथ सहभागी हुने वा पुन:सहभागी हुने अवसर मिलाउने ।
- शिक्षाका कार्यक्रमहरु प्रभावित देश र/वा शुरुआतकर्ता देशका शिक्षाका अधिकारीहरुद्वारा मान्यता प्राप्त हुने ।

### मार्गदर्शन टिप्पणीहरू

१. विभेदले विभिन्न अवरोधहरु लादिएकोलाई संकेत गर्दछ तर यो यतिमा मात्र सीमित नभै गरिबी, लैंगिक, उमेर, राष्ट्रियता, जातजाती, धर्म, भाषा, सँस्कृति, राजनैतिक सम्बद्धता, यौनजन्य झुकाव, सामाजिक-आर्थिक पृष्ठभूमि, भौगोलिक स्थान वा शिक्षाका विशेष आवश्यकताहरुका कारणसँग सम्बन्धित छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले निम्न व्यवस्था उल्लेख गरेको छ :

- धारा २ ले जस्तै जात, रंग, लिंग, भाषा, क्षेत्र, राजनैतिक वा अन्य आस्था, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै आधार जस्ता कुनै प्रकारका भेदभाव विना शिक्षाको अधिकारलाई मान्यता प्रदान गरेको छ ।

- धारा १३ ले प्रत्येकको शिक्षाको अधिकारलाई मान्यता दिएको छ जुन मानवीय व्यक्तित्व तथा मर्यादाको भावनाको पूर्ण विकासतर्फ निर्देशित गर्नेछ र मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको आदरलाई सुदृढीकरण गर्दछ । शिक्षाले सबै व्यक्तिहरुलाई खुला समाजमा प्रभावकारी रुपमा सहभागी हुन सबल बनाउँछ सबै राष्ट्रहरु बीचको मित्रता र जातीय एवं धार्मिक समूहहरुका बीच समझदारी, सहिष्णुता अभिवृद्धि गर्दछ तथा शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्रसंघका क्रियाकलापहरुलाई बढावा दिन्छ । साथै धारा १३ ले नै यस अधिकारको पूर्ण प्रत्याभूति हासिल गर्ने दृष्टिकोणबाट देहायको व्यवस्था स्वीकार गरेको छः १) प्राथमिक शिक्षा अनिवार्य हुनेछ र सबैका लागि निःशुल्क उपलब्ध हुने, २) माध्यमिक शिक्षा विभिन्न स्वरुपमा रहनु पर्ने जसमा प्राविधिक, ऐच्छिक माध्यमिक शिक्षा हुनेछ जुन सामान्यतया सबैका लागि उपयुक्त उपायद्वारा उपलब्ध हुने र पहुँचयोग्य हुने, र खासगरी क्रमशः निःशुल्क शिक्षालाई लागू गराउने प्रकृतिको हुने, ३) प्राथमिक शिक्षा पूरा गर्नुपर्ने अवधिमा त्यस्तो शिक्षा प्राप्त नगरेको वा पुरा नगरेको व्यक्तिहरुलाई आधारभूत शिक्षाका लागि यथासंभव प्रोत्साहित र घनिभूत बनाइनेछ ।

२. अन्तर्राष्ट्रिय उपकरण र मार्गदर्शनहरुले आपतकालमा शिक्षाको अधिकार प्रत्याभूति हुनुपर्ने घोषणा गरेका छन् । यस्ता दस्तावेजहरु देहायका छन् जुन यतिमा मात्र सीमित छैनन्ः

- विश्व शिक्षा फोरमको डकार कार्यसंरचनाले “सबैका लागि शिक्षा” लाई प्रवर्द्धन गरिरहेको घोषणा गरे अनुरुप सरकारले अनिवार्य रुपमा “द्वन्द्व, प्राकृतिक विपद् वा अस्थिरताबाट प्रभावितहरुको शैक्षिक आवश्यकताहरु पूरा गर्नुपर्ने र आपसी समझदारी, शान्ति तथा सहिष्णुता अभिवृद्धि हुने गरी शिक्षाका कार्यक्रमहरु संचालन गर्नुपर्दछ जसबाट हिंसा र द्वन्द्वको बचावट गर्न मद्दत पुगोस्”

- युद्धको समयमा निशस्त्र नागरिकको संरक्षणसम्बन्धी जेनेभा कन्भेन्सन (चौथो) को (धारा ५०): “राष्ट्रिय तथा स्थानीय अधिकारीहरुसँग सहयोगका साथ, बालबालिकाको शिक्षा तथा हेरचाहका लागि प्रतिवद्ध सबै संस्थाहरुसँग उपयुक्त कार्यसंचालनमा नियन्त्रण गर्ने अधिकारले सहजता ल्याउनु पर्नेछ”

- बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिले आपतकालीन परिस्थितिमा शिक्षाको भौतिक, मनोवैज्ञानिक तथा मानसिक संरक्षण गर्न औपचारिक ढाँचाहरु उपलब्ध गराएको छ ।

३. **प्रवेश तथा भर्ना :** प्रमाणपत्रको आवश्यकता लचिलो हुनुपर्नेछ र नागरिकताको प्रमाणपत्र, जन्म वा उमेरको प्रमाणपत्र, पहिचानयोग्य प्रमाणपत्रहरु, विद्यालयको प्रतिवेदन आदि आवश्यक पर्ने छैनन् किनकि आपतकालबाट प्रभावित जनतासँग यी प्रमाणपत्रहरु नहुन पनि सक्तछन् । उमेरको बन्देज आपतकालबाट प्रभावित बालबालिका तथा युवाका लागि आकर्षित हुन सक्तैन् । विद्यालय छोडेका विद्यार्थीहरुका लागि दोस्रोपटक भर्नाको मौका प्रदान गनुपर्दछ । ज्यादै सीमान्तिकृत र संकटासन्न विद्यार्थीहरुलाई लक्षित गरी संलग्न गराउन विशेष प्रयासहरु गर्नै पर्दछ । सुरक्षा चासोका विषयहरु समावेश भएको अवस्थामा प्रमाणपत्रहरु र भर्नाका सूचनाहरु गोप्य रुपमा राख्नु पर्नेछ ।

४. **शिक्षाको अवसरहरुको विस्तार :** यस्ता अवसरहरुमा विद्यालयपूर्वको चरण, प्राथमिक तथा माध्यमिक शिक्षा, उच्च शिक्षा, जीवन सीपहरु, व्यवसायिक तालिम, अनौपचारिक शिक्षा (साक्षरता र सांख्यिक शिक्षा समेत) र गतिकारक अध्ययनका अवसरहरु उपयुक्तता अनुरुप रहनु पर्दछ । विद्याथीहरुले आपतकालको परिणामस्वरुप कुनै मनोत्रासको अनुभव गरिरहेको अवस्थामा शिक्षा माथिको पहुँच समेत अन्त गरी अझ जटील बनाउन हुँदैन ।

लचिलो समयको कार्यक्रम सहितको विद्यालयको विभिन्न समय र बिहान/दिउँसो/बेलुका संचालन, बाह्य शिक्षाका कार्यक्रम, उमेर नपुगका आमाहरुका लागि बाल हेरचाह सेवा, कक्षाकोठामा समावेश हुन अप्ठ्यारो परेकालाई व्यवस्थित रुपमा जोडी सहयोगको व्यवस्था र संयुक्त शिक्षाका कार्यक्रम वा विदाका लागि अध्ययन कार्यक्रमले शैक्षिक अवसरहरु बढाई धेरै विद्यार्थीहरुलाई लाभान्वित बनाउन सक्तछ । जबर्जस्ति रुपमा पाका विद्यार्थीहरुलाई युवा बालबालिकाहरुका माझ मुलप्रवाहीकरण गरेमा वा ऐच्छिक रुपमा नियमित कक्षाहरुमा युवा विद्यार्थीहरुकै कक्षामा अनुमति दिएमा त्यसले दुवै युवा तथा पाका विद्यार्थीहरुमा नकारात्मक परिणामहरु उत्पन्न गराउन सक्तछ, जसले सबैलाई अप्रभावकारी अध्ययनको परिणाम दिन्छ । बैकल्पिक उपायहरु जस्तै पाका विद्यार्थीहरुका लागि छुट्टै कक्षाकोठाहरु र शीघ्रगतिकारक पाठ्यक्रमहरुलाई उपयुक्तता हेरी उपयोग गर्नु पर्नेछ । नियमित विद्यालयका कार्यक्रमहरुका अतिरिक्त अन्य बैकल्पिक व्यवस्था गर्दा युवा प्रतिनिधिहरु, महिलाका समूहहरु, समुदायका अन्य सदस्यहरु तथा समुदायका नेताहरुसँग परामर्श गर्नुपर्दछ ।

आपतकालीन अवस्थामा वा सो पश्चात विभिन्न ठाउँका संभावित विद्यार्थीहरुको लागत प्रभावकारी पहुँचको योजना बनाई आपतकालीन प्रतिकार्य गर्न शिक्षाका क्रियाकलापहरु पूर्णरुपमा विस्तार गर्न विभिन्न उपायहरु जस्तै विद्यालय अवस्थिति नक्शांकन अपनाउनु पर्नेछ ।

५. **विभिन्न उमेर समूह :** शिक्षाका अवसरहरु उमेर समूह (जस्तैः बालबालिका र युवावर्ग) तथा विषयवस्तु (जस्तैः आपतकालीन अवस्थाको प्रारम्भिक चरणमा सबैका लागि जीवन बचाउने सुचना) का आधारमा प्राथमिकीकरण गर्नुपर्नेछ । जब आपतकालीन अवस्थाबाट स्थिर अवस्थामा पुगिन्छ तब शिक्षाका अवसरहरु सबै प्रकारका जनसांख्यिक समूहहरुको लागि उपयुक्त हुने विभिन्न उपायहरु सहित जीवनस्तर स्तर सुदृढ गर्न सकिन्छ ।

६. **"गुणस्तरीय" र "उपयुक्त शिक्षा":** अनुसूची १ हेर्नुहोलाः आपतकालीन अवस्थाका लागि शिक्षाको न्यूनतम मापदण्डहरुः शब्दावलीहरु पृष्ठ ८८ यसका परिभाषा र विभिन्न शब्दको अर्थका लागि ।

७. **समुदायको सहभागिता :** शिक्षाका प्रक्रियाहरुमा समुदायहरुलाई सक्रिय रुपमा सहभागी गराउनु पर्नेछ । यसले संचारका कमजोरी हटाउन, अतिरिक्त साधनस्रोत परिचालन गर्न, सुरक्षाका चासोहरु सम्बोधन गर्न र सीमान्तिकृत समूहहरुकाबीच सहभागिता बढाउन मद्दत गर्दछ (अनुसूची १ हेर्नुहोलाः आपतकालीन अवस्थाका लागि शिक्षाको न्यूनतम मापदण्डहरुः शब्दावलीहरु पृष्ठ ८८ मा र समुदायको सहभागीताका मापदण्डहरु १-२ पृष्ठ ८८-८९) ।

८. **स्रोतहरु :** दाताहरु पहिलो चरणका आपतकालीन अवस्थादेखि पुनःनिर्माणसम्मका शैक्षिक प्रयासहरुको निरन्तरताका लागि लचिलो हुनुपर्ने र धेरै थरिका रणनीतिहरुमा सहयोग पुऱ्याउनु पर्दछ । शिक्षा सुनिश्चित गर्ने अन्तिम दायित्व राष्ट्रिय सरकारको हुन्छ र विभिन्न स्रोतहरुबाट रकम प्राप्त गर्न सक्तछन् । अन्य दाताहरुमा अन्तर्राष्ट्रिय समुदाय (द्विपक्षीय तथ बहुपक्षीय), अन्तर्राष्ट्रिय तथा परम्परागत गैर सरकारी संस्थाहरु, स्थानीय अधिकारीहरु, आस्थामा आधारित संगठनहरु, नागरिक समाजका समूहहरु र अन्य विकासका साझेदारहरु (विश्लेषण मापदण्ड २ तथा मार्गदर्शन टिप्पणीहरु ४ पृष्ठ २४ हेर्नुहोला) ।

स्रोत योजनाको ध्यान दीगो रुपमा तत्कालीन शिक्षाका अवसरहरु विस्तारतर्फ केन्द्रित हुनुपर्दछ तथा दीर्घकालीन योजना (आपतकालीन अवस्था लम्बिन सक्ने संभावना विचार गरी) र भावि पुनःनिर्माणलाई पनि ध्यान दिनुपर्दछ । सम्बन्धित पदाधिकारीहरुसँग सहकार्य र समन्वयले स्थिरताको सुनिश्चितताका लागि मद्दत गर्न सक्तछ ( शिक्षा नीति तथा समन्वयको मापदण्ड, पृष्ठ ८४ मा पनि हेर्नुहोला) । आपतकालमा द्रुत शैक्षिक प्रतिकार्यका लागि आर्थिक स्रोतमा शीघ्र पहुँच आवश्यक हुन्छ, जस्तै आतकालीन कोष वा प्रारम्भिक आर्थिक स्रोत । आपतकालीन अवस्थापछिको चरणमा विद्यालय कार्यक्रमका माध्यमबाट बालबालिका तथा युवाको विकासमा मद्दत पुऱ्याउन पर्याप्त आर्थिक स्रोत हुनै पर्दछ । प्रारम्भिक पुनःनिर्माणको चरणमा राष्ट्रिय तथा स्थानीय शिक्षा प्रशासन तथा योजनाको सुदृढीकरणका लागि जहाँ आवश्यकता छ त्यहाँ आर्थिक स्रोत प्रदान गर्नुपर्नेछ । दाताको स्रोतले सबै क्षेत्रमा अस्थायी आश्रय स्थलहरुका उपयोगको माध्यमबाट र शिक्षण तथा अभ्यास सामाग्रीहरुको व्यवस्था गरेर शिक्षाका कार्यक्रमहरुलाई सहज बनाउनु पर्नेछ ।

## पहुँच तथा अध्ययनको वातावरणसम्बन्धी मापदण्ड २ : संरक्षण तथा उन्ननशील जीवन

सिकाइका वातावरणहरु सुरक्षित रहेको र विद्यार्थीहरुको मानसिक विकास तथा संरक्षणको भावना प्रवर्द्धन गर्नेछ ।

### मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- विद्यालयहरु तथा अन्य अध्ययनका व्यवस्थाहरुको अवस्थिति लक्षित वा सेवाग्राही जनताको नजिकै हुनुपर्दछ (मार्गदर्शन टिप्पणी १-२ हेर्नुहोला)
- सिक्नका लागि निर्धारित स्थलसम्म पुग्ने पहुँचका बाटोहरु सबैका लागि सुरक्षित रहेको (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला)
- अध्ययनका वातावरणहरु विद्यार्थीहरुलाई कुनै हानी हुनसक्ने खतराबाट मुक्त रहेको छ (मार्गदर्शन टिप्पणी ४-५ हेर्नुहोला)
- शिक्षक, विद्यार्थी तथा समुदायका लागि संचालित तालिम कार्यक्रमहरुमा सुरक्षा, सुव्यवस्था र संरक्षणको भावना प्रवद्धन हुने प्रकृतिको हुनुपर्दछ ।
- शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुलाई विद्यार्थीको संवेगात्मक विकासको लागि मनोसामाजिक रुपमा मद्दत उपलब्ध गराउन सक्ने सीपहरु सिकाउनु पर्दछ (मार्गदर्शन टिप्पणी ६ हेर्नुहोला) ।
- विद्यार्थीहरु सुरक्षित अवस्थामा पढन पाउने वातावरणका लागि स्थानहरु निर्धारण गर्ने र पद्धति वा नीति निर्धारणको निर्णय प्रक्रियामा समुदायलाई सहभागी गराउने ।
- विद्यार्थीहरुको पोषण तथा छोटो अवधिको भोक मेटाउन आवश्यकता परिपूर्तिलाई सम्बोधन गरी शिक्षण स्थलहरुमा प्रभावकारी रुपमा सिक्न प्रोत्साहित गर्नुपर्दछ (मार्गदर्शन टिप्पणी ७ हेर्नहोला) ।

### मार्गदर्शन टिप्पणीहरु

१. नजिकपनालाई स्थानीय/राष्ट्रिय मापदण्डको आधारमा व्याख्या गर्नुपर्नेछ, यसरी व्याख्या गर्दा सुरक्षा र अन्य सुरक्षित उपायका चासोहरुलाई ध्यान दिनुपर्दछ । जहाँ दूरी उल्लेख्य मात्रामा रहेको छ, त्यहाँ सहायक (उपशाखा) कक्षाहरु लामो दुरी यात्रा गर्न नसक्नेहरु जस्तै कलिला बालबालिका वा वयस्क बालिकाहरुका लागि घर नजिकै कक्षा संचालन गर्न प्रोत्साहन गर्नुपर्नेछ ।

२. **सुरक्षा :** यदि सँधै पढाई हुने शैक्षिक स्थलहरु उपलब्ध नभएमा वा असुरक्षित भएमा सुरक्षित बैकल्पिक स्थानहरुको खोजी गर्नुपर्नेछ । विद्यालयहरु सुरक्षा फौजद्वारा अस्थायी आश्रय स्थलको लागि उपयोग गरिने छैन ।

३. **पहुँचका बाटोहरु :** सुरक्षा सुनिश्चित गर्नु राज्यको दायित्व हुनेछ, र सुरक्षा प्रर्याप्त र जहाँ उपयुक्त एवं आवश्यक छ त्यहाँ उच्चस्तरीय प्रहरी व्यवस्था एवं सुरक्षाकर्मीको खटनपटन मिलाउनु पर्नेछ । सबै विद्यार्थीहरु तथा शिक्षाकर्मीहरु (लैंगिक, उमेर, राष्ट्रियता, जातजाति वा शारिरीरक अशक्तताजस्ता विभेद नगरी) बीच यस्तो संरक्षणको व्यवस्था प्रवर्द्धन गर्न र सडक बाटोहरु सुरक्षित रहेको प्रत्याभूति दिन समुदायहरुसँग छलफल एवं रोकथाममूलक उपायहरुमा सहमति गर्नुपर्नेछ, जस्तैः वयस्कहरुले यात्राक्रममा सहयोग गर्ने । यो सामुदायिक शिक्षा समितिको कार्यसूचीको एक अंग हुन सक्तछ ।

४. **संरक्षण :** विद्यार्थीहरुलाई खतराहरुबाट हुने हानीबाट सुरक्षित राख्नु पर्नेछ, जस्तैः प्राकृतिक प्रकोप, हातहतियार, गोलीगट्ठा, विष्फोटक पदार्थ, विष्फोट हुन बाँकी पदार्थहरु, हतियारधारी समूहहरु, दोहोरो भिडन्त हुने क्षेत्र, राजनैतिक तथा सामरिक चुनौतिहरु र भर्ना आदि केही कारणहरु हुन सक्तछन् । विद्यार्थीहरु विशेष गरी धेरैजसो अल्पसंख्यक तथा बालिकाहरु विद्यालय जाँदा वा आउँदा दुर्व्यवहार, हिंसा, गैरकानूनी भर्ना वा अपहरणका शिकार हुने गरेका छन् । यस्तो अवस्थामा विद्यार्थीहरुको सुरक्षा सामुदायिक सुरक्षा अभियान र समुदायका वयस्कहरुद्वारा जाँदाआउँदा सहयोग गरेर सुधार्न सकिन्छ । त्यस्तो क्षेत्र जँहा विद्यार्थीहरु हिँडेरै विद्यालयबाट राती घर फर्कदा बाटोमा पर्याप्त विद्युत नहुने अवस्थाको क्षेत्रमा तिनीहरुको लुगाहरुमा र झोलाहरुमा प्रतिकात्मक चिन्ह वा स्टिकरहरु राख्नु पर्नेछ वा सहायताटोलीसँग टर्चलाईटहरु हुनुपर्नेछ । जहाँ र जहिले सम्भव छ, महिला विद्यार्थीहरुलाई बढावा दिन शैक्षिक स्थलहरुमा महिलाको उपस्थिति गराउनै पर्दछ । अतिरिक्त रुपमा, शिक्षाका कार्यक्रमहरुमा बालिका तथा महिलाहरुले भोगेको दुर्व्यवहारको तह अनुगमन गर्नुपर्नेछ ।

५. **हिंसामुक्त कक्षाकोठा व्यवस्थापन :** हिंसात्मक क्रियाकलापमा अन्य कुराका अतिरिक्त मानसिक दबाब, हिंसा, दुर्व्यवहार र भेदभावहरु पर्दछन् । हिंसाजन्य व्यवहार नदेखियोस् भनेर शिक्षकहरुलाई सकारात्मक कक्षाकोठा व्यवस्थापनका प्रक्रियाहरु सम्बन्धी तालिम लिनुपर्नेछ । शारीरिक दण्डलाई प्रयोग गर्न र प्रवर्द्धन गर्न पनि हुँदैन ।

६. **उन्ननशील जीवन :** भावनात्मक तथा मानसिक रुपमा उन्ननशील जीवनलाई कुनै व्यक्तिका लागि के गर्दा राम्रो हुनसक्तछ भन्ने पूर्ण अर्थमा बुझ्नु पर्दछः सुरक्षा, संरक्षण, सेवाको गुणस्तर, सुख र शिक्षा प्रदायक र ग्रहणकर्ताबीचको सम्बन्धको सदभावलाई यसमा राखिन्छ । यो क्रियाकलाप विद्यार्थीहरुको उन्ननशील जीवन सुनिश्चित गर्नका लागि उपयोग गरिनेछ र स्वस्थ मानसिक विकास, ठोस सामाजिक अर्न्तक्रिया तथा सुस्वास्थ्य अभिवृद्धि गर्नेतर्फ केन्द्रीत हुन पर्नेछ । उन्ननशील जीवनले विधार्थीको औपचारिक तथा अनौपचारिक कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गर्न समेत योगदान पुऱ्याउँदछ । (परिशिष्ट १ को मनोसामाजिक सूची पृष्ठ २९ मा हेर्नुहोला)

७. **पोषण :** पोषण तथा छोटो अवधिको भोक मेटाउन आवश्यकता परिपूर्तिलाई विद्यालय खाना कार्यक्रम मार्फत वा अन्य खाद्य सुरक्षाका कार्यक्रमहरु विद्यालयको वातावरणभन्दा बाहिर पनि सम्बोधन

गर्नुपर्नेछ । यदि विद्यालय खाना कार्यक्रम लागू गर्ने हो भने अन्य संस्थाहरुद्वारा प्रयोग गरेको मान्यताप्राप्त निर्देशिकाहरु प्रयोग गर्नुपर्नेछ, जस्तै: विश्व खाद्य कार्यक्रम (विद्यालय खाना कार्यक्रमको सूची परिशिष्ट २ पृष्ठ ३१ मा हेर्नुहोला)

## पहुँच तथा अध्ययनको वातावरणसम्बन्धी मापदण्ड ३ : सेवासुविधाहरू

शिक्षाका सेवासुविधाहरु विद्यार्थीहरुको शारीरिक विकास मैत्रीपूर्ण रहन्छ ।

### मुख्य सूचकहरू (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- शारीरिक अशक्तता बाहेकका लागि अध्ययनको संरचनाहरु सबैका लागि पहुँच योग्य रहनु पर्दछ ।
- उपयुक्ततानुसार सिक्ने स्थलहरु स्पष्ट चिन्ह तथा देख्न सकिने पर्खालहरुद्वारा संकेत गर्नुपर्नेछ ।
- सिक्ने स्थलहरुको लागि प्रयोग गरिएको भौतिक संरचना परिस्थिति अनुरुप उपयुक्त रहेको र यसमा कक्षा कोठाहरु र प्रशासन, मनोरन्जन तथा सरसफाईका एवं शौचालय सेवाहरु पर्याप्त राख्ने (मार्गदर्शन टिप्पणी १ हेर्नुहोला) ।
- सहभागितामूलक विधिहरु र विद्यार्थी केन्द्रीत पद्धतिलाई अभिवृद्धि गर्न कक्षाकोठाको ठाउँ र बस्ने सिटको व्यवस्थाप्रति विद्यार्थी र शिक्षकको अनुपात मिल्ने गरी व्यवस्था हुनेछ ।
- अध्ययनको वातावरणको निर्माण तथा अद्यावधिक गर्न समुदायको सहभागिता गराउने (मार्गदर्शन टिप्पणी २ हेर्नुहोला) ।
- अध्ययनको वातावरणमा आधारभूत स्वास्थ्य र सरसफाईका विषयलाई पनि अभिवृद्धि गरिनेछ ।
- उमेर, लैंगिक र शिक्षाका विशेष आवश्यकता तथा अन्य चासोहरुलाई मध्यनजर राखी सरसफाईका सेवासुविधाहरु प्रदान गर्नुपर्नेछ जसमा असहाय व्यक्तिहरुका लागि पहुँचको व्यवस्था पनि समावेश हुनुपर्दछ (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला)
- शुद्ध खानेपानी तथा व्यक्तिगत सरसफाईका लागि समेत पर्याप्त मात्रामा पानी विद्यालय क्षेत्रमा उपलब्ध हुन्छ (मार्गदर्शन टिप्पणी ४ हेर्नुहोला)

## मार्गदर्शन टिप्पणीहरु

१. संरचना: भौतिक संरचनाको उपयुक्ततामा यसको दीर्घकालीन उपयोग (आपतकालपश्चातको चरण), उपलब्ध बजेट, समुदायको सहभागिता र उपयुक्त रकममा स्थानीय अधिकारीहरु र/वा स्थानीय समुदायले मर्मतसंभार गर्न सक्ने वा नसक्ने जस्ता पक्षहरुलाई ध्यान दिनुपर्नेछ । संरचना अस्थायी, अर्ध-स्थायी, स्थायी, विस्तार र घुम्ती प्रकृतिको हुन सक्तछ । जसमा तलका तत्वहरुलाई विचार गर्नुपर्नेछ:

- भवन संरचना बनाउँदा यदि उपलब्ध छ भने स्थानीयस्तरमै खरिद गरिएको सामाग्रीहरु वा श्रमशक्ति उपयोग गर्नुपर्नेछ । संरचनाहरु लागत प्रभावकारी र भौतिक पक्षहरु (छानाहरु, भूँईहरु) दीगो रहेको सुनिश्चित गर्न आवश्यक उपायहरु अपनाउनु पर्दछ ।
- गुणस्तरीय अध्ययन तथा अध्यापनको वातावरण प्रवर्द्धन गर्न पर्याप्त प्रकाश, छडके भेन्टिलेशन तथा तातोपना (जहाँ आवश्यक छ) को व्यवस्था उपलब्ध गराउनु पर्नेछ ।
- विद्यार्थीको अधिकतम संख्या निर्धारण गर्न स्थानीयस्तरमा यथार्थपरक हुने मापदण्डहरु निर्धारण गर्नुपर्नेछ र यदि भर्ना संख्या बढेमा धेरै सिफ्टमा पढाउनुपर्ने अवस्थालाई न्यून गर्न कक्षाकोठाको लागि अतिरिक्त रुपमा पर्याप्त ठाउँको व्यवस्था गर्नुपर्नेछ ।
- माथि उल्लेखित सबै पूर्वाधारहरु र पर्याप्त स्थान प्राप्त नभई सकेको भनी शिक्षाका कार्यक्रमका लागि पर्खेर बस्ने आवश्यक छैन । यद्यपि यी पक्षहरु जतिसक्दो छिटो पूर्ति गर्ने वा व्यवस्था गर्नुपर्दछ। (एमएसईई सिडिरोममा स्फेयरका सम्बन्धित अस्थायी आश्रयस्थलसम्बन्धी मापदण्डहरु अनुसूचीमा हेर्नुहोला) ।

२. अध्ययनको वातावरणलाई अद्यावधिक गरिराख्न सेवासुविधाहरु (जस्तै: शौचालय, हातेपम्प आदि) र फर्निचर (टेबुल, बेन्च, कुर्सी, कालोपाटी, दराज, आदि) को व्यवस्था गर्नुपर्नेछ ।

३. सरसफाईका सेवासुविधाहरुमा फोहोरमैला व्यवस्थापन (कन्टेनर, फोहोर फाल्ने भाँडो), ढल निकास वा नली व्यवस्था (पानी सोच्ने, नालाको निकासहरु) र व्यक्तिगत स्वास्थ्यका एवं शौचालयहरुका लागि पर्याप्त पानी व्यवस्था गर्नुपर्नेछ । शिक्षण स्थानहरुमा महिला तथा पुरुषका लागि छुट्टा छुट्टै शौचालय तथा त्यसमा पर्याप्त गोपनियता कायम हुनुपर्नेछ । महिलाहरुका लागि सरसफाईका विशेष सामाग्रीहरु उपलब्ध गराउनु पर्नेछ (एमएसईई सिडिरोममा स्फेयरका सम्बद्ध सरसफाई सम्बन्धी मापदण्डहरु अनुसूचीमा हेर्नुहोला) ।

४. पानी: अध्ययन स्थलहरुको छेउमा वा नजिकै स्थानीय वा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप पानीको व्यवस्था गर्नुपर्नेछ (एमएसईई सिडिरोममा स्फेयरका सम्बद्ध पानीसम्बन्धी मापदण्डहरु अनुसूचीमा हेर्नुहोला) ।

# पहुँच तथा अध्ययनको वातावरण : परिशिष्टहरु

## परिशिष्ट-१ : मनोसामाजिक सूची

निर्दिष्ट सर्वेक्षण पद्धति स्थानीय परिस्थिति र संस्कृतिमा आधारित रहन्छ। देहायका विषयवस्तुले मनोसामाजिक जीवनस्तर सुधार र पुन:लाभका मुद्दाहरु सम्बोधन गर्न उपयोगी विभिन्न सूचनाको प्रकारलाई प्रतिनिधित्व गर्दछ।

**सामान्य अवस्थाहरु :**

- के मनोत्रासको समयमा बाल अधिकार उल्लंघनका घटनाहरु घटेका थिए ?
- दुर्व्यवहारका घटनाहरु बन्द भइसकेको वा बालबालिका र तिनका परिवारहरुका लागि त्यस्ता घटनाले असुरक्षाको वातावरणलाई निरन्तरता दिइरहेका छन् ?
- परिवारहरुसँगै बसिरहेका छन् ?
- के तिनीहरुलाई पर्याप्त गोपनीयता उपलब्ध छ ?
- परिवारहरुलाई मर्यादापूर्ण जीवन बाँच्नका लागि र बालबालिकाको स्याहार तथा संरक्षणका लागि के प्रयास गरिएको छ ? अझ धेरै के गर्न सकिन्छ ?
- समस्याहरुमा परेका बालबालिकाहरुका लागि सहयोग पुऱ्याउन समुदायका के कस्ता सामान्य क्रियाकलापहरु संचालित छन् ?
- समुदायसँग मनोसामाजिक तनावसँग जुध्न र प्रतिकार्यका लागि के कस्ता संयन्त्रहरु उपलब्ध छन् ? तिनीहरुको सुदृढीकरण वा निर्माण कसरी गर्न सकिन्छ ?
- प्रभावित जनताको सामान्य जनजीवनको व्यवस्था र सामाजिक संगठनहरुले बालबालिकाहरुको संरक्षण र स्याहारमा कसरी प्रभाव पारेको छ ?
- बालबालिका तथा तिनको परिवारहरुको जीवनस्तर सुधार्न के कस्ता उपायहरु अपनाउन सकिन्छ ?
- के समुदायमा बालबालिकाहरुका लागि नियमित क्रियाकलाप (जस्तै: अनौपचारिक शिक्षा, खेलकुद तथा मनोरन्जन) संचालन गर्न सक्ने व्यक्तिहरु उपलब्ध छन् ?

**आमाबुबा :**

- आमाबुबाहरुले कस्तो प्रकृतिको कठीनाई तथा तनावहरु झेलिरहेको छन् जसले तिनीहरुको जीवनस्तरका साथसाथै बालबालिकाहरुको स्याहारसंभारमा प्रभाव पारिरहेको छ ?
- यो कठिनाई घटाउन कस्तो उपायहरु अपनाउन सकिन्छ ?
- समुदायको परम्परामा सामान्यतया अनुमति दिइएको भन्दा बढी हुने गरी के आमाबुबाले बालबालिकाहरुलाई पिटेको देखिन्छ ?

- के आमाबुबाहरुलाई तनावपूर्ण कठिनाईहरुका विषयमा छलफल गर्ने र सहयोग खोजी गर्ने अवसरहरु उपलब्ध छन् जसको तिनीहरु र तिनका बालबालिकाले समाधन खोज्नै पर्दछ ?

**बालबालिका :**

- के बालबालिकालाई अपर्याप्त स्याहार संभारको व्यवस्था गरिएको छ ?
- बालबालिकाले प्राप्त गर्ने त्यस्तो स्याहार संभारमा सुधार गर्न के कस्तो उपायहरु अपनाउन सकिन्छ ?
- एक्लै रहेको बालबालिकाहरु छन् ?
- उच्छृखंल वा हिंसात्मक शैलीमा व्यवहार गरिरहेका बालबालिकाहरु छन् ?
- के बालबालिकालाई तिनको चासोहरु, विचारहरु र प्रश्नहरु कुराकानी गर्न साँस्कृतिक रुपले उपयुक्त अवसरहरु उपलब्ध गराइएको छ ?
- के बालबालिकाहरुलाई खेल्ने अवसर उपलब्ध छ ?
- के एकल बालबालिका, लामो समयसम्म आश्रयस्थलमा रहेका र सीमित घेरामा रहेका बालबालिकाहरुको विशेष आवश्यकता सम्बोधन भएको छ ?

**सेवाहरु :**

- के शिक्षा तथा अन्य क्रियाकलापहरुको व्यवस्था गरिएको छ जसले बालबालिकालाई नियमित विकासमा सहभागी हुन र क्रियाकलापहरु दैनिक रुपमा हुने कुराको अनुभूति दिलाउन सक्षम बनाएको छ ?
- के शरणार्थी वयस्कहरु तथा बालबालिकाहरुलाई कठिनाईहरु सम्बोधन गर्न सामाजिक सेवाहरुमा पहुँच रहेका छ ?
- के मनोसामाजिक दवावहरुको अनुभव गरिरहेका बालबालिकाहरुको पहिचान गर्ने प्रणाली र सहायता गर्ने व्यवस्था छ ?
- के शिक्षकहरुलाई तालिम तथा सहयोग उपलब्ध गराइएको छ ? के बालबालिकाहरुलाई राम्रो सहायता उपलब्ध गराउन प्राथमिक स्वास्थ्य सेवा तथा अन्य सेवाकर्मीहरु उपलब्ध छन् ?
- के विशिष्टिकृत मानसिक स्वास्थ्य सेवाहरु अति दबाबमा रहेका भनि सिफारिस गरिन सक्ने बालबालिकाहरुका लागि स्थापित छ ?

# परिशिष्ट २: विद्यालय खाना कार्यक्रम सूची

यदि शैक्षिक हस्तक्षेपका लागि खाद्यान्न एक स्रोतको रुपमा रहेको छ भने देहायका प्रश्नहरु सोध्न महत्वपूर्ण हुनेछन् :

**कार्यक्रमको उद्देश्यहरु :**

- यदि खाद्यान्न प्रस्ताव गरिएको छ भने यसको कसरी उपयोग गरिन्छ ? विद्यालय खाना, घरमा लगिने रासन, कामका लागि खाद्यान्न, तालिमका लागि खाद्यान्न वा शिक्षकका लागि खाद्यान्न ?
- विद्यमान परिस्थितिमा विद्यालय खाना कार्यक्रम (वा अन्य) किन उपयुक्त रहेको छ ?
- कार्यक्रमका उद्देश्यहरु के के छन् ? के खाद्यान्न उपयोगको प्रस्तावित व्यवस्थाले शिक्षाका पहिचान भएका आवश्यकताहरु पूरा गर्न मद्दत पुऱ्याउँछ ? के खाद्यान्नले उल्लेख मात्रामा धेरै बालबालिकाहरुलाई विद्यालयमा जान आकर्षित गर्न सक्छ ?
- उल्लेखित उद्देश्यहरुमध्ये आपतकालीन परिस्थितिमा कुन चाँही विशिष्ट छ ?
- ती उद्देश्यहरु सम्बोधन गर्ने आवश्यकताका सम्बन्धमा के तपाईसँग आवश्यक तथ्यांकहरु (पोषण स्थिति, भर्नादर र उपस्थिति तथ्यांक) छन् ?

**लक्षित जनसंख्या :**

- कार्यक्रमको लक्षित सेवाग्राहीहरु को हुन् ?
- विद्यालयहरु वा अति प्रभावित क्षेत्र वा सहायता (खाद्य सुरक्षाको अवस्था, साक्षरता तथ्यांक र भर्ना आदि) को अति आवश्यक भएकाहरुको निर्धारण गर्न आवश्यक सूचनाहरु तपाईसँग उपलब्ध छन् ?
- घर लैजाने रासनबाट कस्ता समूहहरु लाभान्वित हुन्छन् (जस्तैः बालिकाहरु, अल्पसंख्यकहरु, आदि) ?

**क्षमता विकास, दिगोपना र समन्वय :**

- कार्यक्रम शुरु गर्नुभन्दा अगाडि क्षमता विकासको कस्तो क्रियाकलापहरु आवश्यक छ ?
- के विद्यालयमा विद्यालय खाना कार्यक्रमका लागि उपयुक्त पूर्वाधार (जस्तैः पानीको व्यवस्था, खाना पकाउने सुविधा, भाँडाकुँडाहरु आदि) छ ?
- समुदायहरु, आमाबुबाहरु तथा बालबालिकाहरुका लागि शिक्षाको वर्तमान माग के छ ? खाद्यान्नले यसलाई कसरी परिवर्तन ल्याउन सक्छ ?
- खाद्यान्न लागू हुनुलाई समुदायहरु, आमाबुबाहरु, शिक्षकहरु, विद्यार्थीहरु तथा शिक्षाका पदाधिकारीले कसरी हेरेका छन् ? के खाद्यान्नको उपयोगले समुदायहरुका बीचमा द्वन्द्व वा तनाव बढाउने संभाव्यता छ कि ?
- खाद्यान्न आपूर्ति शुरु गर्नुभन्दा अघि कस्तो पूर्वाधारहरु तयार पार्नु पर्दछ ? कस्तो करार वा खरिद सेवाको व्यवस्था गर्नु आवश्यक छ ?

- विद्यार्थीहरुका लागि खाना तयार पार्न वा खुवाउन भन्दा अघि के कस्तो पूर्वाधारहरु स्थापित गर्नु पर्दछ ?
- कार्यालयहरुको स्थापना, भण्डार गृह एवं यातायात केन्द्रका लागि के कस्तो व्यवस्था गर्नु आवश्यक छ ? संचार ? सवारी साधन तथा सडक मार्ग ?
- के पर्याप्त संख्यामा शिक्षकहरु तथा सामाग्रीहरु उपलब्ध छन् र के त्यहाँ अतिरिक्त विद्यार्थीहरु समावेश गर्न पर्याप्त पूर्वाधार छ ? खाना लागू गर्दा पहिले नै कार्यबोझ भएको शैक्षिक प्रणालीमा कस्तो प्रभाव पर्ने संभावना हुन्छ ?
- के खाद्यान्न दिगो होला ? यदि हुन्छ भने कसरी ? खाद्यान्न सहायताको अन्त गर्नका लागि के कस्तो चरणबद्ध रणनीति अपनाउन सकिन्छ ? यसले शिक्षामा कस्तो प्रभाव पार्दछ ?
- शिक्षा क्षेत्रमा काम गर्ने अन्य मानवीय संस्थाहरु त्यँही वा नजिकैका स्थानामा कार्यरत छन् ? के तिनीहरुले खाद्यान्नलाई शिक्षा कार्यक्रमको स्रोतको रुपमा प्रयोग गर्ने योजना छ ? यदि छ भने कुन तरिकाबाट ? के तिनिहरु समन्वय गर्न इच्छुक छन् ? के खाद्यान्न आलोपालो मिलाई एकरुपता हुने गरी विभिन्न संस्थाहरु बाँडन सक्छन् ? आलोपालो व्यवस्थाले विद्यार्थीहरु एवं शिक्षकहरुलाई एक विद्यालय/क्षेत्रबाट अर्को विद्यालय/क्षेत्रमा कसरी आकर्षित गर्न सक्तछ ?
- कर्मचारीको व्यवस्थाले हामीहरुलाई वा हाम्रा साझेदारहरुलाई कस्तो प्रभाव पारिरहेको छ ? विद्यमान कर्मचारीको संख्या वर्तमान जिम्मेवारीहरुमा असर नपर्ने गरी खाद्यान्नका आधारमा शिक्षा कार्यक्रमहरुको व्यवस्थापन गर्न पर्याप्त छन् ? के उल्लेख्य मात्रामा वृद्धि आवश्यक छ ?

**खाद्य सामाग्री छनौट तथा पोषक तत्व :**

- कुन खाना प्रदान गर्दै हुनुहुन्छ ?
- कार्यक्रमले घर लैजाने रासन समावेश गरेको छ ? कार्यक्रमको अनुगमन कसरी हुन्छ ?
- कस्ता खानेकुराहरु उपलब्ध छन् ?
- विद्यालयका बालबालिकाहरुमा कुनै खास रोग, कुपोषण वा अन्य समस्याहरु छन् ? यदि छ भने खास सुक्ष्म पोषणयुक्त कमजोरी उपयुक्त खानेकुरा वा सबलीकरणका माध्यमबाट सम्बोधन गर्न सकिन्छ ?
- परम्परा अनुसार विद्यालयका बालबालिकाहरुको कुन खानाको चाहना गर्दछन् र स्वाद कस्तो छ ?

**खाद्य सुरक्षा, स्वास्थ तथा सरसफाईलाई सम्बोधन**

- के विद्यालयहरुमा सरसफाईका सुविधाहरु तथा खानेपानी उपलब्ध छ ?
- खाद्य संचालकहरुका लागि सशक्त एवं प्रशिक्षित बनाउन कार्यक्रम तयार पार्दा तालिममा कसरी उल्लेख गर्न सकिन्छ ?
- प्रदुषित हुने जोखिमलाई कसरी अल्पिकरण गर्न सकिन्छ ?
- विद्यालयका बालबालिकाहरुमा जुका पर्ने जस्ता पेटजन्य रोगका समस्याहरु छन् ? यदि छ भने विद्यालय खाना कार्यक्रम अन्तर्गत नियमित रुपमा जुका हटाउने उपचारको व्यवस्था आवश्यक छ ?

- विद्यालयका बालबालिकाका लागि एचआईभी/एड्स बचावट कार्यक्रम अहिले उपलब्ध छ ?
- कार्यक्रम तयार पार्दा एचआईभी/एड्स निरोधात्मक शिक्षालाई कसरी समावेश गर्न सकिन्छ ?
- यदी शिक्षक एचआईभी एड्सबाट ग्रसित भएमा के कस्तो आकस्मिक योजना रहेको छ ?

**समयसीमा :**

- सहायता कार्यक्रमको सम्भावित अवधि कति समयको हुनेछ ?
- प्रत्येक चरण (प्रारम्भिक लेखाजोखा, आधारभूत अध्ययन, अनुगमन तथा मूल्यांकन) का कार्यक्रमका लागि कुन तथ्यांकहरु उपलब्ध छन् ?
- खाद्यान्न कहिले उपलब्ध हुनेछ ?
- कार्यक्रम शुरु हुनुभन्दा अघि कस्तो क्षमता विकासको क्रियाकलापहरु हुनु आवश्यक छ र शुरुआत गर्ने सम्भावित समय कुन हो ?
- कसरी राहत (र पछि पुनर्लाभ) सहायता अन्त हुनेछ ? र जहाँ आवश्यक छ त्यहाँ तदनुरुप विकासको चरणको लागि उपयुक्त संक्रमण कसरी हुन सक्छ ?

**दाताहरु :**

- संभावित दाताहरु को हुन् ? दाताहरुको स्रोत कहिलेबाट उपलब्ध हुनेछ ?
- दाताहरुको लागि विस्तृत र पूर्ण कार्यक्रमको प्रस्तावबारे आदर्श कार्यक्रमको प्रारुप मस्यौदा गरिएको छ ?
- दाताहरुबाट कति समयसम्म खाद्यान्न प्राप्त हुन्छ ? केही महिना १-२ वर्षसम्म, ५-१० वर्षसम्म ? (यदि केही महिनाको अवधिसम्मको लागि मात्र दाताहरुबाट खाद्यान्न उपलब्ध हुन्छ भने विद्यालय खाना कार्यक्रम भन्दा यसको उपयोग शिक्षकको प्रोत्साहनको लागि गर्नु राम्रो हुनेछ, जसका लागि कम्तीमा केही समय लाग्न सक्छ)

**स्रोत ग्रहण :** विश्व खाद्य कार्यक्रम, आपतकालीन अवस्थामा विद्यालय खानाको योजना-अवस्था विश्लेषण, योजना निर्माण, कार्यान्वयन, सन् २००४, http://www.wfp.org, सूचीः खाद्यान्नलाई स्रोतको रुपमा उपयोग गर्ने वा नगर्ने भनी निर्धारण, www.crs.org

# ३ अध्ययन तथा अध्यापन

## परिचय

के पढाउनु महत्वपूर्ण हुनेछ भनी निर्णय गर्नु सबै शिक्षाविदका लागि कठीन छ । आपतकालीन समयमा कस्तो प्रकृतिको शैक्षिक सेवाहरु उपलब्ध गराउने भनी महत्वपूर्ण निर्णयहरु गर्नुपर्ने हुन्छ, चाहे औपचारिक वा अनौपचारिक हुन्, पाठ्यक्रमलाई लागू गर्नुपर्दछ चाहे त्यो उत्पत्ति भएको राज्यको होस् वा प्राप्त गर्ने देशको, र शिक्षणका प्राथमिकताहरु चाहे जीविकोपार्जनमा केन्द्रीत वा व्यवसायिक सीप वा प्राज्ञिक अध्ययन । जहाँ पाठ्यक्रम समीक्षा वा विकासको पनि आवश्यकता हुन सक्छ ।

सिक्ने मानिसहरुका लागि शिक्षा महत्वपूर्ण रहनु सान्दर्भिक छ। यसका लागि तिनीहरुको शैक्षिक आवश्यकता निर्धारण गर्न समुदायसँग नजिक बसेर काम गर्ने र निर्देशनहरु प्राप्त गर्नु आवश्यक हुन्छ । यसको अर्थ सामान्यतया यदि सम्भव छ भने चालू शैक्षिक प्रणालीसँगै बसेर काम गर्नु हो, छुट्टै संरचना स्थापित गरेर होइन्। यसले सबै शैक्षिक प्रयासमा र सिक्ने विषयवस्तुका निर्णयका विषयमा समुदायको सक्रिय सहभागितालाई जनाउँदछ । लागू गरिएको पाठ्यक्रम विद्यार्थीहरुको वर्तमान र अपेक्षित भविष्यको मागसँग सम्बन्धित हुन पर्दछ। जसले संकटबाट परिवर्तन भएका समुदायका आवश्यकताहरु जस्तै जीवन सीपहरु, शान्ति शिक्षा, नागरिक शिक्षा, जनचेतना, स्वास्थ्य, पोषण, एचआईभी/एड्स, मानव अधिकार र वातावरणसँग सम्बन्धित सूचनाहरुसँग अन्तरसम्बन्धित हुनुपर्दछ । बालबालिका, तिनका आमाबुबा, बुढापाकाहरु र सीमान्तिकृत समूहहरुका लागि अतिरिक्त जीवन सीपहरु सम्बन्धी शिक्षा उपलब्ध हुनुपर्नेछ ।

आपतकालीन शिक्षाका कार्यक्रमहरु मनोसामाजिक हस्तक्षेपको एउटा प्रकार हो जसले परिचित शिक्षणको वातावरण निर्माण, नियमित कार्यक्रम तथा भविष्यका लागि आशाको भावना संचार गराउँदछ। शिक्षा उपलब्ध गराउन संलग्न भएका हरेक विशेष गरी शिक्षकहरु तथा विद्यालय प्रशासकहरुले आफ्नो भूमिका निर्वाह गर्न मनोसामाजिक तथा समाजिक प्रभाव अल्पिकरण गर्ने अभिमुखीकरण लिनै पर्दछ।

शिक्षाका सेवाहरुले यो कुरा बुझ्नै पर्दछ कि मानिसले विभिन्न तरिकाबाट सिक्छ, विभिन्न रफतारमा सिक्छ र शिक्षण प्रक्रियामा सक्रियतापूर्वक सहभागी गराउनु आवश्यक हुन्छ भनेर। प्रभावकारी रुपले मानिसले सिक्नका लागि सहभागितामूलक अध्ययन विधि र अध्यापनका तरिकाहरु, विद्यार्थी केन्द्रीत विधिहरु अपरिहार्य छन्। बालककेन्द्रित पद्धतिले पूर्ण व्यक्तिको आवश्यकताहरु सम्बोधन गर्नैपर्दछ, शिक्षण सीपहरु बाँच्न, व्यक्तित्व विकास गर्न, सामाजिक अन्तरक्रिया र प्राज्ञिक अध्ययनका लागि आवश्यक छ। वयस्कहरुका लागि अध्ययन जीवन भरको लागि र प्रयोगात्मक हुन्छ। तिनिहरुका अध्ययन अभिवृद्धि त्यो बेला हुन्छ जब तिनीहरुलाई उद्देश्य, मूल्य र सिकिरहेको विषयको सम्बद्धता बुझाइन्छ एवं आँफै अध्ययनको प्रक्रियामा सक्रिय सहभागी हुने अवसर उपलब्ध गराइन्छ।

जब शिक्षण क्रियाकलापहरु अप्रशिक्षित हुन्छन्, त्यस्तो बेलामा आधारभूत विषयमा मात्र होईन कि आपतकालीन समयसँग सम्बद्ध विषयमासमेत उपयुक्त तालिम दिनु महत्वपूर्ण हुन्छ। लक्षित जनताका मनोसामाजिक आवश्यकताहरुलाई सम्बोधन गर्न थप तालिम पनि जरुरी हुन्छ। समुदायहरुले जान्न चाहन्छन् कि सर कारहरुले तिनीहरुको बालबालिकाहरुको शिक्षालाई मान्यता देओस्। साथै उच्च शिक्षाको पहुँच र रोजगारीका लागि तिनीहरुले प्राप्त गरेको शिक्षालाई उपयोग गर्न सक्षम होउन भन्ने समेत चाहन्छन्। मुख्य चासो भनेको सरकारहरुले शैक्षिक संस्थाहरुले र कर्मचारीहरुले पाठ्यक्रमलाई मान्यता दिए कि दिएनन् वा प्रमाणपत्रको उपलब्धता नै हो। सफलताको प्रमाणपत्रले विधार्थीको कार्यसम्पादन परीक्षणको बैधताका अतिरिक्त विधार्थीको उपलब्धिहरु तथा विद्यालय आउन उत्प्रेरणा दिन्छ। शरणार्थीहरुको अवस्थामा, प्रमाणपत्रका लागि शरणार्थी र मातृभूमि दुबैकाबीच ठोस वार्ताको संलग्नता आवश्यकता रहन्छ। आर्दश रुपले भन्दा लामो अवधिको शरणार्थी अवस्थामा पाठ्यक्रमले दुवै प्रकारको सामना गर्नुपर्ने आवश्यकता र स्वीकार गर्नुपर्ने हुन्छ - उत्पत्ति भएको राष्ट्रको र शरणार्थी स्वीकार्ने राष्ट्रको। यसका लागि शैक्षिक क्रियाकलापहरु एकीकृत गर्न र विभिन्न देशमा शरणार्थीको संख्याका लागि पर्याप्त क्षेत्रीय तथा अन्तरनिकाय समन्वयको आवश्यकता पर्दछ।

### सबै वर्गका लागि साझा न्यूनतम मापदण्डहरुको सम्बन्ध

शैक्षिक प्रतिकार्य विकास वा कार्यान्वयन गर्ने प्रक्रिया यसको प्रभावकारिताको लागि मुख्य शर्त हो। यो खण्डको उपयोग सबै वर्गका लागि साझा न्यूनतम मापदण्डहरुसँग तादात्मयता हुने गरी गर्नुपर्नेछ, जसले समुदायको सहभागिता, स्थानीय साधनस्रोत, प्रारम्भिक लेखाजोखा, प्रतिकार्य, अनुगमन तथा मूल्यांकनलाई समावेश गरेको छ। खासरुपमा भन्दा विपद् प्रभावित जनताको संकटासन्न समूहहरु सहितको सहभागितालाई बढोत्तरी गरी यसको उपयुक्तता र गुणस्तरलाई सुनिश्चित गर्नै पर्दछ।

**न्यूनतम मापदण्डहरु :** यिनीहरु गुणात्मक प्रकृतिको हुनेछन् र शैक्षिक प्रतिकार्यका व्यवस्थाहरुको न्यूनतम उपलब्धिको स्तर निर्धारित हुनेछन् ।

**मुख्य सूचकहरु :** यिनीहरु संकेतहरु हुन् जसले मापदण्डहरु पूरा भए वा नभएको देखाउँदछन् । यिनीहरुले कार्यक्रम र यसमा प्रयोग गरिएका प्रक्रिया वा विधिहरुले पारेका प्रभाव वा परिणामहरुको मापन र संचार गर्ने उपाय देखाउँछ । यि सूचकहरु संख्यात्मक वा गुणात्मक हुन सक्तछन् ।

**मार्गदर्शन :** यसमा विभिन्न अवस्थाहरुमा मापदण्ड र सूचकहरु प्रयोग गर्ने विधि, व्यवहारिक समस्या समाधानार्थ उपायहरु र प्राथमिकता प्राप्त मुद्दाहरुका विषयमा सल्लाह जस्ता ध्यान दिनुपर्ने भन्ने खास बुँदाहरु समावेश रहेका छन् । तिनीहरुमा जटील मापदण्ड वा सुचक सम्बद्ध जटील प्रश्नहरु र द्विविधा, विवादहरु वा वर्तमान ज्ञानका अपूर्ण पक्षहरुको व्याख्या समावेश छ । अनुसूची २ मा छानिएका सन्दर्भ ग्रन्थहरु उल्लेखित छन्, जसमा सामान्य विषयहरु र खास प्राविधिक विषयका सूचनाका स्रोतहरु प्रष्ट्याइएका छन् ।

**अध्ययन तथा अध्यापन**

| मापदण्ड १ | मापदण्ड २ | मापदण्ड ३ | मापदण्ड ४ |
|---|---|---|---|
| **पाठ्यक्रम** | **तालिम** | **प्रशिक्षण** | **मूल्यांकन** |
| खास आपतकालीन परिस्थितिमा औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्नका लागि साँस्कृतिक, सामाजिक तथा भाषिक रुपले सम्बद्ध पाठ्यक्रम प्रयोगमा ल्याइनेछ । | आवश्यकता तथा परिस्थिति अनुरुप शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुले आवधिक, सम्बद्ध तथा व्यवस्थित तालिम प्राप्त गर्नेछन् । | प्रशिक्षण विद्यार्थी-केन्द्रीत, सहभागितामूलक र समावेशी हुन्छ । | अध्ययनका उपलब्धिहरु मूल्यांकन गर्न र परीक्षण गर्न उपयुक्त पद्धतिहरु उपयोग गरिनेछ । |

**अनुसूची २: सन्दर्भ सामाग्री तथा स्रोत सामाग्री**
**अध्ययन एवं अध्यापन खण्ड**

# अध्ययन तथा अध्यापनसम्बन्धी मापदण्ड १ : पाठ्यक्रम

खास आपतकालीन परिस्थितिमा औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्नका लागि साँस्कृतिक, सामाजिक तथा भाषिक रुपले सम्बद्ध पाठ्यक्रम प्रयोगमा ल्याइनेछ ।

## मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- आपतकालीन अवस्थाबाट प्रभावित विद्यार्थीहरुको उमेर, विकासको स्तर, भाषा, सँस्कृति, क्षमता तथा आवश्यकताहरुको उपयुक्तता अनुरुप वर्तमान पाठ्यक्रमको समीक्षा गरिनेछ । पाठ्यक्रमको आवश्यकता अनुरुप उपयोग, अनुकूलन वा परिमार्जन गरिनेछ (मार्गदर्शन टिप्पणीहरु १-३ हेर्नुहोला) ।
- जहाँ पाठ्यक्रम विकास वा अनुकूलन आवश्यक पर्दछ त्यहाँ साझेदारहरुको अर्थपूर्ण सहभागिता गराइनेछ र विद्यार्थीहरुको असल चाहनाहरु र आवश्यकताहरुलाई विचार पुऱ्याइनेछ (मार्गदर्शन टिप्पणीहरु १-३ हेर्नुहोला) ।
- पाठ्यक्रमले आपतकालीन परिस्थितिका चरण सम्बद्ध जीवन सीपहरु, साक्षरता, गणितीय र आधारभूत शिक्षाका मुख्य दक्षताहरुलाई सम्बोधन गर्दछ (मार्गदर्शन टिप्पणीहरु ४-५ हेर्नुहोला) ।
- आपतकालीन समयमा र सो पश्चातको परिस्थितिसँग जुध्नको लागि पाठ्यक्रमले शिक्षक तथा विद्यार्थीहरुका मनोसामाजिक जीवनस्तरका आवश्यकताहरु सम्बोधन गर्दछ (मार्गदर्शन टिप्पणी ६ हेर्नुहोला) ।
- अध्ययनका विषयवस्तुहरु, सामाग्रीहरु तथा प्रशिक्षण विधार्थीहरु तथा शिक्षकहरुको भाषामा नै उपलब्ध गराइनेछ, विशेष गरी शुरुका वर्षहरुको अध्ययनहरुमा (मार्गदर्शन टिप्पणी ७ हेर्नुहोला) ।
- पाठ्यक्रम तथा प्रशिक्षणका विधिहरुले विद्यार्थीहरुको वर्तमान आवश्यकतालाई हेर्नेछ र भविष्यका सिक्ने अवसरहरुलाई अभिवृद्धि गर्दछ (मार्गदर्शन टिप्पणी ८ हेर्नुहोला) ।
- पाठ्यक्रम र प्रशिक्षण सामाग्रीहरु लैंगिक मैत्री, विविधता आत्मसात गर्ने र विद्यार्थीहरुको आदरलाई प्रवर्द्धन गर्ने हुनेछ (मार्गदर्शन टिप्पणी ९ हेर्नुहोला) ।
- पर्याप्त अध्ययन तथा अध्यापनका सामाग्रीहरु सम्बन्धित शैक्षिक क्रियाकलापमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार र समयमै उपलब्ध गराइनेछ । दीगोपनाका लागि स्थानीयस्तरमा उपलब्ध हुनसक्ने सामाग्रीहरुलाई प्राथमिकता दिइनेछ (मार्गदर्शन टिप्पणी १० हेर्नुहोला) ।

## मार्गदर्शन टिप्पणीहरू

१. पाठ्यक्रमलाई विद्यार्थीहरुलाई तिनको ज्ञान तथा सीपको आधार फराकिलो बनाउन मद्दत गर्ने एक कार्ययोजनाको रुपमा परिभाषा गर्न सकिन्छ। न्यूनतम मापदण्डको उद्देश्यहरुको लागि, पाठ्यक्रमलाई छाता शब्दको रुपमा प्रयोग गरिन्छ जसलाई दुवै औपचारिक र अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा प्रयोग गरिन्छ । यसमा अध्ययनका उद्देश्यहरु, अध्ययनका विषयवस्तुहरु, शिक्षण विधिहरु तथा तरिकाहरु, प्रशिक्षणका सामाग्रीहरु तथा मूल्यांकनका पद्धतिहरु समाविष्ट रहन्छन् । दुवै औपचारिक र अनौपचारिक शिक्षाका कार्यक्रमहरु पाठ्यक्रमबाट निर्देशित हुनेछ जसले विद्यार्थीहरुको ज्ञान र अनुभव बढाउने र तत्कालीन वातावरणसँग सम्बन्धित रहन्छ। न्यूनतम मापदण्डहरुका लागि देहायका परिभाषाहरु प्रयोग गरिएका छन्:

- अध्ययनको उद्देश्यले ज्ञान, सीपहरु, मूल्यहरु तथा प्रवृतिहरुलाई पहिचान गर्दछ जुन शैक्षिक क्रियाकलापहरुद्वारा विकसित हुन्छ
- अध्ययनका विषयवस्तुहरु पढ्नुपर्ने वा सिक्नुपर्ने सामाग्री (ज्ञान, सीपहरु, मुल्यहरु तथा प्रवृत्तिहरु) हुन्
- शिक्षण विधिहरुले अध्ययनका विषयवस्तुहरुको प्रस्तुतिकरण गर्न उपयोग गरिएको पद्धति वा तरिकाहरुलाई जनाउँदछ
- अध्यापन तरिका र पद्धति विधिको एक अंग हो र यसले समग्र विधि उपयोग गर्ने प्रक्रियाहरुको निर्माण गर्दछ र
- प्रशिक्षण सामाग्री भन्नाले पुस्तकहरु, पोष्टरहरु तथा अन्य अध्ययन तथा अध्यापनका सामाग्रीहरुलाई जनाउँदछ ।

सम्बन्धित औपचारिक तथा अनौपचारिक शिक्षाको पाठ्यक्रममा गुणस्तरीय अध्ययनका विषयवस्तु समावेश हुनुपर्नेछ जुन लैंगिक मैत्री, अध्ययनको स्तरअनुरुप उपयुक्त र विद्यार्थीहरु तथा शिक्षकहरुले बुझ्ने भाषामा हुनुपर्दछ । विद्यार्थीले सिक्ने क्रममा तिनको सक्रिय भूमिकालाई प्रोत्साहन गर्ने सहभागितामूलक विधिहरु पनि पाठ्यक्रमको अंग हुनेछ (अनुसूची १: शब्दावली पृष्ठ ९०, गुणस्तरीय शिक्षा र सम्बन्धित शिक्षाका परिभाषाहरु हेर्नुहोला) ।

२. उमेर अनुरुप र विकासको तह: पाठ्यक्रमको परीक्षण विद्यार्थीको उमेर अनुरुप मात्र होइन कि विकासको तहसँग समेत तादाम्यता कायम राख्ने कुरा सुनिश्चित गर्नका लागि गर्नुपर्नेछ। उमेर र विकासको तह व्यापक रुपमा आपतकालीन समयका दुवै औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा फरक हुनसक्तछ जसका लागि पाठ्यक्रम र पद्धतिहरुको अनुकूलन आवश्यक पर्दछ। "उमेर अनुरुप" भन्नाले सिलसिलेवार उमेर समूहलाई जनाउँदछ भने "विकासको उपयुक्तता" भन्नाले विद्यार्थीहरुको यथार्थ आवश्यकताहरु तथा मानसिक विकासलाई बुझाउँदछ।

३. पाठ्यक्रम विकास एक लामो तथा कठिन प्रक्रिया हुनसक्छ, तर आपतकालीन समयमा धेरैजसो पाठ्यक्रम उत्पत्ति भएको राज्य वा, लिने राज्य वा अन्य आपतकालीन स्थानबाट ल्याएर प्रयोग गरिन्छ। दुवै औपचारिक तथा अनौपचारिक द्रुत शुरुआति पाठ्यक्रमले सबै विद्यार्थीहरुका विशेष आवश्यकताहरु जस्तै लडाकु समूहसँग सम्बद्ध बालबालिकाहरु, तहभन्दा उमेर नाघिसकेका विद्यार्थीहरु, विद्यालय छोडेका र वयस्क विद्यार्थीहरुका आवश्यकताहरु सुनिश्चित गर्नु महत्वपूर्ण हुनेछ । साथै यो पनि महत्वपूर्ण हुनेछ कि सरोकालवालाहरु सक्रिय रुपमा पाठ्यक्रम तयारीमा संलग्न रहनुका अतिरिक्त शिक्षाका कार्यक्रमहरुको आवधिक समीक्षामा पनि संलग्न रहनेछन् । धेरै संख्यामा सरोकारवालाहरुसँग परामर्श लिइनेछ जसमा विद्यार्थीहरु, समुदायका सदस्यहरु, शिक्षकहरु, सहजकर्ताहरु, शिक्षाका अधिकारीहरु तथा कार्यक्रम निर्देशकहरु पर्दछन् ।

जहाँ औपचारिक शिक्षाका कार्यक्रमहरु आपतकालीन परिस्थितिको समय र तत्पश्चात संचालन गर्दा मान्यताप्राप्त प्राथमिक तथा माध्यमिक विद्यालयका पाठ्यक्रमहरु प्रयोग गर्न प्राथमिकता दिइनेछ र आवश्यकतानुसार त्यसलाई परिमार्जित गरिनेछ । शरणार्थीका लागि औपचारिक शिक्षाका कार्यक्रमहरुका लागि उत्पत्ति भएको राष्ट्रको पाठ्यक्रम लागू गर्न प्राथमिकता दिइनेछ जसबाट स्वेच्छिक घरफीर्तिलाई सहज बनाउनेछ, यद्यपि यो सँधै उपयुक्त र सम्भव नहुन सक्तछ । यस्तो निर्णयमा शरणार्थी र यसको स्वागतार्थी राष्ट्रका भावनाहरुलाई पूर्णतः विचार गर्नुपर्नेछ ।

आदर्श रुपमा, लामो अवधिको शरणार्थीको परिस्थितिमा पाठ्यक्रमले दुवै तरिकाका पाठ्यक्रमहरुको सामना गर्नुपर्ने आवश्यकता हुन सक्तछ र उत्पत्तिको राष्ट्र र स्वागतार्थी राष्ट्रका लागि स्वीकार्य हुनुपर्दछ । यसका लागि शैक्षिक क्रियाकलापहरुमा एकरुपता ल्याउन र शरणार्थीको विभिन्न राष्ट्रमा रहेको संख्याका आधारमा सारभूत क्षेत्रीय तथा अन्तर निकाय समन्वयको जरुरत पर्दछ । खास मुद्दाहरु जस्तै भाषिक दक्षताहरु तथा परीक्षाका परिणामहरुको प्रमाणिकरणको मान्यताका लागि निर्णयहरु गर्नुपर्दछ ।

४. उपयुक्त प्रशिक्षण विधिहरु विकास गरिनेछ र विद्यार्थीको सन्दर्भ, आवश्यकताहरु, उमेर र क्षमता अनुरुप विशेष तयारी गरिनेछ । आपतकालीन परिस्थितिको प्रारम्भिक चरणहरुमा नयाँ विधिहरु लागू गर्दा शिक्षकहरु लगायत विद्यार्थी, आमाबुबा, समुदायका सदस्यहरुले तनावपूर्ण अनुभव गर्न सक्तछन् जसले यसलाई ज्यादै परिवर्तन भएको वा धेरै छिटो भएको भन्ठान्न सक्तछन् । आपतकालीन परिस्थितिमा शिक्षा वा प्रारम्भिक पुन:निमाणले औपचारिक शिक्षाको वातावरणमा शिक्षकहरुका लागि परिवर्तनको अवसर प्रस्ताव गर्नुपर्दछ, तर अझ धेरै सहभागितामूलक वा विद्यार्थी मैत्री प्रशिक्षण ध्यानपूर्वक तथा संवेदनशील भई अनिवार्य रुपमा ल्याउनै पर्दछ । अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा स्वंयसेवकहरुलाई तालिम, संजीवकरहरु (Animators) वा सहजकर्ताहरु मार्फत विद्यार्थी केन्द्रीत पद्धतिहरु छिटो लागू गर्न सकिन्छ ।

५. मुख्य दक्षताहरु अध्ययनका विषयवस्तुहरु वा शिक्षकको तालिम सामाग्री विकास वा अनुकूलन गर्नु अघि नै पहिचान गर्नुपर्नेछ । कार्यात्मक साक्षरता तथा गणितीय विषयभन्दा अझ अगाडि आधारभूत शिक्षाको मुख्य दक्षताहरु भन्नाले विद्यार्थीहरुका लागि आपतकालीन प्रभावित जनताले समुदाय वा राज्यको सक्रिय सदस्यको हैयितले सक्रियतापूर्वक र सारभूत रुपले सहभागी हुन आवश्यक पर्ने ज्ञान, सीपहरु, प्रवृत्तिहरु र अभ्यासलाई जनाउँदछ ।

६. विद्यार्थीको साथसाथै शिक्षाकर्मीहरुको मनोसामाजिक आवश्यकता तथा विकासलाई आपतकालका सबै चरणहरुमा र संकट तथा पुनर्लाभका लागि समेत सम्बोधन गर्नुपर्ने र विचार पुऱ्याउनु अनिवार्य हुनेछ । औपचारिक तथा अनौपचारिक शिक्षाका सबै शिक्षाकर्मीहरुलाई विद्यार्थीहरुको तनावका संकेतहरु बुझ्न सक्ने गरी प्रशिक्षित गर्नुपर्नेछ र शिक्षण वातावरणमा यस्तो व्यवहारलाई हटाउन आवश्यक प्रयासहरु गर्नै पर्दछ । कुनै विद्यार्थीबाट तनावको गम्भिर स्थिति देखाइएमा तिनीहरुलाई अतिरिक्त सहयोग उपलब्ध गराउन शिक्षाकर्मीहरुलाई स्पष्ट हुने गरी सिफारिस संयन्त्रहरु किटान हुनुपर्नेछ । मनोत्रासमा परेका बच्चा वा युवा वर्गका लागि शिक्षण विधिहरु अनुमान योग्य संरचना, छोटो अवधिका अध्ययनका कक्षाहरु जसले ध्यान एकीकृत गर्न मद्दत पुऱ्याओस्, सकारात्मक अनुशासन विधिहरु, अध्ययनका क्रियाकलापहरुमा सबै विद्यार्थीहरुको सहभागिता र समन्वयात्मक खेलहरु समेत समावेश गर्नुपर्नेछ । शिक्षाकर्मीहरुका मनोवैज्ञानिक आवश्यकताहरुलाई पनि विचार पुऱ्याउनु पर्नेछ किनकि कर्मचारीहरु पनि प्रभावित जनताहरुबाट लिइएको हुन्छ र तिनीहरुले समेत विद्यार्थीको जस्तै प्रकृतिको तनाव वा मनोत्रासको सामना गरिरहेका हुन्छन् । तालिम, अनुगमन तथा सुपरिवेक्षण सहयोगले यी पक्षहरुलाई स्पष्टरुपमा विचार पुऱ्याउनु पर्दछ (मनोसामाजिक सन्दर्भ सूचीका लागि पहुँच तथा अध्ययनको वातावरण परिशिष्ट १ पृष्ठ ५२ हेर्नुहोला, पहुँच तथा अध्ययनको वातावरणसम्बन्धी मापदण्ड २ र शिक्षकहरु तथा अन्य शिक्षाकर्मीको मापदण्ड तीन पनि हेर्नुहोला, पृष्ठ ४८-५० मा )

७. भाषा : शरणार्थी प्राप्त गरेका राज्यका लागि यो असामान्य होइन कि तिनीहरुले शरणार्थीका शैक्षिक कार्यक्रमहरु तिनीहरुको मापदण्डहरु लागू गर्नुका साथसाथै आफ्नो भाषा र पाठ्यक्रम पनि प्रयोग गर्न खोज्छन् । यद्यपि, विद्यार्थीहरुको भविष्यमाथि विचार पुऱ्याउनु महत्वपूर्ण हुनेछ, विशेष गरी जसले आपतकालीन अवधि पश्चात पनि आफ्नो अध्ययनलाई निरन्तरता दिन चाहन्छन् । मानवीय सहायकताकर्मीले शरणार्थीहरुको मातृभाषा वा राष्ट्रिय भाषामा पढ्नका लागि अनुमति दिन ठोस रुपमा स्थानीय सरकारलाई अभिप्रेरित गर्नुपर्नेछ । यदि यो अनुमति दिइयो भने सबै मुख्य अध्ययनका विषयवस्तु, शिक्षक मार्गदर्शन, विद्यार्थीका पुस्तक र अन्य मौखिक तथा श्रव्यदृश्य सामाग्रीहरु मातृभाषामा नभए प्रशिक्षणका सामाग्रीहरु उल्था गर्नुपर्नेछ । यदि यसरी अनुवाद गर्न अनुमति नपाएमा, विद्यार्थीहरुको भाषामा पूरक कक्षाहरु संचालन तथा क्रियाकलापहरु विकास गर्नुपर्नेछ ।

८. अध्ययनका विषयवस्तु तथा मुख्य अवधारणाहरुः जब अध्ययनका विषयवस्तु निर्धारण गरिन्छ तब विधार्थीहरुका हरेक चरणका आपतकालीन अवस्थाका लागि उपयोगी ज्ञान, सीपहरु तथा भाषा(हरु) मा ध्यान पुऱ्याउनु पर्दछ र जुन सीपहरुले तिनीहरुको क्षमता अभिवृद्धि गरी आपतकालीन परिस्थिति वा तत्पश्चात आत्मनिर्भर, उत्पादनशील जीवन बाँच्न सकुन् र अध्ययनका अवसरहरुमा निरन्तर पहुँच कायम राख्न सक्षम बनाऊन् ।

**अध्ययनका उपयुक्त विषयवस्तु तथा मुख्य अवधारणाहरुमा निम्नलिखित तत्वहरुमा आधारित रहन्छ :**

- सीपमा आधारित स्वास्थ्य शिक्षा (उमेर तथा अवस्थाको उपयुक्ततानुसारः प्राथमिक उपचार, प्रजनन स्वास्थ्य, यौनजन्य सरुवा रोगहरु, एचआईभी/ एड्स
- मानव अधिकार तथा मानवीय मूल्य, सक्रिय नागरिक, शान्ति शिक्षा/शान्ति निर्माण, अहिंसा, द्वन्द्व रोकथाम/व्यवस्थापन/समाधान, बाल संरक्षण, सुरक्षा र सुरक्षित उपाय
- साँस्कृतिक क्रियाकलापहरु जस्तै संगीत, नृत्य, नाटक, खेलकुद
- नयाँ वातावरणमा बाँच्नका लागि आवश्यक सूचनाः बारुदी तथा नपड्किएका विष्फोटक पदार्थहरुसम्बन्धी सचेतना, द्रुत स्थानान्तरण र सेवाहरुमा पहुँच
- बाल तथा वयस्क विकास र
- जीविकोपार्जनको सीपहरु तथा व्यवसायिक तालिम ।

९. विविधतालाई आपतकालका सबै चरणहरुका शैक्षिक क्रियाकलापहरु तयार पार्दा एवं कार्यान्वयन गर्दा ध्यान दिनुपर्दछ, विशेष गरी विविधतायुक्त विद्यार्थीहरुको समावेशी, विभिन्न पृष्ठभूमिका शिक्षकहरु/सहजकर्ताको समावेशी र सहिष्णुता र आदरको भावना विकास पर्दछन् । विविधतालाई प्रोत्साहन गर्ने पक्षहरुमा अन्य कुराहरुका अतिरिक्त लैंगिक, सँस्कृति, राष्ट्रियता, जातीयता, धर्म, सिक्ने क्षमता, विशेष आवश्यकता भएका विद्यार्थीहरु र बहु-तहगत एवं बहु-उमेरगत प्रशिक्षणहरु पर्दछन् ।

१०. विद्यार्थीहरुका लागि स्थानीय स्तरमा उपलब्ध हुनसक्ने सामाग्रीहरु आपतकालीन स्थिति देखा पर्नासाथ खोजी गर्नुपर्नेछ । शरणार्थीहरुका लागि उनीहरु आएको क्षेत्र वा राज्यमा प्राप्त हुनसक्ने सामाग्रीहरु हुन् । सामाग्रीहरु खरिद, विकास वा अनुकूलन गरी पर्याप्त मात्रामा उपलब्ध गराउनु पर्नेछ । सामाग्रीहरुको भण्डार, वितरण तथा प्रयोगको मूल्यांकन गर्नु आवश्यक हुनेछ । विद्यार्थीहरुले अध्ययनका विषयवस्तुहरुलाई आँकलन गर्नसक्ने हुनुपर्दछ र सामाग्रीहरुले विद्यार्थीको सँस्कृतिलाई आदर गरेको प्रतिविम्वित हुनुपर्दछ ।

## अध्ययन तथा अध्यापनसम्बन्धी मापदण्ड २ : तालिम

आवश्यकता तथा परिस्थिति अनुरुप शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुले आवधिक, सम्बद्ध तथा व्यवस्थित तालिम प्राप्त गर्नेछन् ।

### मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- तालिमसँग प्राथमिकीकरण गरिएका आवश्यकता, शिक्षा क्रियाकलापहरुको उद्देश्यहरु र अध्ययनका विषयवस्तुहरु सम्बन्धित छन् (मार्गदर्शन टिप्पणी १-२ हेर्नुहोला) ।
- उपयुक्त अनुसार सम्बन्धित शिक्षाका अधिकारीहरुले तालिमको निर्णय र मान्यता प्रदान गर्नेछन् (मार्गदर्शन टिप्पणीहरु ३-४ हेर्नुहोला) ।
- योग्य प्रशिक्षकहरुले तालिम कार्यक्रम संचालन गर्छन र निरन्तर सहयोग तथा मार्गदर्शन, स्थानीय स्तरमा उपयुक्त अनुगमन, मूल्यांकन र निरीक्षण तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ (मार्गदर्शन टिप्पणी ४ हेर्नुहोला) ।
- तालिममा निरन्तर अनुगमन र शिक्षकहरुलाई शिक्षण वातावरणमा सहजकर्ताको भूमिकाको लागि प्रोत्साहन गर्ने, सहभागितामूलक शिक्षण विधिहरुलाई प्रवर्द्धन गर्ने र शिक्षण सहायता सामाग्रीहरुको प्रदर्शन समावेश रहन्छ ।
- तालिमका विषयवस्तुहरुले शिक्षकहरुको, विद्यार्थीहरुको र समुदायहरुको आवश्यकता पूरा गरे वा नगरेको विषयमा निरन्तर मूल्यांकन गरिनेछ र आवश्यकता भएमा परिमार्जन गरिनेछ ।
- तालिमले शिक्षकहरुलाई समुदायका सदस्यहरुलाई आवश्यक भएका समयमा नेतृत्वदायी भूमिकाहरुका लागि सक्षम बनाउन उपयुक्त सीपहरु प्रदान गर्दछ ।

### मार्गदर्शन टिप्पणीहरु

१. “शिक्षक” भन्नाले दुवै औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमका प्रशिक्षकहरु र सहजकर्ताहरु वा संजीवकहरुलाई जनाउँदछ (नियुक्ति, छनौट तथा कार्यशर्त र सहयोग तथा अनुगमनसम्बन्धी सूचनाका लागि शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुको मापदण्ड १-३ पृष्ठ ७३ हेर्नुहोला) ।

२. तालिमको पाठ्यक्रम र विषयसूची विकासको आधार परिस्थितिको सन्दर्भ अनुसार शिक्षाकर्मीहरुको खास आवश्यकता र बजेट तथा समयसीमामा आधारित हुनुपर्दछ । तालिम कार्यक्रमहरुले आपकालीन समयमा मूल्यमा आधारित शिक्षाका चुनौतिहरुलाई सम्बोधन गर्नुपर्नेछ र आवश्यकता अनुसार जीवन सीपहरु तथा शान्ति शिक्षा पनि समावेश गर्नुपर्नेछ ।

तालिम पाठ्यक्रममा अन्य कुराका अतिरिक्त मुख्य विषयको ज्ञान, शैक्षिक तथा शिक्षण विधिहरु, बाल विकास, पाका व्यक्तिहरुलाई प्रशिक्षण, विविधताको आदर, विशेष आवश्यकताका विद्यार्थीहरुलाई शिक्षण प्रक्रिया, मनोसामाजिक आवश्यकताहरु, द्वन्द रोकथाम/समाधान र शान्ति शिक्षा, मानव अधिकार, बाल अधिकार, आचार संहिता, शिक्षकका लागि जीवन सीपहरु (एचआईभी/एड्स सहित), विद्यालय र समदायको सम्बन्ध, समुदायका स्रोतहरुको उपयोग, सक्रमणमा रहेका फर्किन योग्य जनता जस्तै विस्थापित समुदाय तथा शरणार्थीहरुको आवश्यकताहरु पहिचान र पूरा गर्ने कुराहरु पर्दछन् ।

३. **तालिम सहयोग तथा समन्वय :** जब आपतकालीन अवस्थाले स्थिरता पाउँछ तब राष्ट्रिय तथा स्थानीय शिक्षा अधिकारीहरु र सामुदायिक शिक्षा समितिहरु आवश्यकतानुसार औपचारिक तथा अनौपचारिक शिक्षक तालिम क्रियाकलापको तयारी तथा कार्यान्वयनमा संलग्न रहनुपर्नेछ । सेवामा कार्यरत रहेका शिक्षक तालिमको पाठ्यक्रम विकास र प्राप्त गरेको तालिमलाई मान्यता प्रदान गर्न आपतकालीन प्रतिकार्यको शुरुआतमै संवाद शुरु गर्न सल्लाह दिइन्छ । यद्यपि, धेरै शरणार्थीहरुको अवस्थामा सदाजसो शरणार्थीको समुदाय र शिक्षा कार्यक्रमहरु एवं स्थानीय शिक्षा प्रणालीका बीच कुनै सम्बन्ध हुँदैन ।

सम्भावना अनुसार उपयुक्त प्रशिक्षक प्रशिक्षण कार्यक्रम गर्न स्थानीय प्रशिक्षकहरु पहिचान गर्नुपर्नेछ जसले तिनीहरुको सहजीकरण एवं तालिम सीपहरुको आवश्यकतानुरुप क्षमता विकास गर्न सकुन् । जहाँ सीमित संख्यामा प्रशिक्षकहरु उपलब्ध रहेकाछन् वा अपर्याप्त तवरमा प्रशिक्षित रहेकाछन् भने बाहृय संस्थाहरु (जस्तैः संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय गै.स.सं.) र स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरुसँग समन्वयात्मक प्रयासहरु गरी वर्तमान वा संक्रमणकालीन संरचना र संस्थाहरु मार्फत सेवाकालीन वा पूर्वसेवाकालीन शिक्षक तालिम सुदृढीकरण गर्नुपर्नेछ ।

४. **मान्यता तथा सम्बद्धता :** राष्ट्रिय तथा स्थानीय शिक्षाका अधिकारीहरुबाट तत्कालीन अवस्थामा गुणस्तर र मान्यताका लागि स्वीकृति तथा सम्बद्धता खोज्नुपर्नेछ र यसमा आपतकालीन स्थिति पश्चातको अवस्थालाई पनि मध्यनजर राख्नुपर्नेछ । शरणार्थी शिक्षकको हकमा, शिक्षाका अधिकारीहरुले स्थानीय देश वा गृह राज्य/क्षेत्र वा तिमध्ये कुनै एकले तालिमलाई मान्यता दिनुपर्नेछ । यस उद्देश्य पूर्तिको लागि प्रशिक्षक प्रशिक्षण पाठ्यक्रमहरु राम्ररी व्यवस्थित र पुस्तककारमा रहनु पर्दछ र शिक्षाका अधिकारीहरुद्वारा तोकिएका शिक्षकका लागि आवश्यक योग्यता पूरा गर्नुका साथसाथै आपतकाल सम्बद्ध अन्य अतिरिक्त आवश्यकताहरु पूरा गर्नु आवश्यक हुनेछ ।

# अध्ययन तथा अध्यापनसम्बन्धी मापदण्डहरु ३ : प्रशिक्षण

प्रशिक्षण विद्यार्थी-केन्द्रीत, सहभागितामूलक र समावेशी हुन्छ

## मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- विधार्थीहरुलाई तिनिहरु आँफैले सक्रियतापूर्वक सहभागी भई सिक्ने प्रयोजनको लागि अवसरहरु उपलब्ध रहन्छ (मार्गदर्शन टिप्पणी एक हेर्नुहोला) ।
- शिक्षण वातावरण सुधार गर्न र विद्यार्थीहरु आँफै संलग्न भई सिक्ने कुरामा सहजता प्रदान गर्न सहभागितामूलक पद्धतिको उपयोग गरिन्छ ।
- विद्यार्थीहरुसँगको अभ्यास तथा अन्तरक्रियाका माध्यमबाट शिक्षकहरुले पाठका विषयवस्तुलाई बुझाउन र प्रशिक्षणका क्रममा प्राप्त सीपहरु प्रदर्शन गर्नेछन् ।
- प्रशिक्षणमा सबै विद्यार्थीहरुका आवश्यकताहरु खासगरी विशेष आवश्यकता भएकाहरुको मागलाई अध्ययनका अवरोधहरुलाई हटाई र समावेशीपनलाई बढाई सम्बोधन गरिनेछ (मार्गदर्शन टिप्पणी २ हेर्नुहोला) ।
- आमाबुबा तथा सुमदायका अगुवाहरुले अध्ययनका विषयवस्तुहरु र प्रयोग गरिएको अध्यापन विधिहरु बुझ्छन् र स्वीकार गर्दछन् (मार्गदर्शन टिप्पणी २ हेर्नुहोला) ।

## मार्गदर्शन टिप्पणीहरु

१. **सक्रिय सहभागिता :** अध्यापन अन्तरक्रियात्मक र सहभागितामूलक हुनुपर्नेछ । यसले अध्ययन तथा अध्यापनका विधिहरु विकासात्मक दृष्टिले पनि उपयुक्त रहनुपर्नेछ । यसमा अन्य विधिहरुका अतिरिक्त समूह कार्य, आयोजना कार्य, जोडी शिक्षा, भूमिका निर्वाह, वर्णनहरु, खेलकुद, चलचित्र तथा कथाहरु समावेश हुन सक्तछन् । सक्रिय अध्ययनले शिक्षक तथा विद्यार्थीबीच र विद्यार्थी बिद्यार्थीबीचको आपसी सम्बन्ध विकास गर्न मद्दत पुऱ्याउँछ र मनोसामाजिक उच्च जीवनस्तर सुनिश्चित गर्न पनि मद्दत पुऱ्याउँछ (पहुँच तथा अध्ययनको वातावरणसम्बन्धी मापदण्ड २, मार्गदर्शन टिप्पणी ६, पृष्ठ ४९ हेर्नुहोला)

२. **अध्ययनका व्यवधानहरु** : आपतकालीन परिस्थितिका औपचारिक तथा अनौपचारिक शिक्षाका क्रियाकलाप सम्बन्धमा शिक्षकहरु आमाबुबा, समुदायका सदस्यहरु तथा शैक्षिक नेतृत्वसँग कुराकानी गर्न प्रशिक्षित हुनैपर्दछ, साथसाथै विविधता, समावेशी र बाह्य विस्तारका मुद्दाहरु पनि छलफल गर्नसक्ने हुनुपर्दछ । शैक्षिक नेतृत्व, आमाबुबा तथा समुदायका सदस्यहरुसँग वार्ता उनीहरुको बुझाई र समावेशीकरणको लागि सहयोग प्राप्त गर्न एवं उपयुक्त स्रोत सामाग्रीका लागि आवश्यक छ ।

३. प्रशिक्षणका विधिहरुको छनौट र प्रयोग शिक्षा, अनुभव, तालिम तथा शिक्षकहरुको आवश्यकतासँग तालमेल हुने प्रकृतिको हुनुपर्दछ । शिक्षकहरु परिवर्तित सन्दर्भका परिचित रहनुपर्नेछ, साथसाथै शिक्षकहरुको चेतना तथा व्यवहारमा खोजिएको परिवर्तनप्रति पनि सचेत हुनुपर्दछ । आमाबुबा, समुदाय तथा परम्परागत र धार्मिक नेताहरुको सहभागिता र स्वीकार्यता प्रशिक्षण विधिहरु एवं क्रियाकलापहरुको स्तरवृद्धि गर्नका लागि सहयोगी हुन्छन् जसबाट समुदायको चासोहरु पूर्ति हुन्छन् ।

## अध्ययन तथा अध्यापनसम्बन्धी मापदण्ड ४ : लेखाजोखा

अध्ययनका उपलब्धिहरु मूल्यांकन गर्न र परीक्षण गर्न उपयुक्त विधिहरु उपयोग गरिनेछ ।

### मुख्य सूचकहरू (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- आवधिक रुपमा र उपयुक्त रुपले अध्ययनको परीक्षण गर्न विविधतायुक्त निरन्तर लेखाजोखा र मूल्यांकन पद्धतिहरु स्थापित गर्ने । यी सूचनाहरु उपयोग गर्न कार्यविधिहरु स्थापित गरी प्रशिक्षणको गुणस्तर सुधार गर्ने (मार्गदर्शन टिप्पणी १ हेर्नुहोला)
- विद्यार्थीका उपलब्धिहरुलाई मान्यता दिइएको र अंक वा पाठ समाप्त भएको विवरण पठाइएको सुनिश्चित गर्ने (मार्गदर्शन टिप्पणी २ हेर्नुहोला)
- लेखाजोखा तथा मूल्यांकनका विधिहरु विद्यार्थीहरुका लागि निष्पक्ष, विश्वसनीय र चुनौतिपूर्ण नरहने (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला)

### मार्गदर्शन टिप्पणीहरू

१. प्रभावकारी लेखाजोखा तथा मूल्यांकन पद्धतिहरु एवं प्रयासहरु गरिनेछ जसले देहायका तत्वहरुलाई प्रतिनिधित्व गर्नेछ:
   - सम्वद्धता (जस्तै परीक्षाहरु तथा सहायक परिक्षाहरु शिक्षणका सन्दर्भसँग सम्बन्धित र उपयुक्त रहेको):
   - एकरुपता (जस्तै: मूल्यांकन पद्धतिहरु सबैका लागि परिचित हुनेछ र सबै ठाउँ तथा शिक्षकहरुका लागि समान रुपमा लागू हुनेछन्)
   - अवसर (छुटेका विद्यार्थीहरुका लागि अर्को लेखाजोखाको अवसर उपलब्ध गराइनेछ)
   - समय (शिक्षणको क्रममा र अन्तमा लेखाजोखा गरिनेछ)
   - पटक (जसलाई आपतकालले प्रभाव पार्न सक्तछ)
   - उपयुक्त अवस्था (उपयुक्त अवस्था वा सुविधाहरु औपचारिक लेखाजोखाको समयमा उपलब्ध गराउने र उपयुक्त शिक्षाकर्मीहरुद्वारा गराउने) र
   - सरोकारवालाहरु र पारदर्शिता (मूल्यांकनको परिणामहरु विद्यार्थीहरु र सम्बन्धित बालबालिका तथा तिनीहरुको आमाबुबाहरुका बीच आदानप्रदान गरिनेछ ।

२. **लेखाजोखाको परिणामहरु :** औपचारिक शिक्षाका कार्यक्रमहरुको हकमा मूल्यांकन गर्दा विद्यार्थीहरुको उपलब्धि र परीक्षाका परिणामहरु स्थानीय सरकार र/वा गृह राज्यका शिक्षाका अधिकारीहरुद्वारा मान्यता प्राप्त हुनेछन् । शरणार्थीको सम्वन्धमा स्थानीय अधिकारीबाट वा उत्पत्ति भएका राज्यबाट मान्यता प्राप्त गर्न प्रयास गर्नुपर्नेछ । पाठ्यक्रम सकिएको प्रमाणपत्रको रुपमा अन्य कुराका अतिरिक्त डिप्लोमा, स्नातक प्रमाणपत्रहरु आदि हुनेछन् ।

३. **लेखाजोखाका लागि आचार संहिता :** मूल्यांकन तथा लेखाजोखाहरु विकास गर्दा वा लागू गर्दा आचार संहिताका आधारमा गर्नुपर्नेछ । लेखाजोखा र मूल्यांकनहरु निष्पक्ष तथा विश्वसनीय तवरले सम्पन्न गर्नुपर्नेछ जसले डर र मनोत्रास नबढाएको होस् । विद्यालय वा कुनै कार्यक्रममा राम्रो अंक वा कक्षा वृद्धिमा विद्यार्थीहरु कुनै किसिमले दुर्व्यवहार नहोस् भनेर ध्यान दिनुपर्नेछ ।

# ४ शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरु

## परिचय

**मानवीय सहायताका सबै पक्षहरु कठीन तथा कहिलेकाँही असुरक्षिता अवस्थामा खटिएका कर्मचारी तथा स्वयंसेवकहरुको ज्ञान, सीप तथा प्रतिवद्धतामा निर्भर रहन्छ । तिनिहरुका अगाडि प्रस्तुत गरिएका मागहरु उल्लेखनीय हुनेछन् र यदि तिनीहरुले न्यूनतम मापदण्ड पूरा गर्नुपर्दछ भने तिनीहरु उपयुक्त तवरले प्रशिक्षित, व्यवस्थित र अनुगमन व्यवस्था भएको हुनुपर्दछ तथा आवश्यक उपयुक्त सामाग्री, सहयोग उपलब्ध गराई सो को निरीक्षण पनि आवश्यकता पर्नेछ ।**

आपतकालीन परिस्थितिमा, शिक्षकहरु तथा शिक्षाकर्मीहरुको भर्ना तथा छनौटका प्रक्रियाहरु सहभागितामूलक र पारदर्शी हुनुपर्नेछ र निश्चित मापदण्डमा आधारित हुनैपर्दछ । सम्भव भएसम्म शिक्षाका कर्मचारीहरु प्रभावित समुदाय भित्रैबाट भर्ना गर्नुपर्नेछ। जसले शिक्षाका कार्यक्रमहरुमा साँस्कृतिक परम्परा, रितिरिवाज तथा अनुभवहरु एकीकृत गर्न मद्दत पुऱ्याउँछ जुन प्रभावित समुदायका मूल्य मान्यता, आवश्यकता तथा सकारात्मक अभ्यासहरुलाई आदर गर्ने प्रकृतिको हुन्छ। भर्ना भइसकेपछि शिक्षक तथा शिक्षाकर्मीहरुले समुदायसँग सहकार्य गरी सेवाशर्तहरु निर्धारण गर्न एक आचारसंहिताको विकास गर्नुपर्नेछ । शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरु करार व्यवस्था अन्तर्गत स्पष्ट रुपमा अनिवार्य रुपमा भर्ना गर्नुपर्दछ, जसमा तिनीहरुको सुविधाहरु (तलब वा भत्ता, काम गर्ने दिन र घण्टा, सेवाका शर्तहरु, आदि) र तिनका जिम्मेवारी तथा दायित्वहरु समावेश रहन्छन् । आचारसंहिताले शिक्षक तथा शिक्षाकर्मीहरुको व्यवहारका लागि स्पष्ट रुपमा मापदण्डहरु निर्धारण गर्नुपर्नेछ र त्यसमा कुनै व्यक्तिले मापदण्ड पुरा नगरेमा भोग्नुपर्ने परिणामहरु पनि स्पष्ट उल्लेख गर्नुपर्दछ। शिक्षाका लागि प्रभावित समुदायको सहयोग प्राप्त गर्ने व्यवस्थाले भर्ना प्रक्रिया एवं शिक्षक तथा शिक्षाकर्मीहरुलाई यथावत राखिराख्न र आमाबुबाले तिनको बालबालिकालाई विद्यालय पठाउन इच्छुक हुने दुवैलाई सहयोग गर्दछ।

संकटको क्षेत्रमा, शिक्षा तथा शिक्षाकर्मीहरु समुदायका अन्य व्यक्तिले आफ्नो जीवनको पुनःनिर्माण गर्न भोगेका अनुभवहरुमा समाहित हुनुपर्दछ । औपचारिक तथा अनौपचारिक दुवै शिक्षा कार्यक्रमका कर्मचारीहरुलाई आपतकालीन अवस्थासँग जुध्न र विपद् वा द्वन्द्वको कारणबाट सिर्जित मनोत्रास एवं तनावलाई घटाउन सहयोग आवश्यक पर्दछ । सहायता संयन्त्रले एकअर्कालाई सहयोग गर्नुका साथसाथै विभिन्न औजारहरुद्वारा सुसज्जित बनाउने र विद्यार्थीहरुको जीवनस्तर सुधार गर्न आवश्यक सीप सिकाउनु पर्दछ ।

आपतकालीन अवस्थामा संचालित शिक्षाका कार्यक्रमहरुको सफलताका लागि शिक्षक तथा शिक्षाकर्मीहरुलाई उपयुक्त तालिम प्रदान गर्नु अपरिहार्य छ । तालिमका मापदण्डहरु अध्ययन तथा अध्यापनका खण्डहरुमा उल्लेखित छन् ।

शिक्षक तथा शिक्षाकर्मीहरुलाई अनुगमनको पनि अर्को सहयोगको आवश्यकता पर्दछ । समुदायको तहमा आफ्ना क्षेत्रमा कसरी शिक्षाका कार्यक्रमहरु कसरी अनुगमन गरी सहयोग उपलब्ध गराउने सम्बन्धमा आमाबुवा, गाउँका नेताहरु, सामुदायिक शिक्षा समितिहरु र स्थानीय सरकारी अधिकारीहरुलाई तालिम दिनु आवश्यक हुन्छ । जब प्रभावित समुदायहरु आफ्नो शिक्षाका कार्यक्रमहरु नियन्त्रण गर्न सशक्त हुन्छन्, तिनीहरुले आत्मनिर्भरका साथ आफ्नो समस्याको समाधान आँफै खोज्न सक्तछन् । शिक्षण वातावरणमा शिक्षाकर्मीहरुलाई सहयोग र अनुगमन गर्न सामुदायिक सहभागिताले शिक्षकहरु र समुदायकाबीच उत्पादनशील सम्बन्धको प्रवर्द्धन गर्दछ । विद्यालय व्यवस्थापनको कार्यक्षमता, शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरु प्रभावित समुदायको निरन्तर सहयोगबाट गुणस्तर सुनिश्चित गर्न निरन्तर रुपले अनुगमन, मूल्यांकन गर्नुपर्नेछ । मूल्यांकन र अनुगमन नियन्त्रणको रुपमा मात्र नभई मार्गदर्शनको रुपमा समेत हुनु महत्वपूर्ण हुनेछ । शिक्षकको कार्यसम्पादन तथा अभ्यासहरु सुधार गर्न अनुगमन तथा सहभागितामूलक मूल्यांकन अभिन्न अंग हुनेछ । कर्मचारीको कार्यसम्पादन मापन शिक्षकका लागि जतिसक्दो धेरै सकारात्मक अध्ययनको अनुभव हुनेछ ।

### सबै वर्गका लागि साझा न्यूनतम मापदण्डहरूको सम्बन्ध

शैक्षिक प्रतिकार्य विकास वा कार्यान्वयन गर्ने प्रक्रिया यसको प्रभावकारिताको लागि मुख्य शर्त हो । यो खण्डको उपयोग सबैका लागि साझा न्यूनतम मापदण्डहरुसँग तादात्मयता हुनेगरी गर्नुपर्नेछ, जसले समुदायको सहभागिता, स्थानीय साधनस्रोत, प्रारम्भिक लेखाजोखा, प्रतिकार्य, अनुगमन तथा मूल्यांकनलाई समावेश गरेको छ । खासरुपमा भन्दा विपद् प्रभावित जनताको संकटासन्न समूहहरु सहितको सहभागितालाई बढोत्तरी गरी यसको उपयुक्तता र गुणस्तरलाई सुनिश्चित गर्नै पर्दछ ।

**न्यूनतम मापदण्डहरु :** यिनीहरुको गुणात्मक प्रकृतिको हुनेछन् र शैक्षिक प्रतिकार्यका व्यवस्थाहरुको न्यूनतम उपलब्धिको स्तर निर्धारित हुनेछन् ।

**मुख्य सूचकहरु :** यिनीहरु सूचकहरु हुन् जसले मापदण्डहरु पूरा भए वा नभएको देखाउँदछन् । यिनीहरुले कार्यक्रम र यसमा प्रयोग गरिएका प्रक्रिया वा विधिहरुले पारेका प्रभाव वा परिणामहरुको मापन र संचार गर्ने उपाय देखाउँछ । यी सूचकहरु संख्यात्मक वा गुणात्मक हुन सक्तछन् ।

**मार्गदर्शन :** यसमा विभिन्न अवस्थाहरुमा मापदण्ड र सूचकहरु प्रयोग गर्ने विधि, व्यवहारिक समस्या समाधानार्थ उपायहरु र प्राथमिकता प्राप्त मुद्दाहरुका विषयमा सल्लाह जस्ता ध्यान दिनुपर्ने भन्ने खास बुँदाहरु समावेश रहेका छन् । तिनीहरुमा जटील मापदण्ड वा सूचक सम्बद्ध जटील प्रश्नहरु र द्विविधा, विवादहरु वा वर्तमान ज्ञानका अपूर्ण पक्षहरुको व्याख्या समावेश छ । अनुसूची २ मा छानिएका सन्दर्भ ग्रन्थहरु उल्लेखित छन्, जसमा सामान्य विषयहरु र खास प्राविधिक विषयका सूचनाका स्रोतहरु प्रष्ट्याइएका छन् ।

## अध्ययन तथा अध्यापन

**मापदण्ड १**

**भर्ना तथा छनौट**

विविधता र समता झल्कने गरी सहभागितामूलक र पारदर्शी प्रक्रियाका माध्यमबाट पर्याप्त र योग्य शिक्षकहरु तथा शिक्षाकर्मीहरुको छनौट मापदण्डका आधारमा भर्ना तथा छनौट गर्ने ।

**मापदण्ड २**

**कार्यशर्त**

शिक्षकहरु तथा शिक्षाकर्मीहरुले कार्यशर्तहरु स्पष्ट रुपमा निर्धारित गर्नेछन् र आचार संहिताको परिपालना गरी उपयुक्त पारिश्रमिक पाउनेछन् ।

**मापदण्ड ३**

**सहयोग तथा अनुगमन**

शिक्षक तथा शिक्षाकर्मीहरुका लागि सहयोग तथा अनुगमन संयन्त्रहरु स्थापित हुनेछ र नियमित रुपमा उपयोग गरिनेछ ।

**परिशिष्ट १**
आचारसंहिता

**अनुसूची २ :** सन्दर्भ सामाग्री तथा स्रोत सामाग्री
शिक्षक तथा अन्य शिक्षाकर्मीहरु खण्ड

## शिक्षकहरू तथा अन्य शिक्षाकर्मीहरूसम्बन्धी मापदण्ड १ : भर्ना तथा छनौट

विविधता र समता झल्कने गरी सहभागितामूलक र पारदशी प्रक्रियाका माध्यमबाट पर्याप्त र योग्य शिक्षकहरु तथा शिक्षाकर्मीहरुको छनौट मापदण्डका आधारमा भर्ना तथा छनौट गर्ने ।

### मुख्य सूचकहरू (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- भर्ना प्रक्रियाभन्दा अगाडि नै स्पष्ट र उपयुक्त कार्य विवरणहरु विकास गरिनेछ (मार्गदर्शन टिप्पणी १ हेर्नुहोला)
- भर्ना प्रक्रियामा स्पष्ट निर्देशिकाहरु बनाइनेछ ।
- समुदायको प्रतिनिधित्व सहितको एक छनौट समिति हुनेछ जसले शिक्षकको छनौट उम्मेदवारहरुको दक्षताको पारदर्शी मूल्यांकनमा आधारित रही र लैंगिक, विविधता र समुदायको स्वीकार्यता (मार्गदर्शन टिप्पणी २-५ हेर्नुहोला) ।
- क्षमताभन्दा बढी भार भएका कक्षाकोठालाई सम्बोधन गर्न आवश्यक संख्यामा शिक्षकहरु भर्ना गरी पर्याप्त मात्रामा खटाइनेछ (मार्गदर्शन टिप्पणी ६ हेर्नुहोला) ।

### मार्गदर्शन टिप्पणीहरू

१. कार्य विवरणमा अन्य दक्षताहरुका अतिरिक्त, भूमिका तथा जिम्मेवारीहरु र स्पष्ट प्रतिवेदनको श्रृखंलाका साथसाथै आचारसंहिता पनि उल्लेख गर्नुपर्नेछ ।

२. **अनुभव तथा योग्यताहरु :** आपतकालीन स्थितिमा योग्य शिक्षकहरु मान्यताप्राप्त शैक्षिक योग्यता सहित भर्ना गर्ने उद्देश्य हुनुपर्दछ तर केही अवस्थाहरुमा कुनै अनुभव नभएको वा थोरै अनुभव भएकोलाई विचार गर्नुपर्नेछ । यस्तो अवस्थामा तालिमहरु आवश्यक पर्दछ । यदि योग्य शिक्षकहरुसँग कुनै प्रमाणपत्र वा अन्य कागजपत्र छैन भने अन्य बैकल्पिक माध्यमबाट परीक्षण गर्नु महत्वपूर्ण हुनेछ जस्तै उम्मेदवारको परीक्षा । शिक्षकको लागि न्यनूतम उमेर १८ वर्षको हुनुपर्दछ र युवा शिक्षकहरु भर्ना गर्नु आवश्यक हुन सक्छ । सक्रियतापूर्वक महिला शिक्षकको नियुक्ति गर्न आवश्यक हुन्छ र आवश्यकता र उपयुक्तता अनुरुप भर्ना मापदण्ड वा प्रक्रियाहरुमा लैगिंक अनुपात प्रवर्द्धन गर्न केही समायोजन गर्न सकिन्छ ।

अल्पसंख्यक विधार्थीहरुको मातृभाषा बोल्नसक्ने शिक्षकहरु भर्ना गर्नु आवश्यक हुनेछ जसलाई आफनो भाषामा नपढाई राष्ट्रिय भाषामा पढाइन्छ । सम्भावना र आवश्यकता अनुसार राष्ट्रिय र/वा स्थानीय राष्ट्को भाषामा सघन पाठ्यक्रमहरु प्रदान गर्नुपर्नेछ (अध्ययन तथा अध्यापनसम्बन्धी मापदण्ड १, मार्गदर्शन टिप्पणी ७ हेर्नुहोला) ।

३. **मापदण्डहरु देहायबमोजिम हुन सक्तछन् :**

- **व्यवसायिक योग्यताहरु :** शैक्षिक, शिक्षण तथा मनोसामाजिक अनुभव, अन्य सीप तथा अनुभव, सम्बन्धित भाषाको दक्षता:
- **व्यक्तिगत योग्यताहरु :** उमेर, लैंगिक (भर्नाकर्ताले लैंगिक सन्तुलन सम्भव भएसम्म मिलाउनु पर्दछ), जातीय तथा धार्मिक पृष्ठभूमि, विविधता (समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न):
- **अन्य योग्यताहरु :** समुदायसँगको अन्तरक्रिया र स्वीकारोक्ति, प्रभावित समुदायसँग सम्बन्धित ।

४. **छनौट :** शिक्षक तथा अन्य शिक्षाकर्मीहरु प्राथमिक रुपले प्रभावित जनतामध्येबाटै छनौट गर्नुपर्नेछ, तर यदि आवश्यक भएमा बाहिरबाट पनि छनौट गर्न सकिनेछ । यदि शरणार्थी वा आन्तरिक रुपले विस्थापित जनसंख्याका लागि आश्रयस्थल निर्माण गरिएको छ भने स्थानीय योग्य उम्मेदवारको आवेदन पनि स्वीकार गर्न सकिन्छ, यदि यसले असल सम्बन्धको विकास हुन सक्तछ भने । छनौट कार्य समुदाय, स्थानीय बासिन्दा तथा स्थानीय अधिकारीहरुको परामर्शमा गर्नुपर्नेछ ।

५. **सिफारिसहरु :** संकटको अवस्थामा शिक्षक तथा शिक्षाकर्मीहरुको भर्नागर्दा सिफारिसकर्ताका माध्यमबाट विद्यार्थीहरुमा प्रतिकूल प्रभाव पार्न सक्ने र/वा तिनिहरुको अधिकारप्रति आदरभाव राख्ने नराख्ने जाँच गर्नुपर्नेछ ।

६. स्थानीय स्तरमा यथार्थवादी मापदण्डहरु निर्धारण गर्नुपर्नेछ जसमा कक्षाको अधिकतम आकार र यस मापदण्डको सार विपरित नहुने गरी पर्याप्त शिक्षकहरु भर्ना गर्न पर्याप्त प्रयास गरिने विषयहरु पर्दछन् । अनुगमन प्रतिवेदनमा विद्यालयका विभिन्न तहका अधिक क्षमताका कक्षाहरुको संख्या उल्लेख गर्नुपर्नेछ ।

## शिक्षकहरू तथा अन्य शिक्षाकर्मीहरूसम्बन्धी मापदण्ड २ : कार्यशर्त

शिक्षक तथा शिक्षाकर्मीहरुले कार्यशर्तहरु स्पष्ट रुपमा निर्धारित गर्नेछन् र आचार संहिताको परिपालना गरी उपयुक्त पारिश्रमिक पाउनेछन् ।

### मुख्य सूचकहरू (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- पारिश्रमिक तथा कार्यशर्तहरु नोकरीको संझौतामा उल्लेखित हुनेछन् र पारिश्रमिक नियमित रुपमा र व्यवसायको तह तथा कार्य दक्षताको आधारमा प्रदान गरिनेछ (मागर्दर्शन टिप्पणी १-२ हेर्नुहोला) ।
- अन्तर्राष्ट्रिय साझेदारले शैक्षिक पदाधिकारीहरु, सामुदायिक शिक्षा समितिहरु तथा गै.स.सं.हरुसँग समन्वय गरेर उपयुक्त रणनीतिहरु विकास गर्न र विभिन्न प्रकार र तहका शिक्षक तथा शिक्षाकर्मीहरुका लागि निष्पक्ष तथा स्वीकार्य एवं दीगो पारिश्रमिकको दररेटमा सहमत हुन सक्तछ (मार्गदर्शन टिप्पणी २ हेर्नुहोला) ।

- आचारसंहिता र निर्धारित कार्यशर्तहरु शिक्षाकर्मीहरु र समुदायका सदस्यहरुसहित सहभागितामूलक तवरमा विकास गरिनेछ र स्पष्ट कार्यान्वयन निर्देशिकाहरु पनि उपलब्ध रहनेछ (मार्गदर्शन टिप्पणी १ र ३ हेर्नुहोला) ।
- आचारसंहितामा शिक्षाकर्मीहरुबाट हस्ताक्षर हुनेछ तथा परिपालना गर्नेछन्, र यदि आचारसंहिताको विपरित वा उल्लंघन भएमा हुने सजायहरुसमेत लिपिवद्ध हुनेछन् तथा सो लागू हुनेछ ।

## मार्गदर्शन टिप्पणीहरु

१. कार्यशर्तमा कार्यविवरण, पारिश्रमिक, हाजिरी, काम गर्नुपर्ने दिन वा घण्टा, करारको अवधि, सहयोग तथा अनुगमन संयन्त्रहरु र विवाद समाधानका संयन्त्रहरु निर्धारित हुनुपर्नेछ (माथिको मापदण्ड १, मागर्दर्शन टिप्पणी १ पनि हेर्नुहोला) ।

२. पारिश्रमिक आर्थिक र गैर आर्थिक हुन सक्तछन् र उपयुक्त (सहमति भएबमोजिम) र नियमित रुपमा भुक्तानी गर्नुपर्नेछ । संलग्न भएका साझेदारहरुसँगको समन्वयमार्फत सहभागितामूलक प्रक्रियाबाट पारिश्रमिकको उपयुक्त तह निर्धारण गरिनेछ । यो व्यवसायिकता सुनिश्चित गर्ने र सेवाको निरन्तरता एवं दीगो हुने हदसम्म परिलक्षित हुनुपर्दछ । खासगरी, शिक्षकहरुले आधारभूत आवश्यकता परिपूर्ति गर्न अन्य आयस्रोतको खोजी गर्नु नपर्ने गरी तिनीहरुको व्यवसायिक कार्य सम्पादन गर्न पर्याप्त हुने गरी उपलब्ध गराउनु पर्नेछ । कार्यशर्त तथा आचारसंहिता बमोजिम पारिश्रमिक व्यवस्थापन हुनुपर्नेछ ।

   विभिन्न पृष्ठभूमि (जस्तैः नागरिक वा शरणार्थी) का शिक्षकहरुले विभिन्न तहको तलब पाउने अवस्थामा ध्यान पुर्‍याउनु पर्नेछ । मुख्य क्रियाशील कर्ताहरु दीगो पारिश्रमिक व्यवस्थाको दीघकालीन रणनीति विकास गर्न सलग्न हुनुपर्नेछ । संयुक्त राष्ट्रसंघीय निकायहरु, गै.स.सं.हरु तथा शिक्षाका अधिकारीहरु र अन्य संस्थाहरुकाबीच साझा पारिश्रमिकको दरका लागि समन्वय हुनुपर्नेछ ।

३. आचारसंहितामा शिक्षाकर्मीहरुका व्यवहारको स्तरहरु स्पष्ट रुपमा परिभाषित हुनुपर्दछ र जसले ती स्तरीकृत मापदण्डहरुको परिपालना गर्दैन उसलाई हुने बाध्यकारी परिणामहरु पनि उल्लेखित हुनुपर्दछ । आचारसंहिता शिक्षण वातावरणमा तथा शिक्षाका कार्यक्रमहरु वा क्रियाकलाप वा अन्य साना कार्यक्रममा समेत लागू हुनेछ (परिशिष्ट १, पृष्ठ ७७ नमुना आचारसंहिता हेर्नुहोला) ।

   आचारसंहिताले शिक्षकहरु तथा शिक्षाकर्मीहरुले सकारात्मक शिक्षाको वातावरण तथा विधार्थीहरुको जीवनस्तर प्रवर्द्धन गर्न गर्ने कुरा सुनिश्चित गर्नेछ । आचारसंहितामा शिक्षाकर्मीले गर्ने अन्य कुराका अतिरिक्त देहाय व्यवस्था गर्नुपर्नेछः

   - उच्च स्तरको आचरणद्धारा व्यवसायिक व्यवहारको प्रदर्शन, आत्मनियन्त्रण र नैतिक व्यवहारः
   - सबै विधार्थीहरु सहभागी हुनका लागि स्वीकार्य वातावरणको श्रृजना गर्नेः
   - सुरक्षित र स्वस्थ वातावरण कायम राख्ने, दुर्व्यवहार (यौनजन्य दुर्व्यवहार सहित), जशर्जस्तिपना,

हिंसा तथा दुर्व्यवहार र विभेद मुक्त:

- नियमित उपस्थिति र समयको परिपालना:
- काम गर्दा व्यवसायिकता र दक्षता प्रदर्शन: र
- समुदाय तथा शिक्षाका साझेदारहरुद्वारा अपेक्षा गरिएका अन्य उपयुक्त व्यवहारहरु प्रदर्शन गर्ने ।

४. आचारसंहिता कार्यान्वयन निर्देशिका: शिक्षण वातावरणमा संलग्न रहेको शैक्षिक तथा गैरशैक्षिक सम्पूर्ण व्यक्तिहरुका लागि आचारसंहिताका विषयमा तालिम दिनुपर्नेछ । सामुदायिक शिक्षा समितिका सदस्यहरुलाई तालिम तथा सहयोग उपलब्ध गराउनुपर्नेछ र शिक्षा अनुगमनकर्ताहरु तथा व्यवस्थापकहरुलाई आचारसंहिताको कार्यान्वयन तथा अनुगमनको निमित्त तिनीहरुको भूमिका तथा जिम्मेवारीहरुका विषयमा समेत जानकारी गराउनु पर्नेछ । विद्यालय तथा अनौपचारिक शिक्षा कार्यक्रमको कार्ययोजनामा आचारसंहिताका मुख्य व्यवस्थाहरु पहिचान गरी उल्लेख गर्न सहयोग पुऱ्याउनुपर्नेछ । अनुगमन संयन्त्रले पारदर्शी प्रतिवेदन तथा अनुगमन कार्यविधिहरु स्थापित गर्नुपर्नेछ जसले संलग्न साझेदारहरुको गोपनियताको संरक्षण गर्दछ (तलको मापदण्ड ३ पनि हेर्नुहोला)

## शिक्षकहरू तथा अन्य शिक्षाकर्मीहरूसम्बन्धी मापदण्ड ३ : सहयोग तथा निरीक्षण

शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुका लागि निरीक्षण तथा सहयोग संयन्त्रहरु स्थापित भएको र निरन्तर रुपमा उपयोग गरिनेछन् ।

**मुख्य सूचकहरू (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)**

- निरीक्षण संयन्त्रले शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुलाई नियमित लेखाजोखा, अनुगमन तथा सहयोग उपलब्ध गराउँदछ (मार्गदर्शन टिप्पणीहरु १-२ हेर्नुहोला) ।
- कर्मचारीको कार्यक्षमता लेखाजोखाहरु गरी लिखित रुपमा राखी र सम्बन्धित व्यक्ति (हरु) सँग नियमित रुपमा छलफल गर्नुपर्दछ (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला) ।
- उपयुक्त र पहुँचयोग्य मनोसामाजिक सहयोग र परामर्शहरु शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुका लागि आवश्यकतानुसार उपलब्ध गराउनु पर्दछ (मार्गदर्शन टिप्पणी ४ हेर्नुहोला) ।

## मार्गदर्शन टिप्पणीहरू

१. **निरीक्षण संयन्त्रहरु** : हरेक राज्य वा प्रभावित क्षेत्रले शिक्षक तथा शिक्षाकर्मीहरुका लागि मापदण्डहरु निर्धारण गर्नुपर्नेछ र निरीक्षण तथा सहयोग संयन्त्रको विकास एवं कार्यान्वयन गर्नुपर्नेछ । यस्तो संयन्त्रमा समुदाय (परम्परागत र धार्मिक नेताहरु सहित) का, सामुदायिक विद्यालयका संगठनहरु जस्तै अभिभावक शिक्षक संघहरु, स्थानीय अधिकारीहरु, प्रधानाध्यापकहरु वा शिक्षक संगठनहरुका प्रतिनिधिहरु समावेश हुन सक्तछन् । निरीक्षण संयन्त्र सामुदायिक शिक्षा समितिसँग निकटरुपमा आवद्ध हुनुपर्नेछ । यस समितिले शिक्षाकर्मीहरुको कार्यशर्तमा आचारसंहिता, व्यवसायिकतामा केन्द्रित रहने, कार्य दक्षता तथा उपयुक्त व्यवहारको अनुगमन गर्ने कुरा समावेश गर्नुपर्नेछ (समुदायको सहभागितासम्बन्धी मापदण्ड १ पृष्ठ... पनि हेर्नुहोला) ।

२. **तालिम** : शिक्षाका कर्मचारीहरुको तालिमसम्बन्धी सूचनाका लागि अध्ययन तथा अध्यापनसम्बन्धी मापदण्ड २ पृष्ठ... हेर्नुहोला ।

३. कर्मचारीका क्षमताको लेखाजोखा कार्यमा गर्दा शिक्षक तथा शिक्षाकर्मीहरुको प्रभावकारिता तथा दक्षताको लेखाजोखा समावेश हुनुपर्दछ र शिक्षकहरु, प्रधानाध्यापक वा अन्य सम्बद्ध व्यक्तिहरुसँगबाट सल्लाह लिने अवसरहरु उपलब्ध गराउनुपर्नेछ जसबाट संयुक्त रुपमा सहमत भएबमोजिम चुनौतिहरुको पहिचान तथा आगामी क्रियाकलापहरु विकास गर्नुपर्दछ। उपयुक्त भएमा शिक्षाकर्मीहरुको उत्प्रेरित बनाउने प्रयोजनको लागि लेखाजोखाहरुलाई मान्यता दिनुपर्नेछ र उपलब्धिको लागि एक समारोह पनि गर्नुपर्नेछ । अनुगमन तथा सहभागितात्मक मूल्यांकनले शिक्षकहरुलाई उत्प्रेरित पार्न सक्ने र तिनीहरुको दक्षता वृद्धि गर्न सक्तछ ।

४. **संकटमा सहयोग** : तालिम लिएका तथा अनुभवि शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरु पनि कुनै घटनाबाट आफूलाई सन्त्रासमा परेका ठान्न सक्छन् वा नयाँ चुनौतिहरु तथा जिम्मेवारीका साथसाथै विद्यार्थीहरुको सम्मुख पर्दा वा तिनको सामना गर्न सक्ने र कार्य गर्नसक्ने क्षमताहरु समेत उनीहरुलाई उपलब्ध गराइएको सहयोगमा निर्भर गर्दछ । शिक्षकहरु तथा अन्य शिक्षाकर्मीहरुलाई संकटको अवस्थाहरुसँग सामना गर्नको लागि समुदायभित्र नै एक सहयोग संयन्त्र स्थापित गर्नुपर्नेछ ।

# अध्ययन तथा अध्यापन : परिशिष्ट

## परिशिष्ट १ : शिक्षकको आचार संहिता

**सबै समयमा शिक्षकले :**

- व्यवसायको मर्यादा र आदर कायम हुने गरी काम गर्नेछ,
- विद्यार्थीले गोप्य रुपमा भनेको कुनै पनि विषयलाई गोपनियताका साथ संरक्षण गर्दछ,
- विद्यार्थीको शिक्षालाई हस्तक्षेप हुने कुनै पनि अवस्थाहरुबाट र विद्यार्थीको स्वास्थ्य र सुरक्षामा हानि हुने कुराहरुबाट समेत संरक्षण प्रदान गर्दछ,
- उसको पदबाट कुनैपनि प्रकारबाट हुने फाईदाहरु लिने छैन
- कुनै पनि विद्यार्थीप्रति यौनजन्य दुर्व्यवहार गर्ने छैन वा कुनै पनि तरिकाबाट विद्यार्थीसँग यौनजन्य सम्बन्ध राख्ने छैन
- एउटा असल र इमान्दार आदर्श व्यक्तित्व स्थापित गर्दछ ।

**कक्षा कोठाभित्र शिक्षकले :**

- सकारात्मक र सुरक्षित शिक्षणको वातावरण प्रवर्द्धन गर्दछ
- विद्यार्थीको अधिकार र मर्यादालाई आदर गरी पढाउँदछ
- विद्यार्थीको आत्मसम्मान, विश्वास र आत्ममूल्यलाई प्रवर्द्धन गर्दछ
- विद्यार्थीको उच्च अभिलाषालाई अभिवृद्धि गर्दछ र प्रत्येक विद्यार्थीको क्षमतामा पुग्न मद्दत गर्दछ
- विद्यार्थीहरुलाई सक्रिय, जिम्मेवार र प्रभावकारी सिक्ने व्यक्तिको रुपमा विकास गर्न प्रोत्साहन गर्दछ
- विश्वासको वातावरण श्रृजना गर्दछ ।

**व्यवसायिक जीवनमा शिक्षक :**

- शैक्षिक विधिहरुका सम्बन्धमा तथा उसको वा उनीको आफ्नो विषयमा आधारभूत दक्षताहरु प्रदर्शन गर्दछ ।
- बालबालिकाले कसरी सिक्छन् भनी उसले वा उनीले बुझाउने क्षमता प्रदर्शन गर्दछ ।
- सँधै समयमै कक्षाकोठामा आउने र पढाउन तम्तयार रहन्छ ।
- उसको र उनको पढाउने गुणस्तरमा प्रतिकूल हुने क्रियाकलापमा संलग्न हुँदैन ।
- सबै व्यवसायिक विकासका अवसरहरुबाट लाभ उठाउँदछ र आधुनिक तथा स्वीकार्य शिक्षण विधिहरुको प्रयोग गर्दछ ।
- असल नागरिक, शान्ति तथा सामाजिक दायित्वका सिद्धान्तहरुका विषयमा सिकाउँछ ।
- इमान्दारीपूर्वक प्रत्येक विधार्थीको कार्यक्षमता र परीक्षाको परिणाम उपलब्ध गराउँछ ।

**समुदायको सन्दर्भमा शिक्षकले :**

- आफ्ना बालबालिकाको अध्ययनका लागि आमाबुबाको सहयोग तथा सहभागितालाई बढाउँछ
- विद्यालयमा परिवार तथा समुदायको संलग्नताको महत्वलाई मान्यता प्रदान गर्दछ
- विद्यालयको सकारात्मक छविलाई प्रवर्द्धन र सहयोग गर्दछ

यहाँ उल्लेखित व्यवस्थाका अतिरिक्त समग्र वातावरण (आश्रयस्थल आदि) को अन्य सबै नीति तथा नियमहरुबाट समेत शिक्षक निर्दिष्ट हुनुपर्ने अपेक्षा गरिएको छ ।

**स्रोत :** यो आचारसंहिता यूएनएचसीआर इरिट्रीयामा प्रयोग गरिएको एक नमुना हो, जुन विद्यालयले आफ्नै लागि बनाएका थिए ।

# ५ शिक्षा नीति तथा समन्वय

## परिचय

अन्तर्राष्ट्रिय घोषणाहरु तथा उपकरणहरुले सबै व्यक्तिहरुको शिक्षाको अधिकारलाई घोषणा गरेकाछन् जसले मानव अधिकारको प्रवर्द्धन गर्न आधार तयार पारेको छ । स्वतन्त्रतापूर्वक विचारको अधिकार, समानताको अधिकार र निर्णय प्रक्रियामा स्वर पुऱ्याउने अधिकारहरु सामाजिक तथा शैक्षिक नीतिहरुका अभिन्न अंगाको रुपमा रहेका छन् ।

आपतकालीन स्थितिमा यस्ता अधिकारहरु संरक्षण गर्नु अत्यावश्यक हुनछ । आपतकालीन प्रतिकार्यको एक भागको रुपमा शिक्षाका अधिकारीहरु र मुख्य सरोकारवालाहरुले एक शिक्षा नीति विकास गर्नुपर्नेछ जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक नीतिहरु अनुरुप शिक्षाको अधिकारलाई सुनिश्चित गर्दछ र प्रभावित जनताको अध्ययनको आवश्यकताप्रति जिम्मेवार रहन्छ । यस खाका शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र विद्यालयको पहुँचका लागि लक्षित रहेको छ र स्पष्ट रुपमा आपतकालीन प्रतिकार्यको चरणबाट विकासमा संक्रमण हुने तथ्यलाई स्पष्ट पारेको छ । कुनैपनि आपतकालीन प्रतिकार्यको सफलताको लागि समुदायको योजना तर्जुमा, कार्यक्रम, नीतिहरुको कार्यान्वयनमा संलग्नता महत्वपूर्ण हुन्छ ।

आपतकालीन परिस्थितिमा, धेरैजसो समन्वयको अभाव रहन्छ, जस्तै विभिन्न सरोकारवालाहरुले एकलै शिक्षाका कार्यक्रमहरुका संचालन गर्दछन् । अन्तर निकाय समन्वयको संयन्त्रहरु बस्ती तथा समुदायहरुमा, जिल्ला,

राष्ट्रिय तथा क्षेत्रीय तहमा हुन आवश्यक छ र तिनीहरु समावेशी तथा पारदर्शी हुनैपर्दछ । त्यस्तो संयन्त्रहरु आवश्यकता लेखाजोखा गर्न, स्तरीय विधिहरुको विकास गर्न र सबै क्रियाशील सरोकारावालाहरुकाबीच सूचना तथा स्रोतहरुको आदानप्रदान गर्न अत्यावश्यक छ । शिक्षालाई व्यापक मानवीय प्रतिकार्यका खाद्यान्न, आश्रयस्थल, स्वास्थ्य, पानी तथा सरसफाईका हस्तक्षेपहरुसँग समन्वयात्मक रुपमा लैजान जरुरी रहेको छ । असल अभ्यासहरुमा आधारित शैक्षिक प्रतिकार्यहरु आपतकालीन परिस्थितिको विशिष्ट सन्दर्भ हेरेर समुदायको आवश्यकताहरुलाई परिलक्षित गर्नुपर्नेछ । बाँच्ने सीपहरु जस्तैः बारुदी विष्फोटक पदार्थ, सरसफाई, एचआईभी एड्स सचेतना अभियानका कार्यक्रमहरु सबै उमेर समूहलाई प्रदान गर्नुपर्नेछ ।

## सबै वर्गका लागि साझा न्यूनतम मापदण्डहरुको सम्बन्ध

शैक्षिक प्रतिकार्य विकास वा कार्यान्वयन गर्ने प्रक्रिया यसको प्रभावकारिताको लागि मुख्य शर्त हो । यो खण्डको उपयोग सबैका लागि साझा वर्गका न्यूनतम मापदण्डहरुसँग तादात्मयता हुनेगरी गर्नुपर्नेछ, जसले समुदायको सहभागिता, स्थानीय साधनस्रोत, प्रारम्भिक लेखाजोखा, प्रतिकार्य, अनुगमन तथा मूल्यांकनलाई समावेश गरेको छ । खासरुपमा भन्दा विपद्मा प्रभावित जनताको संकटासन्न समूहहरु सहितको सहभागितालाई बढोत्तरी गरी यसको उपयुक्तता र गुणस्तरलाई सुनिश्चित गर्नै पर्दछ ।

**न्यूनतम मापदण्डहरु :** यिनीहरुको गुणात्मक प्रकृतिको हुनेछन् र शैक्षिक प्रतिकार्यका व्यवस्थाहरुको न्यूनतम उपलब्धिको स्तर निर्धारित हुनेछन् ।

**मुख्य सूचकहरु :** यिनीहरु सूचकहरु हुन जसले मापदण्डहरु पूरा भए वा नभएको देखाउँदछन् । यिनीहरुले कार्यक्रम र यसमा प्रयोग गरिएका प्रक्रिया वा विधिहरुले पारेका प्रभाव वा परिणामहरुको मापन र संचार गर्ने उपाय देखाउँछ । यी सूचकहरु संख्यात्मक वा गुणात्मक हुन सक्तछन् ।

**मार्गदर्शन :** यसमा विभिन्न अवस्थाहरुमा मापदण्ड र सुचकहरु प्रयोग गर्ने विधि, व्यवहारिक समस्या समाधानार्थ उपायहरु र प्राथमिकता प्राप्त मुद्दाहरुका विषयमा सल्लाह जस्ता ध्यान दिनुपर्ने भन्ने खास बुँदाहरु समावेश रहेका छन् । तिनीहरुमा जटील मापदण्ड वा सूचक सम्बद्ध जटील प्रश्नहरु र द्विविधा, विवादहरु वा वर्तमान ज्ञानका अपूर्ण पक्षहरुको व्याख्या समावेश छ । अनुसूची २ मा छानिएका सन्दर्भ ग्रन्थहरु उल्लेखित छन्, जसमा सामान्य विषयहरु र खास प्राविधिक विषयका सूचनाका स्रोतहरु प्रष्ट्याइएका छन् ।

## शिक्षा नीति तथा समन्वय

### मापदण्ड १

**नीति तर्जूमा र जारी गर्ने**

आपतकालीन सन्दर्भमा समावेशी र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न शिक्षाका अधिकारीहरुले सबैका लागि विद्यालयमा खुलापहुँच दिन प्राथमिकीकरण र लचिलो नीतिहरु बनाउनेछन् ।

### मापदण्ड २

**योजना तथा कार्यान्वयन**

आपतकालीन शिक्षा क्रियाकलापहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा नीतिहरु, मापदण्डहरु तथा प्रभावित समुदायको अध्ययनको आवश्यकतालाई ध्यान दिनेछ ।

### मापदण्ड ३

**समन्वय**

आपतकालीन शिक्षाका कार्यक्रमहरुमा पारदर्शी समन्वय संयन्त्र हुनुका साथसाथै साझेदारहरुका बीच प्रभावकारी सूचना आदान प्रदान हुनेछ ।

**अनुसूची २ :** सन्दर्भ सामाग्री तथा स्रोत सामाग्री
शिक्षा नीति तथा समन्वय खण्ड

# शिक्षा नीति तथा समन्वयसम्बन्धी मापदण्ड १ : नीति तर्जूमा र लागू

आपतकालीन सन्दर्भमा समावेशी र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न शिक्षाका अधिकारीहरुले सबैका लागि विद्यालयमा खुला पहुँच दिन प्राथमिकीकरण र लचिलो नीतिहरु बनाउनेछन् ।

## मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- आपतकालीन अवस्था र तत्पश्चातको दुवै अवस्थामा शिक्षा कानूनहरु तथा नीतिहरुले अन्तर्राष्ट्रिय मानव अधिकारका लिखतहरु तथा घोषणापत्रहरु बमोजिम शिक्षाको अधिकारलाई आत्मसात गर्दछन् (मार्गदर्शन टिप्पणीहरु १-२ हेर्नुहोला) ।
- कानून, नियम तथा नीतिहरुले संकटासन्न तथा सीमान्तिकृत समूहसँग सम्बन्धित भेदभाव विरुद्ध संरक्षण प्रदान गर्नछ (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला) ।
- कानून, नियम तथा नीतिहरुमा विद्यार्थीहरुको सीमित स्रोत वा परिवारको कारणले शिक्षाबाट बञ्चित गरेको अस्वीकार गर्ने प्रावधानहरु समावेश रहन्छन् (मार्गदर्शन टिप्पणी ४ हेर्नुहोला) ।
- कानून, नियम तथा नीतिहरुले शरणार्थीहरुलाई उनीहरुको गृह राज्य वा राष्ट्रिय पाठ्यक्रम प्रयोग गर्नबाट रोक्नु हुँदैन ।
- कानून, नियम तथा नीतिहरुले आपतकालीन अवस्थामा शिक्षाका सेवाहरु स्थापना गर्न आश्यकता अनुसार गैर सरकारी सरोकारबालाहरुलाई अनुमति दिनेछ तर शिक्षा अधिकारीहरुको मार्गदर्शन र निरीक्षण हुने गरी ।
- कानून, नियम तथा नीतिहरु सबैले बुझ्ने तरिकाबाट सबै सरोकारवालाहरुलाई उपलब्ध गराइनेछ ।
- नीतिहरुले शैक्षिक पहुँच र उपलब्धिको विश्लेषण तथा परिवर्तनतिर पदार्पण गर्न एक उपकरणको रुपमा शिक्षा व्यवस्थापन सूचना प्रणाली (ईएमआईएस) को विकास र प्रयोगलाई प्रवर्द्धन गर्दछ (मार्गदर्शन टिप्पणी ५ हेर्नुहोला) ।
- राष्ट्रिय शिक्षा नीतिहरुले कानूनी तथा बजेटका आधारहरुबाट समर्थित हुनेछन् जसले आपतकालीन परिस्थितिमा द्रुत प्रतिकार्य गर्न अनुमति दिन्छ (मार्गदर्शन टिप्पणी ६ हेर्नुहोला) ।

## मार्गदर्शन टिप्पणीहरु

- मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखत तथा घोषणाहरुको सहायता लिनुपर्नेछ जसमा अन्य लिखतका अतिरिक्त देहायका लिखतहरु पर्दछन्: संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धी (सन् १९८९), मानव अधिकारको विश्वव्यापि घोषणापत्र (सन् १९४८) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि (सन् १९६६), महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (सन् १९७९), र विश्व शिक्षा फोरमको डकार कार्यसंरचना (सन् २०००) ।

लिखतहरु तथा कानूनी आधारहरुमा जनताको स्याहार र बालबालिका तथा युवाहरुको स्वास्थ्य, पोषण, मनोरन्जन, सँस्कृति, दुर्व्यवहारको रोकथाम तथा ६ वर्षमुनिका बालबालिकाका लागि प्रारम्भिक शिक्षा र अन्यका विषयमा अन्तर्राष्ट्रिय नियमहरु समेत समाहित रहेका छन् । (पहुँच तथा अध्ययनको वातावरणसम्बन्धी मापदण्ड १, मार्गदर्शन टिप्पणी २, पृष्ठ ४५ मा पनि हेर्नुहोला) ।

- शरणार्थी, विस्थापित तथा स्थानीय बासिन्दाः सबै समूहहरुलाई समान रुपमा शिक्षाको पहुँच पुगोस भनि वकालत गर्न सबै सम्बद्ध सरोकारवालाहरुसँग सहकार्य गर्नुपर्नेछ । यसमा शरणार्थीहरुको अवस्थासम्बन्धी सन् १९५१ को महासन्धि को धारा २२ (सार्वजनिक शिक्षा) पर्दछ, जसले गरेको घोषणाअनुसार शरणार्थीहरुलाई नागरिक सरहको आधारभूत शिक्षा माथिको अधिकार प्राप्त छ र उच्च तहमा पनि पढ्नको लागि पहुँच हुनुपर्नेछ, प्रमाणपत्रहरुः स्नातकोत्तर, डिग्री, तथा प्रमाणपत्रहरुको मान्यता, शुल्कहरुको फिर्ता र छात्रवृत्तिमाथिको पहुँच जस्ता पक्षहरुमा विदेशी नागरिकलाई प्राप्त सरहको सुविधाभन्दा कम हुनुहुँदैन । यदि विशेष संरक्षण प्रदान गर्न धान्न नसकिएमा आन्तरिक रुपमा विस्थापितहरुका लागि भने सोही प्रकृतिको अधिकारहरुको व्यवस्था गर्नुपर्नेछ । संस्थाहरुले त्यसैगरी स्वदेशी विद्यार्थीहरुको शैक्षिक अधिकारहरुको लागि शरणार्थी प्राप्त गर्ने मुलुक वा अन्य क्षेत्र र युद्धबाट प्रभावित देशमा समेत वकालत गर्नेछन् ।

- सीमान्तिकृत समूहहरु समाज वा समुदाय भित्रका त्यस्ता समूहहरु हुन जसको हकहीतहरु समाजको मूल व्यवस्थाले प्रतिनिधित्व गरेको हुँदैन् । सीमान्तिकृत समूहहरु सामाजिक आर्थिक वा साँस्कृतिक विशेषताका आधारमा पहिचान हुन्छन् जस्तै व्यक्तिको आयस्रोत वा सम्पत्ति, जात वा जातीयता, लिंग, भौगोलिक क्षेत्र, धर्म, नागरिकताको हैसियत, आन्तरिक रुपमा विस्थापित वा शारीरिक वा मानसिक अवस्था । शरणार्थीको हैसियत माग गर्ने बालबालिकाले शिक्षाको अधिकार उपयोग गर्न पाउनु पर्दछ, जुन बाल अधिकारसम्बन्धी महासन्धिबमोजिम राज्यको भुभागभित्र उपस्थित रहेका सबै बालबालिका तथा १८ वर्षमुनिका वयस्कहरुका लागि लागू हुन्छ (पहुँच तथा अध्ययनको वातावरणसम्बन्धी मापदण्ड १, मार्गदर्शन टिप्पणी १, पृष्ठ ४४ पनि हेर्नुहोला)

- शिक्षाको लागि रकमः कुनैपनि विधार्थीलाई शिक्षाका कार्यक्रमहरुबाट वञ्चित गर्नु हुँदैन जसले कुनै कारणले हाजिर भएबापतको रकम तिर्न नसकोस वा मासिक शुल्क वा सम्बद्ध अन्य शुल्क, वा शिक्षा सामाग्रीहरु वा पोशाकहरु खरिदका लागि पैसा नभएर होस । विद्यालयको अप्रत्यक्ष लगानीहरु जस्तै यातायात र अन्य आयस्रोत जस्ता पक्षहरु घटाउन सबै प्रयासहरु गर्नुपर्नेछ जसले गर्दा सबै बालबालिका, युवा तथा प्रौढहरु सहभागि हुन सक्षम होऊन् ।

- शिक्षा व्यवस्थापन सूचना प्रणाली (Education Management Information System - EMIS) ईएमआइएस तथ्यांकहरुलाई खास प्रकृतिको आपतकालसँग उन्मुख रहेका सम्बन्धित क्षेत्र वा समुदायका समूहरुसँगको सूचनासँग आवद्ध गर्नुपर्नेछ । यो एक पूर्वतयारी रणनीति हो जसले राष्ट्रिय तथा स्थानीय शिक्षा योजनामा सहयोग पुऱ्याउनेछ । जहाँ सम्भव छ त्यहाँ शैक्षिक तथ्यांकहरु

समुदायले संकलन गर्नेछन् र राष्ट्रिय ईएमआईस प्रणालीमा उपलब्ध गराउनेछन् । सहयोग गर्ने संस्थाहरुले समुदायलाई विद्यार्थीको भर्ना, निरन्तरता र पढाई पुरा गर्ने दर कसरी बढाउन सकिन्छ भनी पहिचान गर्ने उपायहरुका लागि मद्दत गर्नेछन् (विश्लेषण मापदण्ड १ र ३ पृष्ठ.........र ........ पनि हेर्नुहोला) ।

आपतकालीन ढाँचाहरु: शिक्षालाई राष्ट्रिय विपद् पूर्वतयारीको योजनामा समावेश गर्नुपर्नेछ र प्रभावकारी र समयमै शैक्षिक प्रतिकार्यका लागि स्रोतहरु सुरक्षित गर्नुपर्नेछ । राष्ट्रिय तथा स्थानीय शिक्षा विकास कार्यक्रममा सहयोग पुर्याईरहेका अन्तर्राष्ट्रिय सहयोगीहरुले यस्ता कार्यक्रमहरुको एक अंगको रुपमा आपतकालीन शैक्षिक प्रतिकार्यको पूर्वतयारीको प्रवर्द्धन गर्नुपर्नेछ

## शिक्षा नीति तथा समन्वयसम्बन्धी मापदण्ड २ : योजना तथा कार्यान्वयन

आपतकालीन शिक्षा क्रियाकलापहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा नीतिहरु, मापदण्डहरु तथा प्रभावित समुदायको अध्ययनको आवश्यकतालाई ध्यान दिनेछ ।

### मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरु तथा नीतिहरु राहत तथा विकास संस्थाहरुका शिक्षाको कार्यक्रमहरुमा प्रतिविम्वित भएको हुनपर्दछ (मार्गदर्शन टिप्पणी १ हेर्नुहोला) ।
- शिक्षा क्षेत्रको दीर्घकालीन विकासमा एकीकृत हुनेगरी आपतकालीन शिक्षाका कार्यक्रमहरुको योजना बनाइने र कार्यान्वयन गर्नुपर्दछ ।
- शिक्षाका अधिकारीहरु तथा अन्य मुख्य सरोकारवालाहरुले वर्तमान तथा भविष्यको आपतकालीन अवस्थालाई लक्षित गरी राष्ट्रिय तथा स्थानीय शिक्षाको योजना बनाउँछन् र तिनको नियमित परिमार्जन हुने प्रणाली पनि स्थापित गर्नुपर्दछ (मार्गदर्शन टिप्पणी २ हेर्नुहोला)
- आपतकालीन अवस्था र तत्पश्चात सबै सरोकारवालाहरु शैक्षिक प्रतिकार्यको योजना अनुरुप कार्यान्वयन गर्न संयुक्तरुपमा क्रियाशील हुन्छन् जुन अद्यावधिक गरिएको आवश्यकताको लेखाजोखासँग आवद्ध रहेको हुन्छ र विगतमा शिक्षाका अनुभवहरु, नीतिहरु तथ प्रभावित समुदाय(हरु)को अभ्यासहरुसँग जोडिएको हुन्छ ।
- प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका लागि शैक्षिक प्रतिकार्यहरुमा आर्थिक, प्राविधिक, मानवीय स्रोतहरु निर्दिष्ट गरिका हुन्छन् । सरोकारवालाहरुले आवश्यक साधनस्रोतहरु उपलब्ध गराउने कुराको सुनिश्चिता गर्दछन् (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला)
- शैक्षिक क्रियाकलापको योजना तथा कार्यान्वयन पक्ष आपतकालीन प्रतिकार्यका अन्य क्षेत्रसँग एकीकृतरुपमा संचालित हुनेछन् (मार्गदर्शन टिप्पणी ४ हेर्नुहोला) ।

## मार्गदर्शन टिप्पणीहरू

१. **शैक्षिक अधिकार तथा लक्ष्यहरुको प्राप्ति:** शिक्षाका कार्यक्रमहरुले अन्तर्राष्ट्रिय ढाँचाका आधारमा समावेशी शैक्षिक क्रियाकलापहरु बनाउनुपर्नेछ जस्तै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, (सन् १९४८) बाल अधिकारसम्बन्धी महासन्धि (सन् १९८९) विश्व शिक्षा फोरमको डकार कार्यसंरचना (सन् २०००) र सहस्राब्दि विकास लक्ष्यहरु (सन् २०००), यसका अतिरिक्त सम्बद्ध शिक्षाका अधिकारीहरुले लागू गरेका नीति तथा निर्देशनहरु पनि हेर्नुपर्नेछ ।

२. **राष्ट्रिय शिक्षा योजनाले** वर्तमान तथा भविष्यको आपतकालीन अवस्थामा चालिने कार्यक्रमहरु, सरोकारवालाहरु, कर्ताहरु, निर्णय प्रक्रिया तथा समन्वयसम्बन्धी कदमहरु उल्लेख गरेको हुनुपर्दछ, साथसाथै सुरक्षा तथा संरक्षणका पक्षहरु एवं अन्तर क्षेत्रगत समन्वयका संयन्त्रहरु पनि । योजनाहरु उपयुक्त शिक्षा नीति एवं ढाँचाहरुबाट समर्थित हुनुपर्नेछ । संभावित प्राकृतिक विपद्हरु (जस्तै बाढी, भूकम्प, आँधिबेरी) सँग सम्बन्धित विषयमा शिक्षा क्षेत्रको लागि भैपरी योजना तयार भएको हुनुपर्दछ, र जहाँ संभावना छ त्यहाँ संभावित शरणार्थी वा फर्कनेहरुको ओहोरदोहोरको कारणले स्थानीय वा राष्ट्रिय शिक्षा प्रणालीमा प्रभाव पार्न सक्तछन् (समुदायको सहभागितसम्बन्धी मापदण्ड १, मार्गदर्शन टिप्पणी ५, पृष्ठ १३ र मापदण्ड ३ पनि हेर्नुहोला) ।

३. **साधनस्रोतहरु :** सबै अधिकारीहरु, दाताहरु, गै.स.सं.हरु तथा अन्य साझेदारहरु पर्याप्त आपतकालीन अवस्थामा शिक्षाका कार्यक्रमका लागि आर्थिक स्रोत सुनिश्चित गर्न संयुक्त रुपमा काम गर्नेछन् जुन अध्ययन, मनोरन्जन, तथा सम्बन्धित क्रियाकलापहरु तयार गरी मनोसामाजिक आवश्यकताहरु पूर्ति गर्न केन्द्रीत हुनेछ । जब आपतकालीन स्थिति स्थिर हुन्छ, शिक्षाका कार्यक्रमहरुका अवसरहरुमा विस्तार भई पूर्व बाल्यवस्था विकास, औपचारिक प्राथमिक तथा माध्यमिक शिक्षा, प्रौढ साक्षरता, व्यवसायिक कार्यक्रम र अन्य कार्यक्रमहरु संचालन हुन सक्तछन् । स्रोत विनियोजन गर्दा भौतिक पक्षको विस्तार (जस्तै अतिरिक्त कक्षाकोठाहरु, पाठ्यपुस्तकहरु तथा अध्ययन तथा अध्यापनका सामाग्रीहरु) तथा गुणस्तरीय पक्षहरु (जस्तै शिक्षा तथा तालिम कार्यक्रमहरु) ।

४. **स्फेयर न्यूनतम मापदण्डहरु :** शिक्षाका कार्ययोजना र यसको कार्यान्वयन गर्न विशेष प्रयासहरुलाई स्फेयरको न्यूनतम मापदण्डका देहायका क्षेत्रहरुमा आवद्ध गर्नुपर्नेछ:

- पानी, सरसफाई तथा स्वास्थ्य प्रवर्द्धन
- खाद्य सुरक्षा, पोषण तथा खाद्य सहायता
- आश्रयस्थल, बसोबास तथा गैरखाद्य सामाग्री र
- स्वास्थ्य सेवा (स्फेयर मापदण्डको अनुसूची एमएसईईको सिडिरोममा हेर्नुहोला)

## शिक्षा नीति तथा समन्वयसम्बन्धी मापदण्ड ३ : समन्वय

आपतकालीन शिक्षाका कार्यक्रमहरुमा पारदर्शी समन्वय संयन्त्र हुनुका साथसाथै सरोकारवालाहरुकाबीच प्रभावकारी सूचना आदान प्रदान हुनेछ ।

### मुख्य सूचकहरु (मार्गदर्शन टिप्पणीसँग समन्वय गरेर अध्ययन गर्नुपर्ने)

- शिक्षाका अधिकारीहरुले आपतकालीन शैक्षिक क्रियाकलापहरुका लागि योजना तथा समन्वयात्मक कार्यमा मूख्य भूमिका निर्वाह गर्न अन्तरनिकाय समन्वय समिति स्थापित गरी वर्तमान तथा भविष्यको आपतकालीन प्रतिकार्य प्रभावकारी बनाउनेछन् (मागदर्शन नोट १ हेर्नुहोला)
- शिक्षाका अधिकारी उपस्थित नभएको वा समन्वय गर्न सक्षम नभएको अवस्थामा अन्तरनिकाय समन्वय समितिले शिक्षाका क्रियाकलाप तथा कार्यक्रमहरुका लागि मार्गदर्शन तथा समन्वय गर्नेछ (मार्गदर्शन टिप्पणी १ हेर्नुहोला)
- अधिकारीहरु, दाताहरु तथा अन्य संस्थाहरुले आर्थिक संरचना स्थापित गर्छन जुन शिक्षाका साझेदारहरुका बीचका क्रियाकलापमा सहयोग र समन्वयात्मक रुपमा रहनेछ (मार्गदर्शन टिप्पणी २ हेर्नुहोला) ।
- साझा घोषणा सहितको समन्वयले लक्षित गरेको कुराहरुमा सूचकहरु तथा अनुगमनका कार्यविधिहरु स्थापित रहेको, सबै शिक्षाका सरोकारबालाहरु साझा ढाँचा अनुसार काम गर्न प्रतिवद्ध रहेको र मुख्य सूचना तथा तथ्यांकहरु सार्वजनिक रुपमा उपलब्ध गराउने पर्दछन् (मार्गदर्शन टिप्पणी ३ हेर्नुहोला) ।
- प्रभावित समुदायहरु अधिकारसम्पन्न रहेको र आँफैलाई प्रत्यक्ष प्रभाव पार्ने निर्णय प्रक्रियामा सहभागी हुन सक्षम छन् विशेष गरी नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा ।
- सूचनाहरुको विभिन्न क्षेत्रहरुकाबीच र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारहरुका बीच आदान प्रदान गर्न एक पारदर्शी र सक्रिय संयन्त्र स्थापित हुन्छ (मार्गदर्शन टिप्पणी ४ हेर्नुहोला)

### मार्गदर्शन टिप्पणीहरु

- **अन्तरनिकाय समन्वय समिति:** व्यापक क्षेत्रका सरोकारबालाहरुलाई संलग्न गराउन प्रतिनिधिहरु समावेश गराउनु पर्नेछ र संभावना अनुसार शिक्षा अधिकारीको नेतृत्वमा रहनुपर्नेछ । समन्वय समितिहरु आपतकालीन स्थितिको प्रकृति अनुसार स्थानीय, जिल्ला, क्षेत्रीय वा राष्ट्रिय तहमा आवश्यक पर्न सक्तछन् । जहाँ शिक्षाका अधिकारीहरुमा कम क्षमता वा वैधता नभएमा विभिन्न संस्थाहरुको सहमतिमा नेतृत्व छान्न सकिन्छ तर सदस्यको रुपमा स्थानीय अधिकारीको समितिमा प्रतिनिधित्व हुनैपर्दछ। जव परिस्थितिले अनुमति दिन्छ, तव समन्वय जिम्मेवारी उपयुक्त अधिकारीहरुमा सार्नुपर्नेछ ।
- **आर्थिक स्रोत:** आपतकालीन अवस्थाका लागि शिक्षाका कार्यक्रमहरु सफलतापूर्वक र समयमै सम्पन्न गर्न पर्याप्त आर्थिक स्रोत आवश्यक पर्दछ । पारदर्शी र समन्वयात्मक प्रक्रियाका

आधारमा आर्थिक स्रोत सुनिश्चित गर्न हरसंभव प्रयासहरु गर्नुपर्नेछ, विशेष गरी शिक्षकहरुको तलव भुक्तानी अपर्याप्त र अकार्यात्मक नहोस् । आपतकालीन आर्थिक व्यवस्थाले स्थानीय श्रम बजारको अवस्था र परम्पराहरुलाई विचार गर्नुपर्नेछ र दीगो नहुने खालका नजीरहरुलाई हटाउनु पर्नेछ ।

- **मुख्य समन्वयका चुनौतिहरु** पहिचान गर्नुपर्नेछ र भविष्यको शिक्षाको लागि दीगो तथा समन्वयात्मक सेवाहरु प्रदान गर्ने लागत प्रभावकारी प्रक्रियाहरु अपनाउन त्यस्ता समस्याहरुलाई आपतकालीन चरणको प्रारम्भिक अवस्थामै सम्बोधन गर्नुपर्नेछ । चुनौतिहरुमा जस्तै शिक्षकको तालिम, प्रमाणपत्र तथा भुक्तानी, पाठ्यक्रम तथा यसका विषयवस्तु (पाठ्यपुस्तक तथा अध्ययन तथा अध्यापनका सामाग्रीहरु) र विद्यालय तथा परीक्षाको संरचना तथा मान्यताहरु पर्दछन् ।
- **संयुक्त नीति विकास तथा तालिम गोष्ठीहरु:** शिक्षाका अधिकारीहरु तथा बाह्य सहायताकर्मीहरुले संयुक्त रुपमा विकास गरी राम्रो संचार, सहकार्यको अभिवृद्धि तथा साझा दृष्टिकोणका लागि प्रतिबद्धता र समग्र शिक्षा प्रणालीको विकास समेत सुनिश्चित गर्नेछन् ।

# अनुसूचीहरु

## अनुसूची १ : शब्दावली

- **पहुँच:** औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रममा भर्ना हुन, सहभागी हुन र पुरा गर्न अप्रतिबन्धित अवसर नै पहुँच हो । 'अप्रतिवन्धित अवसर' भन्नाले व्यवहारिक, आर्थिक, शारीरिक, संरचनागत, संस्थागत, सामाजिक साँस्कृतिक वा सुरक्षासम्बन्धी बाधाहरु नहुनु हो जसले बालबालिका, युवा तथा प्रौढहरुलाई सहभागी हुन र/वा शिक्षा पुरा गर्न अवरोध पुर्‍याउँछ ।
- **आधारभूत शिक्षा:** आधारभूत शिक्षा भनेको जीवनपर्यन्त अध्ययन तथा मानव विकासका लागि आधारशीला हो र यस भित्र दुवै औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरु पर्दछन् । प्रत्येक व्यक्ति - बालक, युवा तथा प्रौढ - ले तिनीहरुको आधारभूत अध्ययनका आवश्यकताहरु पुरा गर्न तयार पारिएका शिक्षाका अवसर हरुबाट लाभान्वित हुनुपर्नेछ । यस्ता आवश्यकताहरुमा मानवका लागि दुवै अत्यावश्क अध्ययनका उपकरणहरु (जस्तै: साक्षरता, मौखिक अभिव्यक्ति, गणित तथा समस्या समाधान) तथा आधारभूत अध्ययनका विषयवस्तु (जस्तै: ज्ञान, सीपहरु, मूल्य तथा प्रवृत्तिहरु) पर्दछन् । जसले बाँच्न, जीवनका लागि पूर्ण क्षमताहरु विकास गर्न, निर्णयका बारेमा सुसूचित रहन तथा निरन्तर अध्ययनका लागि समेत सक्षम बनाउँछ । आधारभूत अध्ययनको आवश्यकताहरु, तिनीहरु कसरी कुनै राष्ट्रहरु तथा संस्कृतिहरु अनुरुप संचालन गर्ने जस्ता विषयहरु समायान्तरमा परिवर्तन भइरहन्छन् ।[१]
- **लडाकु समुहसँग सम्बद्ध बालबालिका:** आपतकाल तथा संकटहरुको समयमा बालबालिकाहरु धेरैजसो लडाकु समूहहरुसँग सम्बद्ध हुन्छन् - दुवै राज्य पक्ष तथा गैरराज्य पक्षसँग, चाहे तिनीहरु अपहरण, भर्ना, जबर्जस्ति भर्ना वा स्वेच्छिक कार्यद्वारा सम्बन्धित रहन्छन् । यी बालबालिकाहरुले सँधै हातहतियार लिँदैनन् तर भरिया, सुराकी, भान्से वा गम्भिर यौन शोषणको रुपमा पीडित भने हुनसक्तछन् । यस्ता सबै बालिबालिकाहरुले लडाकु समूहहरुमा कामगर्दाको अनुभवहरु वा शिक्षाको अवसरबाट बञ्चित हुँदाको भावनाहरु व्यक्त गर्दछन् । अपरिचालन वा पुन:एकीकरणको प्रक्रियाहरुमा त्यस्ता बालबालिकाहरुको विशिष्ट शैक्षिक आवश्यकताहरुप्रति विशेष ध्यान दिनु अनिवार्य हुनेछ जसमा औपचारिक तथा अनौपचारिक शिक्षा, द्रुत अध्ययन, जीवन सीपहरु तथा व्यवसायिक शिक्षा पर्दछन् । खास ध्यान बालिकाहरु जो निरन्तर रुपले ध्यान नदिइएका वा पुन:स्थापनाका कार्यक्रमहरुबाट हटाइएका हुनसक्तछन् प्रति दिनु आवश्यक हुनेछ ।
- **सामुदायिक शिक्षा समिति:** समुदायको शैक्षिक आवश्यकताहरु पहिचान र तिनलाई सम्बोध गर्न स्थापित भएको एक समिति हो जसमा अभिभावकहरु र/वा अभिभाविक शिक्षक संघहरु, स्थानीय निकायहरु, नागरिक समाजका संस्थाहरु, सामुदायिक संगठनहरु तथा युवा एवं महिलाका समूहहरुका साथसाथै उपयुक्ततानुसार शिक्षकहरु तथा विद्यार्थीहरु समेतको प्रतिनिधित्व रहन्छ । यसको उपसमितिहरु पनि हुन सक्तछ जसका सदस्यहरु यसको संरचना अनुरुप प्रतिनिधित्व हुनेछन् । केही अवस्थाहरुमा सामुदायिक शिक्षा समितिहरु एउटा शिक्षाको कार्यक्रमका लागि जिम्मेवार हुन सक्तछन् भने अन्यमा खास क्षेत्रका केही शिक्षाका कार्यक्रमका लागि जिम्मेवार हुन सक्तछन् ।

[१] विश्व शिक्षा फोरम (२६-२८ अप्रिल २०००) । शिक्षाको डकार कार्यसंरचना: सबैका लागि शिक्षा (सन् २०१५ भित्र) ।

- **समुदायको सहभागिताः** समुदायको सहभागिताले दुवै प्रक्रियाहरु र क्रियाकलापहरु जनाउँदछ जसले प्रभावित जनताको आवाजलाई सुनाउने, तिनिहरुलाई निर्णय निर्माण प्रक्रियाहरुको अंगको रुपमा सशक्त बनाउने र शैक्षिक मुद्दाहरुमा प्रत्यक्ष कार्य गर्न सक्ने गरी सबल बनाउनेछ । समुदायको सक्रिय सहभागिताले समुदायको विशिष्ट शैक्षिक मुद्धाहरु तथा रणनीतिहरुलाई प्रभावकारी रुपले सम्बोधन गर्न सहजीकरण गर्दछ । अतिरिक्त रुपमा, समुदायको सहभागिताले समुदायभित्रको स्थानीय स्रोतसाधनहरु पहिचान र परिचालन गर्ने रणनीतिको रुपमा सेवा गर्नुका साथसाथै सहमति निर्माण गरी शैक्षिक कार्यक्रमहरुमा सहयोग गर्दछ । समुदायको सहभागितामा यथार्थ र दिगो सशक्तिकरण एवं क्षमता विकास समावेश गर्नै पर्दछ र पहिले नै कार्यस्तरमा चालू रहेका कार्यका लागि प्रयासहरु गर्नै पर्दछ ।
- **जटील आपतकालः** एउटा अवस्था जहाँ मानिसहरुको जीवन, समृद्धि र मर्यादाका पाटाहरु विभिन्न संकटपूर्ण तत्वहरुद्वारा खतरामा परेका हुन्छन्, जस्तैः प्राकृतिक तथा मानव-सिर्जित विपद्हरु, गृहयुद्ध वा सशस्त्र द्वन्द्व ।
- **पाठ्यक्रमः** एउटा कार्ययोजना हो जसले विद्यार्थीहरुको ज्ञान तथा सीपहरुको आधार फराकिलो बनाउन मद्दत गर्दछ । न्यूनतम मापदण्डहरुको उद्देश्यहरुको लागि 'पाठयक्रम' एउटा छाता शब्दको रुपमा प्रयोग गरिएको छ जुन औपचारिक तथा अनौपचारिक कार्यक्रमहरुमा लागू हुन्छ । यसमा अध्ययनका उद्देश्यहरु, अध्ययनका विषयवस्तु, अध्यापन विधि तथा प्रक्रियाहरु, शिक्षण सामाग्रीहरु एवं लेखाजोखाको विधिहरु समावेश रहन्छन् । दुवै औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरु पाठ्यक्रमबाट निर्देशित रहन्छन् जसले विद्यार्थीहरुको ज्ञान तथा अनुभव बढाउँदछ र तत्कालीन वातावरणसँग सम्बद्ध रहन्छ । न्यूनतम मापदण्डहरुका लागि देहायका परिभाषाहरु प्रयोग गरिएका छन्:
  - **अध्ययनका उद्देश्यहरुः** ज्ञान, सीपहरु, मुल्यहरु तथा प्रवृत्तिहरु पहिचान गर्ने जुन शिक्षाका क्रियाकलापहरुका माध्यमबाट विकास गरिन्छ ।
  - **अध्ययनका विषयवस्तु** भन्नाले अध्ययन गर्नुपर्ने वा सिक्नु पर्ने सामाग्री (ज्ञान, सीपहरु, मूल्यहरु तथा प्रवृत्तिहरु) हो ।
  - **अध्यापन विधिले** अध्ययनका विषयवस्तु उपयोग गर्ने वा प्रस्तुत गर्ने प्रक्रियालाई जनाउँदछ ।
  - **शिक्षण सामाग्री**ले किताबहरु, पोष्टरहरु तथा अन्य अध्ययन तथा अध्यापनका सामाग्रीहरुलाई जनाउँदछ ।
- **विपद् :** विपद् एउटा प्रकोपजन्य घटना हो जसको परिणामहरु मृत्यु, व्यापक रुपमा मानवीय पीडा र तनाव र ठूलो मात्रामा संरचनात्मक क्षति हुन्छन् ।[२]
- **शैक्षिक क्रियाकलापहरुः** शैक्षिक क्रियाकलापहरु औपचारिक तथा अनौपचारिक अध्ययन कार्यक्रमहरु हुन जसको लक्ष्य देख्नसकिने अध्ययनका परिणामहरु प्रस्तुत गर्नु हो । साथै बालबालिका तथा युवाका लागि निरन्तर अध्ययनको व्यवस्था वा प्रौढहरुका लागि उपयुक्त अध्ययनको अवसरहरु उपलब्ध गराउनु पनि लक्ष्य हो ।

- **औपचारिक शिक्षा कार्यक्रमहरुः** औपचारिक शिक्षा कार्यक्रम भन्नाले निश्चित तहको शैक्षिक उपाधिको लागि विकास गरिएको एक निर्धारित कार्ययोजना हो जसबाट मान्यताप्राप्त प्रमाणपत्र समेत जारी हुन्छ । यसले सामान्यतया शिक्षा मन्त्रालयद्वारा विकास गरिएको राज्य वा राष्ट्रिय शिक्षाका कार्यक्रमहरुलाई जनाउँछ, जुन राष्ट्रिय पाठयक्रम वा स्वीकृत पाठयक्रमका माध्यमबाट राज्यको संस्थागत प्रणाली वा दर्तावाल निजी विद्यालयहरुमा संचालन हुन्छ र राष्ट्रिय प्रशिक्षक प्रशिक्षण संस्थाहरु (वा राज्यद्वारा मान्यता प्राप्त निजी संस्थाहरु) मा तालिम

